प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# प्रथम प्रतिवेदन

## २०७९

सार्वजनिक लेखा समिति सचिवालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
फोन नं. : ०९१-५२१७३०
E-mail : publicac2076@gmail.com

## प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# प्रथम प्रतिवेदन

# २०७९

सार्वजनिक लेखा समिति सचिवालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
फोन नं. : ०९१-५२१७३०
E-mail : publicac2076@gmail.com

## सार्वजनिक लेखा समितिका पदाधिकारीज्यूहरु :



सभापति

मा. कुमारी नन्दा वम



सदस्य

मा. बल बहादुर सोडारी



सदस्य

मा. पठान सिंह बोहरा



सदस्य

मा. अर्चना गहतराज



सदस्य

मा. चुन कुमारी देवी चौधरी



सदस्य

मा. बलदेव रेग्मी



सदस्य

मा. देवकी मल्ल (थापा)



सदस्य

मा. रतन बहादुर थापा

# मन्तव्य

**माननीय सभामुखज्यू,**

नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाको प्रथम अधिवेशनको सातौं बैठकबाट सार्वजनिक लेखा समितिको गठन भएको हो । यस समितिको पहिलो प्रतिवेदन, २०७९ सुदुरपश्चिम प्रदेश सभाको आजको वैठकमा प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवको अनुभूति गरेको छु । मलाई यो जिम्मेवारी सम्हाल्ने कामको नेतृत्व प्रदान गर्नु भएकोमा माननीय सभामुखज्यू, समितिका माननीय सदस्यहरु, नेपाली कांग्रेस संसदीय दलका नेता तथा सबै प्रदेश सभा सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**माननीय सभामुखज्यू,**

सुदूरपश्चिम प्रदेश सभा सार्वजनिक लेखा समितिको कार्यक्षेत्र सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४८ बमोजिम प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र बेरुजु फछ्यौट सम्बन्धी रहेको कुरा सम्मानित सभालाई विदितै छ । सोही व्यवस्था अनुसार प्रदेश सरकारलाई संसद प्रति उत्तरदायी र जवाफदेही बनाउनु, विभिन्न निर्देशनहरु मार्फत सरकारका गतिविधिहरुमा आर्थिक सुशासन कायम गर्नु, प्रदेश सरकारका कामकारबाहीहरुको निगरानी र मुल्यांकन गरी आवश्यक निर्देशनहरु मार्फत आर्थिक अनियमितता न्यूनीकरण गराउनु समितिको मुख्य कार्य रहेको छ साथै समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय तथा निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन, आय वितरण, सम्पत्ति र खर्चको स्थिति तथा कार्यान्वयनको मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्रहरु यस समितिमा निहीत छन् ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि सम्बन्धित निकायका पदाधिकारीहरुको सहभागितामा छलफल गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा नियमितता, औचित्यता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारिता कायम गरी बेरुजु न्यूनीकरण गराउने कार्यमा समिति रहेको छ । यस प्रतिवेदनमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ सम्बन्धि समितिले गरेको निर्णयहरु साथै हालसम्मको समितिका सम्पूर्ण कार्यहरु समेटिएका छन् ।

**माननीय सभामुखज्यू,**

सार्वजनिक लेखा समितिको कार्यक्षेत्र निकै जटिल र चुनौतीपूर्ण छ । यस सन्दर्भमा समितिले प्रदेश सरकार तथा प्रदेश सरकार अन्तरगतका सार्वजनिक निकाय तथा संस्थामा देखिएका अनियमितता, वेरुजु, सार्वजनिक साधन र श्रोतको हिनामिना, चुहावट तथा भ्रष्टाचारजन्य काम कारबाहीहरुलाई न्यूनीकरण गर्न

प्रभावकारी भूमिका चाल्नु पर्ने स्थिति छ । यिनै समस्या तथा चुनौतीहरुलाई हृदयंगम गर्दै समितिले आवश्यक कार्ययोजना बनाई आफ्ना काम कारबाहीहरुलाई अगाडी वढाउने काम शुरु गर्यो ।

**माननीय सभामुखज्यू,**

सार्वजनिक लेखा समितिको गठन पश्चात विभिन्न कारणहरुले गर्दा लामो समयदेखि महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ माथि छलफल हुन नसक्दा प्रदेशको बेरुजुको आकार प्रति वर्ष बढ्दै गएका कारणले यस समितिले बेरुजु फछ्यौट गराउने कार्यका लागि विभिन्न मन्त्रालय तथा निकायहरुको कार्यजिम्मेवारी तोकी दुई वटा बेरुजु फछ्यौंट उपसमिति गठन गरेको थियो । उपसमिति गठन भए पश्चात उपसमितिका संयोजक तथा केही सदस्यज्यूहरु मन्त्रिमण्डलमा सामेल हुनु भएको कारणले गर्दा उपसमितिको बेरुजु माथि छलफल कार्यमा केही ढिलाई भएको थियो । समितिले उक्त कार्यका लागि समितिका अरु सदस्यहरुलाई कार्यजिम्मेवारी तोकी बेरुजु फछ्यौट उपसमितिहरुले आफ्नो प्रतिवेदन समितिमा पेश गरिसके पछि समितिले विस्तृत रुपमा मन्त्रालयगत बेरुजु सम्बन्धी छलफल तथा निर्णय गरी आवश्यक निर्देशन दिएको छ ।

यस अवधिमा समितिले कैलाली र कंचनपुर जिल्लामा सामुदायिक सिचाइ परियोजना अन्तरगत संचालित विभिन्न योजनाहरुको अवलोकन गरी समितिमा प्रतिवेदन पेश गर्न उपसमिति गठन गरेको थियो । त्यस्तै सामाजिक विकास मन्त्रालयबाट एम्बुलेन्स खरिद सम्बन्धमा छानविन गर्न समेत उपसमिति गठन गरेको थियो । समितिमा विभिन्न समयमा परेका उजुरीहरु माथि छानविन गरी मन्त्रालयहरुलाई आवश्यक निर्देशन दिने काम गरेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आर्थिक वर्ष २०७७/०७८ मा Supply and Delivery of Vaccination Cool Box and Vaccination materials को खरिद सम्बन्धमा समितिमा परेको उजुरी माथि छानविन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा थप छानविन गरी आवश्यक कारबाहीका लागि पठाएको छ । त्यस्तै समितिले प्रदेश सरकारबाट संचालित विभिन्न योजनाहरुको स्थलगत अनुगमन गर्ने साथै प्रदेश सरकारबाट विभिन्न कार्यका लागि वितरित अनुदान रकमको सदुपयोग भए नभएको सम्बन्धमा समेत स्थलगत अवलोकन गरी आवश्यक निर्देशन दिने गरेको छ । प्रदेश अन्तरगतका विभिन्न जिल्लाहरुमा गई वार्षिक बजेट बमोजिम कार्यक्रमहरुको कार्यान्वयनको अवस्था, कार्यान्वयन हुन नसकेको भए के कति कारणले कार्यान्वयन गर्न सकिएन तथा कार्यालयको कार्यसम्पादनका क्रममा आइपर्ने समस्या लगायतका विषयमा कार्यालय प्रमुखहरुसँग छलफल तथा अन्तरक्रिया गरी आवश्यक निर्देशनहरु दिने गरेको छ ।

त्यस्तै समितिले प्रदेश सरकार अन्तरगतका विभिन्न मन्त्रालयका सचिवहरुलाई आमन्त्रण गरी मन्त्रालयगत आम्दानी र खर्चको विवरण तथा बजेटको कार्यान्यवनको अवस्थाका बारेमा जानकारी लिने काम गर्यो । साथै प्रत्येक मन्त्रालय तथा संस्थामा देखिएका अनियमितता र भ्रष्टाचार सम्बन्धी घटनाहरुलाई

निरुत्साहित गर्ने उद्देश्यले सो सम्बन्धी विवरण र कागजात झिकाई अध्ययन र छलफल गर्ने काम पनि गरेको व्यहोरा सम्मानित सदनलाई अवगत गराउन चाहन्छु ।

**माननीय सभामुखज्यू,**

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ मा औंल्याइएको व्यहोरा मध्ये प्रदेश सरकारको नीति बमोजिम कार्य गरी सोको कार्यान्वयनको प्रतिवेदन तयार गर्न, प्रदेश अन्तरगतका विभिन्न निकायहरुले खरिद कार्य गर्दा सोझै खरिद नगरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्न, कतिपय निकायहरुले अनुदान वितरण गरेको तर सो को खर्चको सुनिश्चितता हुने आधार तथा प्रमाण र अनुगमन प्रतिवेदन समेत पेश नगरेको देखिएकोले उक्त प्रमाण संलग्न गर्न, धेरै निकायहरुले आर्थिक वर्षको अन्तमा सामाग्री खरिद गरी मौज्दात राख्ने गरिएकोमा सो को नियन्त्रणका लागि समेत आवश्यक निर्देशनहरु दिइएको छ साथै प्रदेश सरकारले सम्पादन गर्ने कार्यमा प्रभावकारिता ल्याउन आवश्यक पर्ने नीति तथा कानूनहरुको समेत समयमै तर्जुमा गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिएको छ ।

यसै गरी कतिपय निकायहरुले बजेट सीमा भन्दा बढी खर्च गरेको, बजेट तथा कार्यक्रमहरु सन्तोषजनक रुपमा कार्यान्वयन हुने नगरेको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा गर्न बाँकी रहेको, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको खर्चको अनुगमन एवं मुल्यांकन गरी विवरण तयार नगरेको र लेखापरीक्षण प्रतिवेदन समेत पेश नगरेको, वर्षान्तमा खर्च गर्ने प्रवृत्ति, बजेटको रकमान्तर लगायतका विषयमा आवश्यक निर्देशन दिनुका साथै अनियमित तथा असुल गर्नु पर्ने बेरुजुहरु फछ्यौट गरी सम्परीक्षण गर्न सबै निकायहरुलाई निर्देशन दिइएको सम्मानित सभालाई जानकारी गराउन चाहान्छु ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गरी अभिभावकीय भूमिका निभाउनु हुने माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । साथै समितिमा प्रत्येक वैठकहरुमा सक्रियतापूर्वक सहभागि भई समितिका गतिविधिहरुलाई प्रभावकारी रुपमा संचालन गर्न भूमिका निर्वाह गर्नुहुने समितिका माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तथा अन्य विषयमा छलफलको क्रममा समितिमा उपस्थित भई समितिको निर्देशन कार्यान्वयनमा सहयोग पुर्याउनु हुने मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, प्रमुखसचिवज्यू, सचिवज्यूहरु तथा अन्य पदाधिकारी तथा कर्मचारीज्यूहरुमा म हार्दिक आभार व्यक्त गर्दछु । समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने प्रदेश सभा सचिवज्यू, सचिवालयका कर्मचारीहरु, छानविनको क्रममा समितिले गरेको निर्णयहरुलाई नागरिक माझ सार्वजनिक गर्न सहयोग पुऱ्याउनु हुने पत्रकारज्यूहरु लगायतलाई म समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु । समितिका प्रत्येक क्रियाकलापमा साथ रही सहयोग गर्ने तथा प्रतिवेदनलाई यो रुपमा तयार गर्ने समिति सचिवज्यू लगायत समिति सचिवालयका कर्मचारीहरुलाई म विशेष धन्यवाद दिन चाहान्छु ।

**माननीय सभामुखज्यू,**

माननीय सभामुख महोदयको अनुमतिले अब म सार्वजनिक लेखा समितिको पहिलो प्रतिवेदन, २०७९ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु ।

धन्यवाद ।

मिति : २०७९ भाद्र १६ गते

..................................

मा. कुमारी नन्दा वम

सभापति

सार्वजनिक लेखा समिति

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | परिच्छेद-१<br>प्रारम्भिक | |
| १.१ | सार्वजनिक लेखा समितिको परिचय | १ |
| १.२ | सार्वजनिक लेखा समितिको गठन | २ |
| १.३ | सार्वजनिक लेखा समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार | ३ |
| १.४ | सार्वजनिक लेखा समितिको सचिवालय | ३-४ |
| | परिच्छेद-२<br>समितिका निर्णयहरु, निर्देशनहरु तथा माननीयहरुको कार्यगत तथा उपस्थिति विवरण | |
| २.१ | समितिको वैठकका निर्णय तथा निर्देशनहरु | ५-४१ |
| २.२ | सार्वजनिक लेखा समितिको गठन मिति २०७५/०४/०१ देखि मिति २०७९/०५/१४ गतेसम्म समिति तथा उपसमितिमा रही कार्य सम्पन्न गर्नु भएका तथा कार्य गरिरहनु भएका माननीयहरुको कार्यगत विवरण | ४२-४४ |
| २.३ | मासिक रुपमा भए गरेका समिति वैठकका विवरणहरु | ४५-४६ |
| | परिच्छेद-३<br>महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा<br>भएका कामकारबाहीहरुको विवरण | ४७ |
| | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४८-४९ |
| | आर्थिक मामिला मन्त्रालय | ५०-५४ |
| | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५५-६० |
| | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६१-६२ |
| | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६३-६७ |
| | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६७-७० |
| | सामाजिक विकास मन्त्रालय | ७१-७३ |
| | प्रदेश सभा सचिवालय | ७४ |
| | परिच्छेद-४<br>विभिन्न समयमा गठन भएका उपसमितिका प्रतिवेदनहरु | |
| ४.१ | सामुदायिक सिचाइ परियोजना र सामाजिक विकास मन्त्रालयको एम्बुलेन्स खरिद सम्बन्धी अध्ययन प्रतिवेदनहरु | ७५-९३ |
| | अनुसूचीहरु | ९४-९५ |

# परिच्छेद-एक
# प्रारम्भिक

## १.१ सार्वजनिक लेखा समितिको परिचय :

सार्वजनिक लेखा समिति प्रदेश सभाको एक महत्वपूर्ण समिति हो । यसले सरकारका आर्थिक गतिविधिहरुको निगरानी गरी आर्थिक सुशासन कायम गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सरकारको नीति निर्माण तहदेखि तिनको कार्यान्वयनको चरण र कार्यसम्पन्न भए पश्चात खर्चको यथार्थ अवस्थाको निगरानी गरी सार्वजनिक काम कारबाहीमा पार्दर्शिता, मितव्ययीता, जवाफदेहिता, औचित्यता र प्रभावकारिता कायम गराउने गर्दछ । सरकारका गतिविधिहरुको प्रत्यक्ष निगरानी गरी अख्तियारको दुरुपयोग हुन नदिई त्यसलाई नियन्त्रण गर्न आवश्यक निर्देशन दिने हुँदा यस समितिको सभापतिमा प्रतिपक्ष दलबाट चयन गर्ने प्रचलन रहँदै आएको छ ।

सार्वजनिक लेखा समितिको इतिहास हेर्ने हो भने यसको गठन बेलायतको संसदबाट सन् १८६१ मा भएको पाइन्छ । उक्त समिति गैरराजनीतिक रुपमा काम गर्ने अपेक्षाका साथ राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययीतापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने उद्देश्यका साथ भएको थियो । नेपालमा सार्वजनिक लेखा समितिको शुरुवात वि.सं. २०१६ साल देखि नै भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक लेखा समितिलाई संवैधानिक व्यवस्था गरेको थियो भने हाल प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान रहेको छ । सोही प्रावधान बमोजिम सुदूरपश्चिम प्रदेश सभाको प्रथम अधिवेशनको सातौं बैठकबाट सार्वजनिक लेखा समितिको गठन भएको हो ।

प्रदेश सभाका अन्य विषयगत समितिहरु मध्ये सार्वजनिक लेखा समिति महत्वपूर्ण समिति भएकाले यस्ले प्रदेशमा वित्तीय सुशासन कायम गर्न, सार्वजनिक पदाधिकारीहरुलाई उत्तरदायी बनाउने, जवाफदेहिता प्रबर्द्धन गर्ने तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि अध्ययन तथा छलफल गरी बेरुजुलाई नियमित गराउने, असुल उपर गराउने, प्रमाणकागजात पेश नगरेको अवस्थामा प्रमाण पेश गर्न लगाउने तथा छानविन गर्नुपर्ने किसिमको बेरुजु माथि छानविन गरी कारबाहीका लागि सिफारिस गर्ने कार्य गर्दछ । सार्वजनिक लेखा समितिको गठन भए पश्चात पहिलो बैठक मिति २०७५ साल श्रावण १ गते बसेको थियो । सर्वप्रथम समितिमा मनोनयन भएका माननीय सदस्यज्यूहरुमध्ये ज्येष्ठ सदस्य माननीय बल बहादुर सोडारीज्यूको सभापतित्वमा प्रथम बैठक सम्पन्न भएको र उहाँको सभापतित्वमा १२ वटा बैठक संचालन भएका थिए । मिति २०७५ साल असोज २२ गते प्रदेश सभाका विषयगत समितिहरुको निर्वाचन आव्हान भए बमोजिम समितिको सभापतिमा माननीय कुमारी नन्दा वम निर्विरोध निर्वाचित हुनु भएको थियो ।

## १.२ समितिको गठन :

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १५० बमोजिम सार्वजनिक लेखा समितिको गठन भएको छ । सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा अन्तरगत गठन हुने समितिमा बढीमा ११ जना सदस्य मनोनयन गर्ने नियमावलीमा व्यवस्था छ ।

समितिमा सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस-आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्था रहेको छ भने कुनै सदस्य एकै साथ एकभन्दा बढी विषयगत समितिको सदस्य हुन नसक्ने प्रावधान रहेको छ । उक्त व्यवस्था बमोजिम सर्वप्रथम समितिको गठन गर्दा सभापति सहित जम्मा ११ जना सदस्यहरु मनोनयन गरिएको थियो । विभिन्न समयमा समितिका सदस्यज्यूहरु मन्त्रिपरिषदमा सहभागि हुने क्रमसँगै हाल सभापति सहित जम्मा ८ जना सदस्यज्यूहरु समितिमा रहनु भएको छ ।

**सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यज्यूहरुको नामावली :**

| क्र.सं. | नाम, थर | जिल्ला | सम्बद्ध राजनीतिक दल |
|---|---|---|---|
| १ | माननीय कुमारी नन्दा वम | दार्चुला | नेपाली कांग्रेस |
| २ | माननीय बल बहादुर सोडारी | अछाम | नेकपा एकिकृत समाजवादी |
| ३ | माननीय पठान सिंह बोहरा | डडेल्धुरा | नेकपा एमाले |
| ४ | माननीय अर्चना गहतराज | डोटी | नेकपा एमाले |
| ५ | माननीय चुन कुमारी देवी चौधरी | कैलाली | नेकपा एकिकृत समाजवादी |
| ६ | माननीय बलदेव रेग्मी | बाजुरा | नेकपा एमाले |
| ७ | माननीय देवकी मल्ल (थापा) | बझाङ्ग | नेकपा माओवादी केन्द्र |
| ८ | माननीय रतन बहादुर थापा | कैलाली | नेकपा एमाले |

### १.३ समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार :

**कार्यक्षेत्र :**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ बमोजिम प्रदेश सभामा रहेका विषयगत समितिहरुमध्ये सार्वजनिक लेखा समितिको कार्यक्षेत्र प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा महालेखापरीक्षकको प्रतिवेदन र बेरुजु फछ्र्यौट सम्बन्धी रहेको छ ।

**समितिको काम, कर्तव्य र अधिकार :**

सार्वजनिक लेखा समितिको कार्यविधि, २०७६ को दफा ४ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- प्रदेश राज्यकोषको खर्च प्रदेश सभाले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र प्रदेश सरकारको कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने,
- सरकारलाई सभा प्रति उत्तरदायी र जवाफदेही बनाउनका लागि सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने,
- सभामा पेश गरिएका प्रादेशिक संवैधानिक आयोगका वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु जाँच गरी औंल्याइएका बेरुजु असुल उपर गर्न प्रयास नगर्ने त्यस्ता आयोगद्वारा भए गरेका कामकारबाही र सो सम्बन्धमा समेत अध्ययन गरी तालुकदार निकायलाई आवश्यक निर्देशन दिने,
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु जाँच गर्ने साथै कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिने,
- समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त उजुरी, सञ्चार माध्यममा आएका विषयहरु, सरोकारवालाको चासो एवं समितिले आवश्यक ठानेका विषयहरुमा तत्काल स्थलगत अनुगमन, निरिक्षण वा जाँच गरी गराई सो विषयसँग सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सभाबाट प्राप्त महालेखापरीक्षकको प्रतिवेदनमा स्थानीय तहको आफ्नै श्रोतबाट संचालित कार्यक्रमको विवरण स्थानीय तहमा गठित सार्वजनिक लेखा समितिलाई हस्तान्तरण गर्ने ।

### १.४ सार्वजनिक लेखा समितिको सचिवालय :

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १६३ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था गरिएको छ । प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहन्छ । सचिव प्रत्येक समितिको पदेन सचिव हुने र सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था रहेको छ । सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन समितिको कार्यक्षेत्र अन्तर्गतका निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ । सभापतिको अनुमति लिई बैठकमा विचाराधिन विषयमा सचिव वा समिति सचिवले आफ्नो राय दिन सक्ने व्यवस्था रहेको छ ।

**समिति सचिवालयमा कार्यरत कर्मचारीहरु :**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री प्रेम कटेल | समिति सचिव |
| २ | श्री डमरु राज उप्रेती | सहायक |
| ३ | श्री जगदिश चन्द्र जोशी | क्यामेरा म्यान |
| ४ | श्री हर्क बहादुर बोगटी | कार्यालय सहयोगी |

**समिति संचालन सम्बन्धी थप विवरण :**

- समितिको बैठकमा लगातार पाँच पटकसम्म सभापतिको अनुमति विना अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेछ र सो को जानकारी सभालाई गराउने व्यवस्था रहेको छ ।
- समितिको बैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिने र समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित गर्ने प्रावधान रहेको छ ।
- समितिले आफ्नो कार्य सम्पादनका क्रममा उपसमिति गठन गर्नुपर्ने महशुस गरेमा आफ्नो कार्यक्षेत्रको परिधि भित्र रही उपसमिति गठन गर्न सक्ने र त्यस्तो उपसमिति गठन गर्दा उपसमितिले सम्पादन गर्नुपर्ने कार्य, कार्य सम्पन्न गरिसक्नु पर्ने समयावधि समेत निर्धारण गरी सदस्यहरुको नाम सहित बैठक समक्ष प्रस्ताव गर्ने व्यवस्था रहेको छ ।

## परिच्छेद-२

## समितिका निर्णयहरु, निर्देशनहरु तथा माननीयहरुको कार्यगत तथा उपस्थिति

### २.१ समितिको बैठकका निर्णयहरु :

**वैठक संख्या : १**

**मिति : २०७५/०४/०१**

१) प्रदेश सभा नियमावली २०७४ मा भएको व्यवस्था बमोजिम विषयगत समितिको सभापतिको निर्वाचन भई नसकेकोले समितिको सभापति पदको निर्वाचन नभएसम्म यस समितिमा रहेका माननीय सदस्यहरु मध्ये माननीय बल बहादुर सोडारीको जन्म मिति २०१० साल फाल्गुन २१ गते (नागरिकता अनुसार) भएको हुँदा समितिका अन्य सदस्य भन्दा ज्येष्ठ सदस्य हुनुभएकोले माननीय ज्येष्ठ सदस्य बल बहादुर सोडारीज्यूलाई सभापति पदमा मनोनयन गर्ने निर्णय गरियो ।

२) सार्वजनिक लेखा समितिको अर्को वैठक मिति २०७५ साल श्रावण १ गते बिहान ९ बजे बस्ने निर्णय गरियो ।

**वैठक संख्या : २**

**मिति : २०७५/०४/०१**

समितिले गर्ने कामकारबाही तथा अन्य विषयका सम्बन्धमा मार्गदर्शन गर्नका लागि प्रदेश सभा नियमावली २०७४ को नियम १५५ बमोजिम यस समितिले समयमै कार्य सम्पादन गर्नका लागि वार्षिक कार्यतालिका तत्काल निर्माण गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ३**

**मिति : २०७५/०४/०५**

१) आर्थिक वर्ष २०७४/०७५ को खर्च विवरण र प्रकृया सहितको प्रतिवेदन यस समितिमा पेश गर्नका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) समितिको वार्षिक कार्ययोजना बनाउने सम्बन्धमा समितिको काम कर्तव्य बारे थप जानकारी लिनको लागि विषयविज्ञ आमन्त्रण गरी समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ५**

**मिति : २०७५/०५/१३**

१) समितिको यस अघि बसेका विभिन्न वैठकले गरेका निर्णय तथा छलफलमा उठेका विषयहरुलाई तत्काल कार्यान्वयन गर्नका लागि प्रदेश सभा सचिवालयसँग समन्वय गरी अगाडी बढ्ने निर्णय गरियो ।

२) प्रदेश सरकारले गरेका काम कारबाही तथा समितिको कार्यक्षेत्र तथा क्षेत्राधिकार भित्र पर्ने निकाय विस्तार तथा गठनका लागि सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ६**

**मिति : २०७५/०५/२८**

सार्वजनिक लेखा समितिले माग गरे बमोजिम प्रदेश सरकारका मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्राप्त आ.व. २०७४/०७५ को चालु र पूँजीगत खर्चको विवरण समितिका माननीय सदस्यज्यूहरुलाई जानकारी गराइयो र उक्त विवरणहरु उपर छलफल प्रारम्भ गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ७**

**मिति : २०७५/०५/२९**

भौतिक पूर्वाधार विकास मन्त्रालयको आ.व. २०७४/०७५ को खर्च विवरण माथि व्यापक छलफल गरियो र उक्त प्रतिवेदन तथा खर्च विवरणका सम्बन्धमा रहेको अस्पष्टता हटाउनका लागि उक्त मन्त्रालयका सचिवलाई आगामी वैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ८**

**मिति : २०७५/०६/०४**

१) सार्वजनिक लेखा समितिको मिति २०७५ भाद्र २९ गतेको निर्णयानुसार भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं.७ का सचिवज्यूको उपस्थितिमा आ.व. २०७४/०७५ को खर्च विवरणमा रहेको खस्पष्टताका सम्बन्धमा समितिका माननीय सदस्यज्यूहरुले सवाल जवाफ गरी व्यापक छलफल गरियो, साथै तत्सम्बन्धमा रहेको थप अस्पष्टता हटाउन पूनः छलफल गर्नका लागि आगामी वैठकमा मन्त्रालयका सचिवज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

२) समितिमा प्राप्त भएका आ.व. २०७४/०७५ को खर्च विवरण मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयको विवरण अध्ययनका लागि सबै माननीय सदस्यज्यूहरुलाई स्वःअध्ययनका लागि वितरण गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ९**

**मिति : २०७५/०६/०७**

आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७४/०७५ को खर्च विवरण माथि व्यापक छलफल गरियो र उक्त विवरणका सम्बन्धमा रहेको अस्पष्टताका सम्बन्धमा स्पष्ट पार्नका लागि उक्त मन्त्रालयका सचिवलाई समितिको आगामी वैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**वैठक संख्या : १०**

**मिति : २०७५/०६/०८**

१) आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७४/०७५ को खर्च विवरणका सम्बन्धमा रहेका अस्पष्टताका सम्बन्धमा मन्त्रालयका सचिवज्यूको उपस्थितिमा व्यापक छलफल गरियो ।

२) सामाजिक विकास मन्त्रालयले आ.व. २०७४/०७५ को खर्च विवरण सहित पेश गरेको पत्रका सम्बन्धमा समितिका माननीय सदस्यज्यूहरु बिच छलफल गरी समितिको आगामी वैठकमा सामाजिक विकास मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**वैठक संख्या : १२**

**मिति : २०७५/०६/२२**

प्रदेश सभाबाट मिति २०७५/०६/१७ गते प्रदेश सभाका विषयगत समितिका सभापतिको निर्वाचन आव्हान भए बमोजिम सार्वजनिक लेखा समितिमा एउटा मात्र प्रस्ताव पेश हुन आएकोले माननीय कुमारी नन्दा वम निर्विरोध निर्वाचित भएको घोषणा गरियो । साथै सो को सूचना माननीय सभामुखज्यू समक्ष पेश गर्ने निर्णय गरियो ।

**वैठक संख्या : १३**

**मिति : २०७५/०६/२२**

१) सार्वजनिक लेखा समितिको यस अघिका वैठकहरुमा जिम्मेवारीपूर्ण ढंगले आफ्नो सफल नेतृत्वका साथ काम गर्नुहुने ज्येष्ठ सदस्य माननीय बल बहादुर सोडारीज्यूलाई हार्दिक बधाई गर्ने निर्णय गरियो ।

२) सूचनाको हकलाई संस्थागत गर्नका लागि सार्वजनिक लेखा समितिका आगामी वैठकहरुको अवलोकन तथा सूचना सम्प्रेषण कार्यका लागि गोप्य संवेदनशील निर्णय बाहेकका वैठक संचार माध्यमका लागि खुला गरिने निर्णय गरियो ।

**वैठक संख्या : १४**

**मिति : २०७५/१०/०३**

सुदूरपश्चिम प्रदेशका सात वटै मन्त्रालय लगायत प्रदेश सभा सचिवालयबाट प्राप्त भएको गत आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन सहित खर्चको विवरण उपर छलफल गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

## बैठक संख्या : १५
## मिति : २०७५/१०/२५

समितिको बैठक संख्या १० बमोजिम निर्णय नं. २ माथि छलफल गर्न बाँकी रहेकोले सामाजिक विकास मन्त्रालयले आ.व. २०७४/०७५ को खर्च विवरण सहित पेश गरेको पत्रका सम्बन्धमा समितिका माननीय सदस्यज्यूहरु बिच छलफल गरी समितिको आगामी बैठकमा सामाजिक विकास मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो । साथै आगामी समितिको बैठक २०७५ साल माघ २८ गते बस्ने निर्णय समेत गरियो ।

## बैठक संख्या : १६
## मिति : २०७५/१०/२८

यस समितिको मिति २०७५/१०/२५ गतेको बैठक नं. १५ को निर्णयानुसार उपस्थित हुनु भएका सामाजिक विकास मन्त्रालयका सचिवज्यूसँग गत आ.व. २०७४/०७५ को मन्त्रालयको वार्षिक बजेट तथा कार्यक्रम र खर्चको अवस्था बारे छलफल गर्दै तपशिल बमोजिम बजेट उपशिर्षक अन्तरगतका बजेट रकम नं. हरुको खर्चको श्रेस्ता अध्यानार्थ झिकाइ आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) बजेट उपशिर्षक नं. ७०७३७३११३
- (१) बजेट रकम नं. २२३११ (मसलन्द तथा कार्यालय सामाग्री)
- (२) बजेट रकम नं. २२५२२ (कार्यक्रम खर्च)
- (३) बजेट रकम नं. २५३११ (शैक्षिक संस्थालाई सहायता)

(ख) बजेट उपशिर्षक नं. ७०७३७३११४
- (१) बजेट रकम नं. ३११२१ (सवारी साधन)

(२) बजेट रकम नं. ३१११५ (फर्निचर तथा फिक्चर्स)

## बैठक संख्या : १७
## मिति : २०७५/१०/२९

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त भएको गत आ.व. २०७४/०७५ को बजेट तथा खर्चको विवरण अध्ययनका लागि यस समितिका माननीय सदस्यज्यूहरुलाई वितरण गर्ने निर्णय गरियो साथै आगामी बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यूलाई छलफलका लागि आमन्त्रित गर्ने समेत निर्णय गरियो ।

**बैठक संख्या : १८**
**मिति : २०७५/११/०९**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यूको उपस्थितिमा सुदूरपश्चिम प्रदेशको कृषिको वर्तमान अवस्था, समस्या र सम्भावनाका साथसाथै गत आ.व. २०७४/०७५ को वार्षिक बजेट तथा खर्चको विवरण उपर छलफल गर्दै गत आ.व. को मन्त्रालयको वार्षिक कार्यप्रगति माग गर्ने र थप कुरा स्पष्ट पार्नु परेमा सचिवज्यूसँग आगामी बैठकमा छलफल गर्ने गरी निर्णय गरियो ।

**बैठक संख्या : १९**
**मिति : २०७५/११/१०**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७४/०७५ को आर्थिक विवरण मात्र प्राप्त भएकोले आ.व. २०७४/०७५ को वार्षिक कार्यप्रगति खर्चको फाँटवारी र म.ले.प. को प्रतिवेदन माग गर्ने निर्णय गरियो ।

**बैठक संख्या : २०**
**मिति : २०७५/११/२९**

मिति २०७५/११/०९ गतेको यस समितिको निर्णय र पत्राचार भए बमोजिम सामाजिक विकास मन्त्रालयबाट प्राप्त हुन आएका खर्च सम्बन्धी सक्कल श्रेस्ता उपर आगामी बैठकमा छलफल गर्दै आवश्यकतानुसार अगाडी बढ्ने निर्णय गरियो ।

**बैठक संख्या : २१**
**मिति : २०७५/११/३०**

१) समितिको बैठकमा आफ्ना विचारहरु राख्दा बैठकको विधि र प्रकृया अनुरुप विषयवस्तुमा केन्द्रित रही छलफल गर्ने सर्वसम्मत निर्णय गरियो ।

२) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव श्री मेघनाथ काफ्लेज्यूसँग मन्त्रालयको गत आ.व. २०७४/०७५ को खर्चको यथार्थ विवरण उपर छलफल गर्दै अन्य आवश्यक कुरा बुझ्नुपर्ने भएमा आवश्यकतानुसार मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिवलाई आगामी बैठकमा आमन्त्रित गर्ने निर्णय गरियो ।

**वैठक संख्या : २२**

**मिति : २०७५/१२/०६**

आन्तरिक ममिला तथा कानून मन्त्रालयका सचिवज्यूसँग मन्त्रालयको गत आ.व. २०७४/०७५ को खर्चको यथार्थ विवरण र कार्यप्रगति उपर छलफल गर्दै अन्य प्रष्ट पार्नुपर्ने कुराको हकमा मन्त्रालयका माननीय मन्त्रीज्यू र सचिवज्यूलाई आगामी दिनहरुमा आमन्त्रित गर्ने निर्णय समेत गरियो ।

**वैठक संख्या : २३**

**मिति : २०७५/१२/०८**

प्रदेश सभा सचिवालयका सचिव श्री वालाराम शर्माज्यूको उपस्थितिमा सचिवालयको आ.व. २०७४/०७५ को खर्चको विवरण र म.ले.प. प्रतिवेदन उपर व्यापक छलफल गर्दै आगामी वैठकमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र मुख्यन्यायाधिवक्ता कार्यालयको गत आ.व. को खर्चको विवरण बारे छलफल गर्नका लागि तत् तत् कार्यालयका कार्यालय प्रमुखज्यूलाई आमन्त्रित गर्ने निर्णय गरियो ।

**वैठक संख्या : २५**

**मिति : २०७५/१२/२१**

मुख्य न्यायाधिवक्ताको कार्यालय तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय सुदूरपश्चिम प्रदेशको आ.व. २०७४/०७५ को खर्चको विवरण माथि आवश्यक जानकारी लिइयो ।

**वैठक संख्या : २६**

**मिति : २०७५/१२/२२**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको आ.व. २०७४/०७५ को महालेखा परिक्षक कार्यालयबाट प्राप्त म.ले.प. प्रतिवेदन माथि समितिमा छलफल भयो र उक्त प्रतिवेदन माथि मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रमुख सचिवबाट आवश्यक जानकारी समेत लिइयो ।

**वैठक संख्या : २७**

**मिति : २०७५/१२/२४**

१) यस समितिमा प्राप्त भएका विभिन्न मन्त्रालय र कार्यालयहरुको खर्चको विवरण र म.ले.प. को प्रतिवेदन उपरको छलफल समाप्त भइसके पश्चात आज मुख्य न्यायाधिवक्ता, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश सभा सचिवालयको खर्च विवरण उपरको समिक्षा कार्य सम्पन्न भयो र आगामी वैठकमा बाँकी रहेका कार्यालयहरुको खर्चको विवरण उपरको समिक्षा कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

२) प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र मुख्य न्यायाधिवक्ता कार्यालयमा भौतिक सामाग्रीहरु भवन र आवश्यक जनशक्तिको अभाव भएको हुँदा सो सम्बन्धमा आवश्यक कारबाही अगाडी बढाउने तर्फ पहल गर्ने कार्यका लागि प्रदेश सरकारलाई निर्देशन गर्ने निर्णय गरियो ।

## वैठक संख्या : २८
## मिति : २०७५/१२/२६

१) सुदूरपश्चिम सरकारको आ.व. २०७४/०७५ को बजेट अन्तरगत प्रदेश सरकार मातहतका निकायहरुमा हालसम्म पनि बजेटको अख्तियारी नगएको हुँदा उक्त बजेटको अख्तियारी यथाशिघ्र पठाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२) यस समितिमा प्राप्त भएको गत आ.व. २०७४/०७५ को विवरण र म.ले.प. को प्रारम्भिक प्रतिवेदनउपर छलफल कार्य सम्पन्न भए पश्चात मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको आ.व. २०७४/०७५ को वार्षिक बजेटको विभिन्न खर्च शिर्षकहरुमा भएको खर्चको श्रेस्ताको प्रमाणित प्रतिलिपी माग गर्ने निर्णय गरियो ।

## वैठक संख्या : २९
## मिति : २०७६/०१/२३

आ.व. २०७४/०७५ को विभिन्न मन्त्रालय तथा सम्बन्धित निकायहरुको प्राप्त भएका म.ले.प. प्रतिवेदन र श्रेस्ताहरु माथि अध्ययन गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ३१
## मिति : २०७६/०२/३१

१) २०७६ साल जेष्ठ २३ गते सुदूरपश्चिम प्रदेशमा आएको हावाहुरी र वर्षाका कारण मृत्यु भएका मृतकलाई समितिको तर्फबाट हार्दिक श्रद्धान्जली दिने र मृतकका परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछ साथै हावाहुरीका कारण घाइते हुनुभएका व्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

२) सुदूरपश्चिम प्रदेश अन्तरगतका जिल्लाहरुमा मिति २०७६ जेष्ठ २३ गते आएको हावाहुरी सहितको वर्षाका कारण प्रदेश भित्रका विभिन्न स्थानका व्यक्तिहरुका घर, गोठ, टहराको छाना, काठ समेत उडाई क्षतिग्रस्त बनाइएको, खाद्यान्न, लुगा कपडामा क्षति पुर्याएको, पशुचौपाया घाइते भएका साथै उक्त हावाहुरीका कारण दुई जनाको मृत्यु समेत हुन पुगेको र केही व्यक्तिहरु घाइते समेत भएको हुँदा मृतकका परिवार र घाइते व्यक्ति तथा घर टहरा क्षतिग्रस्त भएका पीडित घर परिवारका व्यक्तिहरुलाई तत्काल

उचित राहत र क्षतिपूर्ति रकमको आवश्यक व्यवस्था मिलाउन प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सु.प. प्रदेश, धनगढी, कैलालीलाई सो सम्बन्धी निर्देशन दिने निर्णय गरियो ।

## वैठक संख्या : ३२
## मिति : २०७६/०२/३२

आजको वैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट माग भएको विवरण र प्राप्त श्रेस्ता माथि समितिमा अध्ययन र छलफल गरियो । उक्त श्रेस्तामा भए अनुसारका कार्यक्रमको विषयमा थप स्पष्ट पार्नका लागि मन्त्रालयका सचिवलाई अर्को वैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ३३
## मिति : २०७६/०३/२७

आज समितिको वैठकमा यस प्रदेशका मन्त्रालयहरुबाट आ.व. २०७४/०७५ को माग गरिएका विवरण प्राप्त हुन आएका र हालसम्म प्राप्त हुन बाँकी विवरणका सम्बन्धमा छलफल भयो । तत् सम्बन्धमा आ.व. २०७४/०७५ को चालू र पूँजीगत कार्यक्रमको भौतिक र वित्तिय प्रगति सम्बन्धी छलफलका लागि मिति २०७६/०३/२९ गते ११:०० बजे बस्ने वैठकमा आन्तरिक मामिला तथा कानून मन्त्री, सचिव र सोही विषय बारेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रमुख सचिवलाई आमन्त्रण गर्ने ।

## वैठक संख्या : ३४
## मिति : २०७६/०३/२९

१) यस समितिको मिति २०७५/१२/२६ र मिति २०७६/०३/०२ को पत्रानुसार माग भएको आ.व. २०७४/०७५ को आन्तरिक मामिला तथा कानून मन्त्रालयको म.ले.प. प्रतिवेदन र प्रतिवेदनको दफा १४ सम्बन्धी विषयमा छलफल भई मन्त्रालयका सचिवले सो विषयमा जानकारी दिनु भयो र हालसम्म प्राप्त हुन नआएकोमा उक्त विवरण यथाशिघ्र उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

२) यस समितिको मिति २०७५/१२/१० र मिति २०७६/०३/०२ गतेको पत्रबाट माग गरिएको आ.व. २०७४/०७५ को मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको म.ले.प. प्रतिवेदन र प्रतिवेदनको दफा २, दफा १०, दफा १३ र वैंक नगदी किताबको प्रतिलिपी सम्बन्धी विषय माथि प्रमुख सचिव सहित समितिमा व्यापक छलफल भयो र उक्त आ.व. को हालसम्म प्राप्त हुन नआएको प्रतिवेदन र प्रगति विवरणको थप कागजात यथाशिघ्र उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

३) सार्वजनिक लेखा समितिबाट मिति २०७६/०२/०५ गतेको पत्रबाट माग गरिएको कागजात र विवरण मध्ये केही कागजात हालसम्म पनि प्राप्त हुन नआएको हुँदा सो सम्बन्धी आवश्यक विवरण सहित मिति २०७६/०३/३० गते बिहान ११:०० बजे बस्ने समितिको बैठकमा उपलब्ध गराउन र जानकारी सहित जवाफका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका मन्त्री र सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ३५**
**मिति : २०७६/०३/३०**

१) आजको बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७४/०७५ को म.ले.प. प्रतिवेदन योजना कार्यक्रमसँग सम्बन्धित प्राप्त हुन आएका विवरण माथि समितिका माननीय सदस्यज्यूहरुले आ-आफ्नो धारणा राखिएकोमा मन्त्रालयका तर्फबाट माननीय मन्त्रीज्यू र सचिवले सो सम्बन्धी छलफलमा उठान भएका विषयवस्तु माथि आवश्यक जानकारी दिनु भयो ।

२) यस समितिको मिति २०७६/०३/३१ गते दिउसो १:०० बजे बस्ने बैठकमा सामाजिक विकास मन्त्रालयको आ.व. २०७४/०७५ को बजेटको योजना कार्यक्रमको विस्तृत जानकारी लिन सामाजिक विकास मन्त्री र सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ३६**
**मिति : २०७६/०३/३१**

१) आजको समिति बैठकमा सामाजिक विकास मन्त्रालयबाट आउनु भएका मन्त्रालयका कर्मचारी प्रतिनिधीसँग मन्त्रालयबाट गत आ.व. र यस आ.व. मा संचालित योजना, कार्यक्रमसँग सम्बन्धित विषयमा छलफल गरियो साथै बाँकी रहेका विषयवस्तु माथि विस्तृत छलफल गर्न आगामी बैठकमा सामाजिक विकास मन्त्री र सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

२) यस समितिको मिति २०७६/०४/०१ गते दिउसो १:०० बजे बस्ने बैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७४/०७५ को म.ले.प. प्रतिवेदन र बजेटको योजना तथा कार्यक्रमको कार्यान्वयनको जानकारी लिनको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री र सचिवलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ३७
## मिति : २०७६/०४/०१

आजको समितिको वैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७४/०७५ को म.ले.प. प्रतिवेदन लगायत योजना कार्यक्रमको प्राप्त कागजात विवरण र आ.व. २०७५/०७६ को चालु र पूजिगत तर्फको योजना कार्यक्रम बजेट खर्च, योजना कार्यान्वयनका विषयमा उठान भएका विषयवस्तु माथि गहन छलफल भयो र छलफलमा उठान भएका कुराहरुमा मन्त्रालयमा माननीय मन्त्रिज्यू र सचिवबाट सो सम्बन्धी बुँदागत विस्तृत जानकारी प्राप्त भयो ।

## वैठक संख्या : ३८
## मिति : २०७६/०४/०५

आजको समितिको वैठकमा आ.व. २०७६/०७७ का लागि सार्वजनिक लेखा समितिको वार्षिक कार्ययोजना बनाउन सरोकारवालाहरुसँग समेत समन्वय गरी समितिको वार्षिक कार्ययोजना बनाई आवश्यक कार्यार्थ प्रदेश सभा सचिवालयमा पठाउने निर्णय गरियो ।

## वैठक संख्या : ३९
## मिति : २०७६/०४/०८

१. सामाजिक विकास मन्त्रालयको आ.व. २०७४/०७५ र आ.व. २०७५/०७६ को बजेट र खर्च विवरणका सम्बन्धमा रहेका अस्पष्टताका सम्बन्धमा र वार्षिक प्रगतिका सम्बन्धमा मन्त्रालयका मन्त्रिज्यू र सचिवज्यूको उपस्थितिमा समितिमा घनिभुत छलफल गरियो ।
२. विभिन्न योजनाका कार्यविधि लगायत योजनामा रहेका अस्पष्टता र म.ले.प प्रतिवेदनले औंल्याएका विभिन्न वेरुजुको सम्बन्धमा आवश्यक छलफल गरी नियमन गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने बेरुजुका सम्बन्धमा आवश्यक कार्यविधि अगाडी बढाउने निर्णय गरियो ।
३. कुनै पनि कार्यविधि सम्बन्धमा, कार्यविधि बनाउन सम्बन्धित सरोकारवालाहरुलाई समेत समेटेर अगाडी बढाउनुपर्ने निर्णय गरियो ।

## वैठक संख्या : ४०
## मिति : २०७६/०४/०९

१. समिति र सचिवालयका गतिविधिहरुलाई चुस्तदुरुस्त कसरी बनाउने भन्ने सम्बन्धमा व्यापक छलफल गरियो ।
२. समितिलाई थप चलायमान बनाउन आवश्यक बजेट माग गर्न वार्षिक कार्ययोजनाको स्वरुप बनाई आवश्यक प्रक्रियाका लागि सचिवालयमा पठाउने निर्णय गरियो ।

## वैठक संख्या : ४१
## मिति : २०७६/०४/१५

१. सार्वजनिक लेखा समिति संचालनका लागि आवश्यक कार्यविधि बनाउने निर्णय गरियो ।

२. भौतिक पूर्वाधार मन्त्रालयका माननीय मन्त्रिज्यू र सचिवज्यू आजको वैठकमा अनुपस्थित रहेको हुँदा आज हुने भनिएको वैठक मिति २०७६/०४/१७ गते दिउसो २:०० बजे बस्ने भनि निर्णय गरियो ।

## वैठक संख्या : ४२
## मिति : २०७६/०४/१७

१. आजको वैठकमा भौतिक पूर्वाधार विकास मन्त्रालयको आ.व. २०७४/०७५ को बजेट योजना कार्यक्रम कार्यान्वयन र आ.व. २०७५/०७६ को मन्त्रालयबाट भएको बजेट सम्बन्धी योजना कार्यक्रम सम्बन्धी मन्त्रालयका कर्मचारी बिच छलफल गर्ने कार्य गरियो ।

२. यस सार्वजनिक लेखा समितिको आगामी बस्ने वैठकमा समितिको कार्यविधि तयार पार्ने विषय माथि छलफल भयो ।

## वैठक संख्या : ४४
## मिति : २०७६/०५/२७

१. आजको समितिको वैठकमा वेदकोट न.पा. का उपभोक्ताहरुको तत्सम क्षेत्रका योजनाहरुमा व्यापक रुपमा अनियमितता (भ्रष्टाचार) र रकम हिनामिना भई योजनाको गुणस्तर कमजोर भएको भन्ने विषयमा छानविन गरिपाउँ भन्ने उजुरी सम्बन्धमा आगामी वैठकमा वृहत छलफल गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ४६
## मिति : २०७६/०७/२०

१. आजको समितिको वैठकमा सार्वजनिक लेखा समितिको तपशिलमा उल्लेखित आ.व. २०७६/०७७ को वार्षिक कार्ययोजना र बजेट विवरण तयार गरी आवश्यक व्यवस्थाका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**सार्वजनिक लेखा समितिको आ.व. २०७६/०७७ को वार्षिक कार्ययोजना र विवरण**

| सि.नं. | कार्यक्रमको विवरण | परिमाण | प्रति इकाइ अनुमानित रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | अन्तरप्रदेश भ्रमण | ४ | ५००,०००.०० | २,०००,०००.०० |
| २ | प्रदेश भित्रका योजना अनुगमन अवलोकन भ्रमण र अन्तरकृया कार्यक्रम | ८ | २००,०००.०० | १,६००,०००.०० |
| ३ | फर्निचर | | ५००,०००.०० | ५००,०००.०० |
| ४ | बजेट समिक्षा र पूर्व बजेट छलफल | १ | ३५०,०००.०० | ३५०,०००.०० |
| ५ | वार्षिक प्रतिवेदन तयार एवं डकुमेन्ट्र निर्माण | १ | ५००,०००.०० | ५००,०००.०० |
| ६ | विविध खर्च | १ | ५००,०००.०० | ५००,०००.०० |
| ७ | समिक्षा प्रगति गोष्ठी संचालन र भैपरी आउने कार्यक्रम संचालन | ८ | २००,०००.०० | १,६००,०००.०० |
| ८ | विज्ञको सेवा/विषय प्राविधिक सेवा परामर्श | ३ | ५०,०००.०० | १५०,०००.०० |
| ९ | स्मार्ट टिभी ४३" | १ | ११०,०००.०० | ११०,०००.०० |
| १० | वैदेशिक भ्रमण | ४ | १,३००,०००.०० | ५,२००,०००.०० |
| ११ | एसी जडान | १ | ७५,०००.०० | ७५,०००.०० |
| १२ | Audio & Sound System | १ | ५०,०००.०० | ५०,०००.०० |
| १३ | Computer Printer | १ | १५०,०००.०० | १५०,०००.०० |
| १४ | समितिको कोठा मर्मत | १ | २००,०००.०० | २००,०००.०० |
| | जम्मा | | ४,६८५,०००.०० | १२,९८५,०००.०० |

२. सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०७५/०७६ को भौतिक पूर्वाधार विकास मन्त्रालयद्धारा कंचनपुर जिल्ला वेदकोट नगरपालिका भित्र कार्यान्वयन भएका योजनामा आर्थिक अनियमितता र गुणस्तरहिन कार्य भएको भनी यस समितिमा उजुरी पर्न आएकोले सो सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक कागजात झिकाई उक्त योजनाहरुको अनुगमन र निरिक्षण गर्ने निर्णय गरियो साथै अन्य जिल्लाबाट प्राप्त उजुरीहरुको पनि कारबाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

३. यस समितिको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन माथि छलफल गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ४७
## मिति : २०७६/०८/०५

१. आ.व. २०७५/०७६ मा भए गरेका खर्चको विवरण मातहत निकायहरुबाट माग गर्ने निर्णय गरियो ।

२. सार्वजनिक लेखा समिति मातहतका निकाय सुदूरपश्चिम प्रदेश भित्र सुशासन प्रबर्द्धनमा विशेष अभियान संचालन गर्ने निर्णय गरियो ।

३. सार्वजनिक लेखा समितिमा निम्न बमोजिमका कर्मचारीको आवश्यकता परेकाले ती पदहरु सेवा करारबाट पदपूर्ति गर्न र ती पदहरुको लागि आवश्यक पर्ने तलब तथा सुविधा समेत व्यवस्था गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय र अन्य सहयोगी निकायहरुमा लेखी पठाउने ।

**<u>निम्न</u>**

१. लेखा अधिकृत छैटौं तह - १
२. सहायक पाचौं तह कम्प्युटर - १
३. प्राविधिक पाँचौं तह - १
४. कार्यालय सहयोगी - १

## वैठक संख्या : ४८
## मिति : २०७६/०८/२३

१. सार्वजनिक लेखा समितिको आ.व. २०७४/०७५, २०७५/०७६ को तयार गरिएको प्रथम वार्षिक प्रतिवेदन माथि छलफलमा छलफल भयो र उक्त प्रतिवेदनमा आवश्यक राय सुझाव सहित परिमार्जन गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

२. सार्वजनिक लेखा समितिको तयार गरिएको मस्यौदा कार्यविधि २०७६ माथि समिति वैठकमा दफावार छलफल भयो । उक्त कार्यविधिमा आवश्यक परिमार्जन गरी आगामी वैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०७६/०७७ को पूर्ण बजेट कार्यान्वयन तथा अख्तियारी अहिलेसम्म सम्बन्धित निकायहरुमा जान नसकेकोले जनता र विकास निर्माणमा अन्यौलता छाएकोले यथाशिघ्र बजेट कार्यान्वयनमा लैजानका लागि प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४. सार्वजनिक लेखा समितिबाट अन्तरप्रदेशको अवलोकन भ्रमणका लागि समय तालिका अनुसार भ्रमणको व्यवस्था मिलाउन प्रदेश सभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**बैठक संख्या : ४९**
**मिति : २०७६/०८/२५**

सार्वजनिक लेखा समितिको तयार गरिएको कार्यविधि २०७६ मा आजको समिति बैठकमा दफावार छलफल कार्य भयो । उक्त कार्यविधिलाई सर्वसम्मतबाट पारित गर्ने र सो को जानकारी माननीय सभामुखज्यू समक्ष पेश गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ५०**
**मिति : २०७६/०९/१८**

आ.व. २०७५/०७६ मा अल्ट्रासाउण्ड मेसिन खरिद कार्यको टेण्डर आह्वान देखी स्वीकृतिसम्मको सम्पूर्ण कागजातहरु स्वास्थ्य निर्देशनालय दिपायलबाट मगाउन पत्राचार गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ५१**
**मिति : २०७६/०९/२१**

१. मिति २०७६/०९/२१ गते दिउसो १:०० बजे ग्राम विकास तथा अनुसन्धान केन्द्र धनगढीको आयोजनामा यस प्रदेश अन्तरगतका सम्पूर्ण निकायहरुमा सुशासन कायम राख्न तथा सार्वजनिक जवाफदेहिता प्रबर्द्धनका लागि प्रविधिको दिगो प्रयोग विषयमा छलफल भई प्रविधिको प्रयोगमा आवश्यक जनशक्ति तथा स्रोतको व्यवस्था उक्त केन्द्रले नै गर्ने भएकाले सो प्रविधिलाई सार्वजनिक लेखा समितिमा प्रयोग गर्ने निर्णय गरियो ।
२. मिति २०७६/०९/२२ र २३ गते कंचनपुर जिल्ला स्थित झलेखोला तटबन्ध वेदकोट नगरपालिका ५, चौधर नदी तटबन्ध शुक्लाफाँटा आरक्षसम्म र कंक्रिट मेस वायर वडा नं. १ र १० आयोजनाहरुको अनुगमन तथा निरिक्षण कार्यका लागि समितिका सभापतिज्यू तथा सदस्यज्यूहरु जाने निर्णय गरियो ।

**बैठक संख्या : ५१क**
**मिति : २०७६/०९/२५**

१. महालेखा परिक्षकको वेरुजु, प्रदेश लेखा नियन्त्रक कार्यालयको वेरुजु, संचार माध्यम, सामाजिक संजाल र विभिन्न पत्रपत्रिकाहरुबाट यस समितिमा परेका उजुरीका आधारमा प्रदेश स्थित सम्बन्धित मन्त्रालय, कार्यालय र निकायहरुबाट छानविनका लागि आवश्यक पर्ने सम्पूर्ण कागजातहरु माग गर्ने निर्णय गरियो ।

२. सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट खरिद गरी स्थानीय तहहरुमा वितरण गरिएका उम्बुलेन्सका विषयमा अनियमितता भएको भनी विभिन्न संचार माध्ययमबाट समाचार प्रशारण भएकोमा एम्बुलेन्स खरिदको प्रारम्भ देखी वितरणसम्मका सम्पूर्ण कागजातहरु उक्त मन्त्रालयबाट माग गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ५२**

**मिति : २०७६/०९/२९**

प्रदेश सरकारबाट संचालित योजना, आयोजना र कार्यक्रमहरुको सन्दर्भमा परेका उजुरीको छानविन, अनुसन्धान, अनुगमन गर्न र ती आयोजना तथा सम्बन्धित मन्त्रालयहरुबाट प्राप्त फायल अध्ययन गरी सो को प्रतिवेदन पेश गर्न विभिन्न विषयगत विज्ञहरुको आवश्यकता पर्ने भएकोले विषयगत विज्ञहरुको रोष्टर समितिले तयार गर्ने र ती विज्ञहरुको ज्ञान, सिप, समितिले प्रयोग गर्दा सरकारको मापदण्ड अनुसारको प्रति दिनका हिसावले पाउने पारिश्रमिक उपलब्ध गराउन प्रदेश सभा सचिवालयलाई लेखी पठाउने निर्णय गरियो ।

**वैठक संख्या : ५३**

**मिति : २०७६/१०/१६**

१. आ.व. २०७६/०७७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले संचालन गरेको वित्तीय सम्मेलन, २०७६ प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश नभएको देखिएकाले सो सम्बन्धमा बुझ्न र उक्त सम्मेलनको औचित्यमा थप प्रस्टिकरणका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवलाई यस समितिमा बोलाउने निर्णय गरियो ।
२. यस प्रदेश अन्तरगतका मन्त्रालयहरुबाट आ.व. २०७५/०७६ को खर्चको विवरण माग गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ५५**

**मिति : २०७६/११/०७**

१. सार्वजनिक लेखा समितिका पदाधिकारीहरुलाई समितिको कामकारबाही तथा कार्यसंचालन सम्बन्धी थप क्षमता अभिवृद्धीको लागि दुई जना विज्ञको व्यवस्था गरी तालिममा लाग्ने खर्च स्वयं सचिवालयले व्यहोर्ने गरी तालिम संचालन गर्न प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. सामुदायिक सिचाई परियोजना (CIP) सम्बन्धमा समितिमा उजुरी प्राप्त हुन आएकोले सो सम्बन्धी जम्मा योजनाहरुको विवरण, लागतका साथै हालसम्म भएको प्रगति समेत खुलाई पठाउन भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, जिल्ला समन्वय समितिको कार्यालय, कैलाली/कंचनपुर र पूर्वाधार विकास कार्यालय, कैलाली/कंचनपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

## बैठक संख्या : ५६
## मिति : २०७६/११/०८

१. सार्वजनिक लेखा समितिले हालसम्म गरेका कामकारबाही तथा गतिविधिहरु सम्बन्धी व्यापक छलफल भयो साथै यस प्रदेशमा आगामी दिनमा अख्तियारको दुरुपयोग हुन नदिन र सुशासन कायम गर्न समितिबाट आवश्यक पहल गर्ने निर्णय गरियो ।

२. सामाजिक विकास मन्त्रालयबाट खरिद गरिएको एम्बुलेन्स सम्बन्धी उजुरीको छानविन प्रयोजनका लागि माननीय सभापतिज्यूको संयोजकत्वमा देहायका माननीयहरु सदस्य रहने गरी कार्यजिम्मेवारी तोक्ने निर्णय गरियो ।

<u>देहाय</u>

१) माननीय कुमारी नन्दा वम - संयोजक
२) माननीय कर्ण बहादुर मल्ल - सदस्य
३) माननीय चुन कुमारी देवी चौधरी - सदस्य
४) माननीय मना कुमारी साउँद - सदस्य

३. बाह्रवन साझेदारी वन र सामुदायिक सिचाई परियोजनाको प्राप्त उजुरीका सम्बन्धमा छानविन कार्यका लागि माननीय अमर बहादुर साउँदज्यूको संयोजकत्वमा देहाय बमोजिमको छानविन उपसमिति गठन गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

१) माननीय अमर बहादुर साउँद - संयोजक
२) माननीय मान बहादुर धामी - सदस्य
३) माननीय बल बहादुर सोडारी - सदस्य

## वैठक संख्या : ५७
## मिति : २०७६/११/१२

१. आजको वैठकमा समितिको कार्यसंचालन तथा कामकारबाही सम्बन्धमा व्यापक छलफल गरियो साथै समिति अन्तरगतका उपसमितिहरुको नियमित कार्यसंचालन तथा प्रभावकारिताका लागि आगामी वैठकमा TOR को खाका तयार गर्ने निर्णय गरियो ।

२. माननीय सभापतिज्यूको संयोजकत्वमा रहेको छानविन टोलीमा माननीय अर्चना गहतराजज्यूलाई सदस्यको रुपमा थप गरी देहाय बमोजिम रहने निर्णय गरियो ।

**देहाय**

| | | |
|---|---|---|
| १. माननीय कुमारी नन्दा वम | - | संयोजक |
| २. माननीय कर्ण बहादुर मल्ल | - | सदस्य |
| ३. माननीय चुन कुमारी देवी चौधरी | - | सदस्य |
| ४. माननीय मना कुमारी साउँद | - | सदस्य |
| ५. माननीय अर्चना गहतराज | - | सदस्य |

## वैठक संख्या : ५८
## मिति : २०७६/११/१३

१. मिति २०७६/११/१६ र ऐ १७ गते सार्वजनिक लेखा समितिका सदस्यज्यूहरुको क्षमता अभिवृद्धि तालिम कार्यक्रमका लागि आवश्यक प्रबन्ध मिलाउन प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. उक्त तालिम कार्यक्रममा प्रमुख अतिथिमा प्रदेश सभाका माननीय सभामुखज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ५९
## मिति : २०७६/११/१८

१. सामाजिक विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेशबाट भएको एम्बुलेन्स खरिद सम्बन्धमा उजुरीको छानविन एवं जाँचबुझ प्रयोजनका लागि सभापतिको संयोजकत्वमा गठित समितिलाई अध्ययन, अनुसन्धान तथा राय परामर्श लगायतका सम्पुर्ण छानविनको प्रक्रियाका लागि स्वायत्तता प्रदान गर्ने साथै सो कार्यसम्पादनका लागि आवश्यक पर्ने ३० दिन समयावधि उपलब्ध गराउने निर्णय गरियो ।

२. बाह्रवन साझेदारी वन र सामुदायिक सिंचाइ परियोजना (CIP) को उजुरी सम्बन्धमा छानविन कार्यका लागि गठित उपसमितिलाई स्थलगत अनुगमन, अध्ययन, अनुसन्धान तथा राय परामर्श लगायत सम्पुर्ण

छानविन प्रक्रियाका लागि स्वायत्तता प्रदान गर्ने साथै सो कार्यसम्पादनका लागि आवश्यक पर्ने ३५ दिन समयावधि उपलब्ध गराउने निर्णय गरियो ।

३. समितिद्धारा गठित छानविन समिति/छानविन उपसमितिको कार्यसम्पादनका लागि आवश्यक पर्ने आर्थिक, भौतिक तथा प्राविधिक स्रोत साधनको व्यवस्थापनको प्रवन्ध मिलाउन प्रदेश सभा सचिवालयलाई लेखि पठाउने निर्णय सर्वसम्मत गरियो ।

**वैठक संख्या : ६०**

**मिति : २०७६/११/१८**

१. यस समितिद्धारा गठित छानविन उपसमितिको कार्यसम्पादनका लागि आवश्यक पर्ने आर्थिक, भौतिक तथा प्राविधिक स्रोत साधनको व्यवस्थापनको प्रबन्ध मिलाउन प्रदेश सभा सचिवालयसँग समन्वय गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ६१**

**मिति : २०७७/०१/१२**

प्रदेश सरकार, सुदूरपश्चिम प्रदेशबाट कोरोना भाइरस (COVID 19) नियन्त्रण, रोकथामका लागि राहत वितरण र स्वास्थ्य सामाग्री खरिद सम्बन्धी गरिने सम्पूर्ण खर्च पारदर्शी र प्रभावकारी ढंगबाट गर्न प्रदेश सरकारलाई निर्देशन दिने निर्णय गरियो ।

**वैठक संख्या : ६३**

**मिति : २०७७/०२/०१**

१. सार्वजनिक लेखा समितिको लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित आ.व. २०७७/०७८ को वार्षिक बजेट पारित गरी प्रदेश सभा सचिवालय, सुदूरपश्चिम प्रदेशलाई आवश्यक व्यवस्थाका लागि पठाउने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.नं. | कार्यक्रमको विवरण | परिमाण | प्रति इकाई अनुमानित रकम | जम्मा रकम | चौमासिक विभाजन | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम | दोश्रो | तेस्रो |
| १ | अन्तर प्रदेश भ्रमण | २ | ८,००,००० | १६,००,००० | - | ८,००,००० | ८,००,००० |
| २ | अनुगमन, अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रम | २० | २,००,००० | ४०,००,००० | १०,००,००० | १५,००,००० | १५,००,००० |
| ३ | समितिको वार्षिक प्रतिवेदन तयार | १ | १,५०,००० | १,५०,००० | १,५०,००० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | अन्तर देश भ्रमण | १ | ३०,००,००० | ३०,००,००० | - | - | ३०,००,००० |
| ५ | समितिको सचिवालय तथा वैठकमा खाजा नास्ता | १५० | ३,००० | ४,५०,००० | १,५०,००० | १,५०,००० | १,५०,००० |
| ६ | विज्ञ, प्राविधिक सेवा तथा बेरुजु माथि छलफल | १० | २,००,००० | २०,००,००० | ६,००,००० | ७,००,००० | ७,००००० |
| ७ | विविध | ३ | १,००,००० | ३,००,००० | १,००,००० | १,००,००० | १,००,००० |
| **जम्मा** | | | | **१,१५,००,०००** | **२०,००,०००** | **३२,५०,०००** | **६२,५०,०००** |

## वैठक संख्या : ६४
## मिति : २०७७/०२/०२

आ.व. २०७६/०७७ को बजेट, योजना कार्यान्वयनको अवस्था तथा प्रगति विवरण र आ.व. २०७७/०७८ को पूर्व बजेट छलफल कार्यका लागि तपशिल बमोजिमको मिति र समयमा यस समितिमा उपस्थित हुन सम्बन्धित मन्त्रालयका माननीय मन्त्री तथा सचिवज्यूलाई पत्राचार गर्ने निर्णय गरियो ।

**तपशिल**

१. भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
   - मिति २०७७/०२/०५ गते बिहान ११:३० बजे

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
   - मिति २०७७/०२/०६ गते बिहान ११:३० बजे

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
   - मिति २०७७/०२/०७ गते बिहान ११:३० बजे

४. सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।
   - मिति २०७७/०२/०८ गते बिहान ११:३० बजे

## वैठक संख्या : ६५
## मिति : २०७७/०२/०५

१. अहिलेको विषम परिस्थिति कोरोना भाइरस (कोभिड-१९) माहामारीलाई मध्यनजर गर्दै चालु आ.व. २०७६/०७७ को बजेट कार्यान्वयनलाई आवश्यक स्वास्थ्य सतर्कता अपनाई तिव्रता दिन निर्देशन दिने निर्णय गरियो ।

२. प्रदेश सरकारले विभिन्न आयोजना/योजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्दा सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को परिधिभित्र रही कामकारबाही अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

३. आ.व. २०७७/०७८ को लागि बजेट तर्जुमा गर्दा अबण्डा बजेट नराख्न साथै सबै निर्वाचन क्षेत्रहरुमा सन्तुलित रुपमा बजेट विनियोजन गर्न निर्देशन दिने निर्णय गरियो ।

## वैठक संख्या : ६६
## मिति : २०७७/०२/०६

**आजको समितिको वैठकबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई तपशिल बमोजिमका निर्देशन दिने निर्णय गरियो :**

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट योजनाको कार्यान्वयनका लागि सम्बन्धित निकायमा अख्तियारी दिन ढिलाई गरेको पाइएकोले आगामी दिनमा योजनाको सफल कार्यान्वयनका लागि समयमै अख्तियारी दिन निर्देशन दिने ।

२. पर्यटन विकासका लागि बजेट विनियोजन गर्दा हालसम्मको अवस्था हेर्दा स-साना मठ मन्दिरहरुमा मात्र केन्द्रित भई विनियोजन गरेको देखिएकोमा आगामी बजेट कार्यक्रममा समग्र सुदूरपश्चिम प्रदेशको महत्व झल्किने गरी पर्यटकीय स्थलको निर्माणमा लगानी गर्न निर्देशन दिने ।

३. मन्त्रालय वा मातहत निकायबाट संचालन गरिने विभिन्न सिपमुलक तालिम कार्यक्रम लक्षित वर्गलाई दिईसके पश्चात त्यस्ता वर्गलाई सिपमुलक कार्यमा संलग्न गराई आयआर्जन वृद्धि गर्न मन्त्रालयले आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।

४. सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को पूर्ण पालना गर्दै बजेट तथा कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडी बढाउन तथा आ.व. २०७७/०७८ को लागि बजेट तर्जुमा गर्दा अबण्डा बजेट नराख्न समेत निर्देशन दिने ।

## वैठक संख्या : ६७
## मिति : २०७७/०२/०७

**आजको समितिको वैठकबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई तपशिल बमोजिमका निर्देशन दिने निर्णय गरियो :**

१. कृषिका विभिन्न क्षेत्रमा वार्षिक रुपमा अनुदान दिने गरिएको तर त्यसको परिणामका विषयमा कुनै अनुगमन तथा निरिक्षण कार्य प्रभावकारी रुपमा नभएको पाइएकोले अनुदान रकमको सही सदुपयोग गर्नका लागि आवश्यक व्यवस्थापन गर्न मन्त्रालयलाई निर्देशन दिने ।
२. आयातलाई प्रतिस्थापन गरी स्वदेशी उत्पादनलाई प्रबर्द्धन गर्न Cold Store को संख्यामा वृद्धि गर्नुपर्ने तथा कृषिमा आधुनिकिकरण, व्यवसायीकरण र बजारीकरण गर्न आवश्यक भएको हुँदा आगामी बजेटमा उक्त विषयलाई सम्बोधन गर्न निर्देशन दिने ।
३. विश्वव्यापी महामारी कोभिड-१९ का कारण विश्वमा रहेका नेपालीहरु स्वदेश फर्किएका र केही फर्किने क्रममा रहेकाले आउदो आ.व. मा बेरोजगारी समस्यामा अत्यधिक वृद्धि हुने सम्भावनालाई मध्येनजर गर्दै कृषि क्षेत्रमा स्वरोजगारमुलक कार्यक्रमका लागि आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।

## वैठक संख्या : ६८
## मिति : २०७७/०२/०८

**आजको समितिको वैठकबाट सामाजिक विकास मन्त्रालयलाई तपशिल बमोजिमका निर्देशन दिने निर्णय गरियो :**

१. सामाजिक विकास मन्त्रालयबाट योजनाको कार्यान्वयनका लागि सम्बन्धित निकायमा अख्तियारी दिन ढिलाई गरेको पाइएकोले आगामी दिनमा योजनाको सफल कार्यान्वयनका लागि समयमै अख्तियारी दिन निर्देशन दिने।
२. विश्वव्यापी महामारी कोभिड-१९ का कारण विश्वमा रहेका नेपालीहरु स्वदेश फर्किएका र केही फर्किने क्रममा रहेकाले संक्रमण फैलन सक्ने प्रबल सम्भावनालाई मध्येनजर गर्दै तत्काल प्रदेश स्तरीय क्वारेन्टाइन निर्माण गरी संचालनमा ल्याउने र कोभिड-१९ को परिक्षणलाई व्यापक बनाउने व्यवस्था गर्न निर्देशन दिने ।
३. जिल्ला स्थित अस्पतालहरुमा रगतको अभाव हुन नदिन प्रत्येक जिल्लामा ब्लड बैंकको व्यवस्था गर्नका साथै कैलाली र कंचनपुर जिल्लाका अस्पतालहरुमा भेन्टिलेटरको संख्यामा थप गर्न निर्देशन दिने ।

## वैठक संख्या : ६९

## मिति : २०७७/०३/०४

१. चालु आर्थिक वर्षको अन्त्य भईरहँदा यस प्रदेश अन्तरगतका केही मन्त्रालय मातहतका निकायहरुले रकमान्तर तथा योजना बाँडफाँड गरेको भनी गुनासो प्राप्त हुन आएकोले सो सम्बन्धी सत्य तथ्य विवरण बुझ्न आवश्यक भएको हुँदा एकिन विवरण सहित भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय र उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयका सचिवज्यूहरुलाई मिति २०७७/०३/०६ गते बिहान ८:०० बजे समितिको वैठकमा बोलाउने निर्णय गरियो ।

## वैठक संख्या : ७०

## मिति : २०७७/०३/०६

१. भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास मन्त्रालय तथा मातहत निकायमा आर्थिक वर्षको अन्त्यमा भए गरेका योजनाको छनोट तथा रकमान्तर सम्बन्धमा उठान भएका विषयवस्तु माथि व्यापक छलफल गरियो ।
२. मन्त्रालयले रकमान्तर गर्दा औचित्यता पुष्टि हुने गरी मात्र रकमान्तर गर्न भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने ।
३. मन्त्रालयले सम्पादन गर्ने कार्यमा आर्थिक अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व बहन गर्ने गरी योजना कार्यान्वयनको पक्षलाई जोड दिन तीनवटै मन्त्रालयलाई निर्देशन दिने ।
४. योजनाको अख्तियारी समयमा नै प्रदान गर्नुपर्ने, कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउन अनुगमन, मुल्यांकनलाई निरन्तरता दिई योजनाको सम्झौता तथा कार्य सम्पन्न पश्चात रकम भुक्तानीको अधिकार सम्बन्धित जिल्ला स्थित कार्यालय तथा निकायहरुमा दिने व्यवस्थाका लागि तिनवटै मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

## वैठक संख्या : ७१

## मिति : २०७७/०३/११

१. मिति २०७६/११/१८ गतेको यस समितिको ५६ औं वैठकबाट गठन भएका उपसमितिहरुको म्याद ३५ दिन तोकिएकोमा उक्त म्याद समाप्त भईसकेको तथा विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण उपसमितिलाई तोकिएको जिम्मेवारी सम्पन्न गर्न नसकेको हुँदा दुइओटै छानविन उपसमितिलाई २०७७ साल असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ७२**

**मिति : २०७७/०३/१५**

सार्वजनिक लेखा समिति अन्तरगत छानविन उपसमितिले पेश गरेको प्रतिवेदन माथि समितिमा छलफल गरियो तथा थप छलफल अर्को वैठकमा गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ७४**

**मिति : २०७७/०४/०९**

१. मिति २०७७।०४।०५ गते सार्वजनिक खर्च प्रणाली अनुगमनमा संसदीय लेखा समितिको भूमिका विषयमा भएको भिडियो कन्फिरेन्स मार्फत प्रशिक्षण कार्यक्रम समष्टिगत रुपमा सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरुका लागि उपलब्धीमुलक भएको भनी समिक्षा गरियो।
२. बाह्रवन साझेदारी वन र सामुदायिक सिंचाइ परियोजना (CIP) को उजुरी सम्बन्धमा छानविन कार्यका लागि गठित छानविन उपसमितिले सार्वजनिक लेखा समितिमा पेश गरेको प्रतिवेदन माथि आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।
३. एम्बुलेन्स खरिद सम्बन्धमा छानविन गर्न गठित उपसमितिले समितिमा पेश गरेको प्रतिवेदन माथि उपसमिति तथा समितिका सम्पूर्ण सदस्यज्यूहरुको उपस्थितिमा आगामी वैठकमा समिक्षा गर्ने गरी छलफल कार्य अगाडी बढाउने निर्णय गरियो ।

**वैठक संख्या : ७६**

**मिति : २०७७/०६/०६**

१. सामुदायिक सिचाई परियोजना (CIP) सम्बन्धी उपसमितिले पेश गरेको प्रतिवेदन माथि व्यापक छलफल गरी सर्वसम्मतिले पारित गरियो ।
२. सुदूरपश्चिम प्रदेशको आ.व. २०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७७ लाई आगामी वैठकमा वृहत छलफल गर्ने निर्णय गरियो ।
३. समितिका केही माननीय सदस्यहरु समितिको वैठकमा नियमित रुपमा तोकिएको समयमा उपस्थित नहुने देखिएकाले सम्पूर्ण माननीय सदस्यहरुलाई वैठकमा नियमित रुपमा र समयमा नै उपस्थित हुनका लागि जानकारी गराउने निर्णय गरियो ।

## वैठक संख्या : ७८
## मिति : २०७७/०८/२२

१. सार्वजनिक लेखा समितिका सदस्य माननीय डिल्लीराज पन्त कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित हुनुभएकाले वाहाँको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गरियो ।

२. सुदूरपश्चिम प्रदेशको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ माथि सामान्य छलफल गरि आगामी वैठकमा छलफललाई निरन्तरता दिने निर्णय गरियो ।

## वैठक संख्या : ८१
## मिति : २०७७/१२/२९

१. यस समितिले हालसम्म गरेका गतिविधिहरुको बारेमा व्यापक छलफल र समिक्षा गर्दा यस भन्दा अघिका समितिको वैठकमा भएका निर्णयहरुको कार्यान्वयन पक्ष उपलब्धिमुलक हुन नसकेकाले अब उपरान्त समितिले गर्ने निर्णयहरुलाई निष्कर्षमा पुऱ्याई उपलब्धिमुलक बनाउने सर्वसम्मत निर्णय गरियो ।
२. यही मिति २०७७/०६/०८ गते र मिति २०७७/१२/०९ गतेको उजुरी सम्बन्धी निवेदनहरु समितिमा प्राप्त हुन आएकाले सो सम्बन्धमा के भएको हो यथार्थ खुलाई पठाउन उजुरीको प्रतिलिपि समेत संलग्न गरी सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो ।

## वैठक संख्या : ८२
## मिति : २०७७/१२/३०

यस प्रदेशको महालेखापरिक्षकको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदनको अध्ययन गरी विभिन्न प्रकारका बेरुजुहरुको फछ्र्यौट गराउने कार्यका लागि यस समितिका सदस्यहरु रहने तपशिल बमोजिमका मन्त्रालयगत उपसमितिहरु गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बेरुजु सम्बन्धमा छलफल उपसमिति

१. माननीय मान बहादुर धामी - संयोजक
२. माननीय बल बहादुर सोडारी - सदस्य
३. माननीय गोविन्द राज बोहरा - सदस्य
४. माननीय चुन कुमारी देवी चौधरी - सदस्य
५. माननीय अर्चना गहतराज - सदस्य

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालय सम्बन्धी बेरुजु छलफल उपसमिति

१. माननीय बलदेव रेग्मी - संयोजक
२. माननीय अमर बहादुर साउद - सदस्य
३. माननीय डिल्ली राज पन्त - सदस्य
४. माननीय देवकी मल्ल (थापा) - सदस्य
५. माननीय मना कुमारी साउद - सदस्य

## बैठक संख्या : ८३
## मिति : २०७८/०१/३१

१. विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण यस प्रदेश स्थित विभिन्न अस्पतालहरुमा बिरामीहरुका लागि बेड र अक्सिजनको अभाव भई दिनानुदिन अकालमै मृत्युवरण गर्नेको संख्या वृद्धि भईरहेकाले प्रदेश सरकारले अस्पतालहरुमा पर्याप्त मात्रामा अक्सिजन उपलब्ध गराउन नसक्नुको कारण साथै आवश्यक मात्रामा बेड तथा अक्सिजन उपलब्ध गराउन आगामी रणनीति बारे प्रदेश सरकारसँग जवाफ माग गर्ने ।
२. हालै प्रदेश सरकारले मर्मत सम्भारका लागि रु २० करोड रकम रकमान्तर गरेको भनी विभिन्न संचार माध्यमबाट जानकारी प्राप्त हुन आएकाले अहिलेको विषम् परिस्थितिमा मर्मत सम्भारका लागि भन्दा अस्पतालहरुमा स्वास्थ्य सामाग्री खरिद र पर्याप्त मात्रामा बेड तथा अक्सिजनको व्यवस्था गर्न अत्यावश्यक भएको हुँदा मर्मत सम्भारका लागि रकम विनियोजन नगरी नागरिकको स्वास्थ्य उपचारलाई पहिलो प्राथमिकता दिन प्रदेश सरकारलाई निर्देशन दिने ।
३. प्रदेशका बाढी पीडितको लागि रु २६ करोड बजेट विनियोजन गरिएको बारे प्रदेश सरकारसँग यथार्थ विवरण माग गर्ने ।
४. आ.व. २०७७/०७८ को वार्षिक बजेटमा विनियोजन नभएको रकम रु २० करोड प्रदेश सरकारको निर्णयबाट मर्मत सम्भार तर्फ रकमान्तर भएको भन्ने जानकारी प्राप्त हुन आएकोले सो सम्बन्धमा यस समितिको मिति २०७८/०१/३१ गतेको बैठकबाट उक्त रकमलाई के कसरी कुन आधारमा रकमान्तर गरिएको हो खुलाई पठाउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई पत्राचार गर्ने

## बैठक संख्या : ८४
## मिति : २०७८/०२/०२

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं ५२६ मिति २०७७।८।२४ गतेको पत्रबाट सामाजिक विकास मन्त्रालयलाई कोभिड-१९ को नियन्त्रण, व्यवस्थापन तथा उपचार गर्न विभिन्न कार्यक्रमहरुका लागि रु १२,८१,००,०००। (अक्षेरुपीः बाह्र करोड एकासी लाख) रकम भुक्तानीको लागि स्रोत सुनिश्चितता प्रदान गरिएकोले हालसम्म उक्त रकमको खर्चको अवस्था तथा खर्च गर्न नसकेको भए के कति कारणले खर्च गर्न नसकेको हो खुलाई पठाउन सामाजिक विकास मन्त्रालयलाई पत्राचार गर्ने ।

२. विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण विभिन्न अस्पतालहरुमा अक्सिजनको अभाव भई बिरामीले अकालमै मृत्युवरण गर्नु परिरहेको अवस्थालाई मध्येनजर गर्दै सार्वजनिक लेखा समितिको लागि खर्च शिर्षक नं. २२५२२ अन्तरगत अन्तर प्रदेश भ्रमणका लागि विनियोजन गरिएको रकम रु १०,००,०००। (दश लाख मात्र) रकमान्तर गरी अक्सिजनको खरिद कार्यका लागि प्रदेश सरकारलाई उपलब्ध गराउन प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने ।

## बैठक संख्या : ८५
## मिति : २०७८/०२/१४

१. सामाजिक विकास मन्त्रालयबाट कोभिड-१९ को नियन्त्रण, व्यवस्थापन तथा उपचार गर्न विभिन्न कार्यक्रमहरुका लागि भनी विनियोजन गरिएको रकमको खर्चको अवस्थाका सम्बन्धमा जवाफ माग गरिएकोमा उक्त मन्त्रालयको च.नं. २८२९ मिति २०७८/०२/१८ गतेको पत्रबाट प्राप्त भएको विवरण अध्ययन गरी कोभिड रोग व्यवस्थापन साथै प्रदेशस्तरका विभिन्न अस्पतालहरुमा अक्सिजन प्लान्ट खरिद गर्नका लागि आर्थिक मामिला मन्त्रालयबाट रु २२ करोड १७ लाख रकमको स्रोत सुनिश्चितता प्रदान गरिएको र संलग्न अन्य कागजातहरुको अध्ययन गरी सो विषयमा छलफल गरियो ।

२. कोरोना जस्तो विश्वव्यापी माहामारीको समयमा नागरिकलाई स्वास्थ्य सेवाबाट वन्चित नहुने गरी आवश्यक उपकरणहरुको समयमै व्यवस्थापन गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

## बैठक संख्या : ८६
## मिति : २०७८/०३/०२

१. यस समितिमा मिति २०७७/०६/०८ मा परेको उजुरीको सम्बन्धमा सामाजिक विकास मन्त्रालयबाट जवाफ माग गरिएकोमा उक्त मन्त्रालयको च.नं. २४६३ मिति २०७८/०१/०७ गतेको पत्रबाट प्राप्त जवाफका सम्बन्धमा बुँदागत रुपमा छलफल गरी आगामी बैठकमा सो बारे विस्तृत अध्ययन गर्ने निर्णय गरियो ।

२. भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा विभिन्न कार्यक्रमहरुको लागि भनी थप बजेट बाँडफाड गरिएका योजनाहरुको उपयुक्त समयमा समितिबाट अनुगमन गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ८७**
**मिति : २०७८/०३/०३**

१. यस समितिको मिति २०७७/१२/३० मा बसेको ८२ औं बैठकबाट महालेखापरिक्षकको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदनको अध्ययन गरी विभिन्न प्रकारका बेरुजुहरुको फछ्यौंट गराउने कार्यका लागि माननीय मान बहादुर धामीको संयोजकत्वमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बेरुजु सम्बन्धमा छलफल उपसमिति गठन गरिएकोमा उक्त उपसमितिका संयोजक मन्त्री पदमा नियुक्त भएका साथै माननीय चुन कुमारी चौधरी र माननीय अर्चना गहतराज राज्यमन्त्रीमा नियुक्त भएकाले उक्त उपसमितिको जिम्मेवारी माननीय बलदेव रेग्मी संयोजक रहेको उपसमितिलाई तोक्ने निर्णय गरियो ।
२. आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बेरुजु सम्बन्धमा छलफल उपसमितिका सदस्य माननीय बल बहादुर सोडारीलाई समेत माननीय बलदेव रेग्मीको संयोजकत्वमा रहेको उपसमितिमा रहने गरी सदस्यको जिम्मेवारी तोक्ने निर्णय गरियो ।
३. सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा बाढीका कारण खानेपानी, सिचाई तथा तटबन्धमा पुऱ्याएको क्षतिका लागि आर्थिक मामिला मन्त्रालयबाट रकम निकासा गरिएको भन्ने समितिमा जानकारी प्राप्त हुन आएकाले सो सम्बन्धमा यथार्थ बुझ्न आर्थिक मामिला मन्त्रालयका सचिवलाई मिति २०७८/०३/०४ गते बस्ने समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ८८**
**मिति : २०७८/०३/०४**

१. प्रत्येक आर्थिक वर्षको अन्तमा आर्थिक मामिला मन्त्रालयबाट विभिन्न शिर्षक अन्तरगत रकम निकासा, बाँडफाड र रकमान्तर हुने गरेको विषयमा आर्थिक मामिला मन्त्रालयका सचिवको उपस्थितिमा उक्त विषयमाथि छलफल गरियो साथै यस्तो प्रकृतिका असारे बजेट निकासा हुने कार्यलाई रोक्न र नियन्त्रण गर्न नीतिगत निर्णय गर्नुपर्ने विषयमा आगामी दिनमा सम्बन्धित पक्षसँग छलफल गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ८९**

**मिति : २०७८/०३/०६**

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त उजुरी सम्बन्धी कागजातहरुको समितिमा अध्ययन तथा छलफल गरी बाँकी छलफल आगामी वैठकमा गर्ने निर्णय गरियो ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त जवाफ सम्बन्धी पत्रको समितिमा मन्त्रालयगत रुपमा छलफल गरियो ।

**वैठक संख्या : ९०**

**मिति : २०७८/०३/१०**

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले Vaccine Cool Box and Vaccination Materials को खरिद कार्यका लागि बोलपत्र आव्हान गर्दा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेको भए उक्त सूचनाको प्रतिलिपी समितिमा प्राप्त हुन नसकेकाले यथाशिघ्र समितिमा उपलब्ध गराउन पत्राचार गर्ने ।

२. कंचनपुर जिल्लामा पशुपंक्षी आहारा उद्योग स्थापना सहयोग कार्यक्रम अन्तरगत रु ४० लाख बजेट रहेकोमा उक्त कार्यक्रमको लागि सूचना प्रकाशित गरी जयकिसान दाना उद्योग, कृष्णपुर ४ मौवाफाटा कंचनपुरलाई छनौट समेत गरिसके पश्चात उक्त कार्यक्रमलाई स्थगित गरी रकमान्तरका लागि आर्थिक मामिला मन्त्रालयमा लेखी पठाएको भन्ने समितिमा जानकारी प्राप्त हुन आएकोले सो सम्बन्धमा के भएको हो यथार्थ खुलाई पठाउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गर्ने ।

३. कुखुराको ह्याचरी एवं ब्रुडिङ सेन्टर स्थापनाका लागि रु ५० लाख, चुरे क्षेत्रमा लोकल कुखुराको फर्म स्थापनाका लागि रु ८० लाख र मिल्क चकलेटका लागि रु १ करोड रकमको सम्बन्धमा प्रगति के कति भएको छ ? खुलाई पठाउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गर्ने ।

**वैठक संख्या : ९१**

**मिति : २०७८/०३/१५**

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खरिद गरेको डिस्पोजेबल एप्रोन लगायतका सामाग्री सम्बन्धी छलफल भई आगामी वैठकमा मन्त्रालयका सचिवलाई बोलाई खरिद गरेका सामाग्रीहरु बारे थप छलफल अगाढी बढाउने निर्णय गरियो ।

**वैठक संख्या : ९२**

**मिति : २०७८/०३/१८**

१. डडेल्धुरा, वैतडी र दार्चुला जिल्लामा रहेका विभिन्न योजनाहरुको अनुगमन तथा निरिक्षण कार्यका लागि मिति २०७८/०३/१८ गतेदेखी मिति २०७८/०३/२३ गतेसम्म माननीय सभापति लगायत समितिका सदस्यज्यूहरु तथा समिति सचिवालयका कर्मचारीहरुको टोली खटीई जाने निर्णय गरियो ।

**वैठक संख्या : ९३**

**मिति : २०७८/०३/३०**

१. सुदूरपश्चिम प्रदेश अन्तरगतका विभिन्न निकायहरुको आर्थिक वर्ष २०७५/०७६ को बेरुजु सम्बन्धमा अध्ययन तथा छलफल गरी प्रतिवेदन पेश गर्न गठित उपसमितिले तयार पारेको प्रतिवेदन आजको समितिको वैठकमा पेश गरेकाले उक्त प्रतिवेदन माथि आगामी वैठकमा छलफल कार्य अगाडी बढाउने निर्णय गरियो ।

**वैठक संख्या : १**

**मिति : २०७८/०४/२७**

१. यस समितिको मिति २०७८/०३/१० गतेको निर्णयानुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई मिति २०७८।०३।१४ गते पत्राचार गरी विवरण माग गरिएकोमा हालसम्म पनि उक्त विवरणहरु समितिलाई उपलब्ध नगराएको हुँदा २(दुई) दिन भित्र यस समितिमा प्राप्त हुने गरी पठाउन मन्त्रालयलाई पुनः पत्राचार गर्ने निर्णय गरियो ।

२. आर्थिक वर्ष २०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७७ ले औँल्याएको बेरुजुको अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न गठित उपसमितिले पेश गरेको प्रतिवेदन माथि मिति २०७८/०४/२८ गते दिनको १:०० बजे समितिको वैठक बसी छलफल गर्ने निर्णय गरियो ।

**वैठक संख्या : २**

**मिति : २०७८/०४/२८**

आजको वैठकमा बेरुजु छलफल उपसमितिले पेश गरेको प्रतिवेदन माथि छलफल भई प्रदेश सभा सचिवालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक वर्ष २०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७७ ले औँल्याएको बेरुजुको सम्बन्धमा बुँदागत रुपमा अध्ययन तथा छलफल गरियो साथै अर्को वैठक मिति २०७८/०४/२९ गते बिहान ११:०० बजे बस्ने निर्णय गरियो ।

**वैठक संख्या : ३**

**मिति : २०७८/०४/२९**

आजको वैठकमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७७ ले औँल्याएको बेरुजुको सम्बन्धमा बुँदागत रुपमा अध्ययन तथा छलफल गरियो साथै अर्को वैठक मिति २०७८/०४/३१ गते दिनको १:०० बजे बस्ने निर्णय गरियो ।

**वैठक संख्या : ४**

**मिति : २०७८/०४/३१**

आजको वैठकमा भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७७ ले औंल्याएको बेरुजुको सम्बन्धमा बुँदागत रुपमा अध्ययन तथा छलफल गरियो साथै अर्को वैठक मिति २०७८/०४/३२ गते बिहान ११:०० बजे बस्ने निर्णय गरियो ।

**वैठक संख्या : ५**

**मिति : २०७८/०४/३२**

आजको वैठकमा सामाजिक विकास मन्त्रालय र मुख्यन्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७७ ले औंल्याएको बेरुजुको सम्बन्धमा बुँदागत रुपमा अध्ययन तथा छलफल गरियो ।

**वैठक संख्या : ६**

**मिति : २०७८/०५/०१**

१. आर्थिक वर्ष २०७५/०७६ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, २०७७ माथि छलफल गर्न महालेखा परिक्षकको कार्यालयबाट प्रतिनिधी खटाई पठाउन पत्राचार गर्ने निर्णय गरियो ।

**वैठक संख्या : ७**

**मिति : २०७८/०७/०९**

आ.व. २०७७/०७८ मा GH Medi Health Concern Pvt. Ltd. बाट Supply and Delivery of Vaccination Cool Box and Vaccination materials मालसामान र सम्बद्ध सेवाहरु आपूर्ति गरिएको सम्बन्धमा छलफल गर्न माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री र सचिवज्यूलाई मिति २०७८/०७/१० गते दिनको २:३० बजे समितिको वैठकमा बोलाउने निर्णय गरियो ।

**वैठक संख्या : ८**

**मिति : २०७८/०७/१०**

१. सार्वजनिक लेखा समितिको मिति २०७८/०७/०९ गतेको निर्णयानुसार Vaccination Cool Box and Vaccination materials को खरिद कार्य सम्बन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री तथा सचिवज्यूलाई मिति २०७८/०७/१० गतेको समितिको वैठकमा आमन्त्रण गर्ने निर्णय भएकोमा निजहरु उपस्थित हुन नसक्ने भएकाले आगामी वैठकमा उक्त छलफलका लागि बोलाउने निर्णय गरियो ।

२. चालु आ.व. मा यस समितिका लागि अन्तर प्रदेश भ्रमण गर्न बजेट विनियोजन भएको हुँदा समितिका पदाधिकारी र समिति सचिवालयका कर्मचारीहरु सहित कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा

असल अभ्यास आदान प्रदान गर्न साथै अन्तर प्रदेश अवलोकन गर्नका लागि भ्रमण कार्यक्रमको समय तालिका बनाई अन्तर प्रदेश भ्रमण गर्ने निर्णय गरियो।

## वैठक संख्या : ९

## मिति : २०७८/०७/१५

आजको वैठकमा माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, सचिव तथा खरिद इकाई प्रमुखको उपस्थितिमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७७/०७८ मा Supply and Delivery of Vaccination Cool Box and Vaccination materials को खरिद प्रक्रिया तथा डिस्पोजेबल एप्रोनको खरिद गर्दा अस्वभाविक मुल्यमा गरिएको सम्बन्धमा व्यापक छलफल गरियो र सो सम्बन्धमा समितिले आगामी वैठकमा थप छलफल गरी निस्कर्षमा पुग्ने निर्णय गरियो।

## वैठक संख्या : १०

## मिति : २०७८/१०/०५

१) समितिमा प्राप्त उजुरी निबेदनका आधारमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७७/०७८ मा MOLMAC/P7/G/NCB/2077/78/01/P2 (Supply and Delivery of Vaccination Cool Box and Vaccination materials) खरिदसँग सम्बन्धित कागजातहरु अध्ययन गर्दा तपशिल बमोजिमको निष्कर्षमा पुगेको छ ।

<u>तपशिल</u>

१. बोलपत्र आव्हानको सूचना उपलब्ध नगराएको ।

२. मिति २०७७/०६/२० मा लागत अनुमान स्वीकृति गरी बोलपत्र प्रकाशन गरियो । उक्त बोलपत्र खोलेको मुचुल्कामा मिति २०७७/०७/०२ गते प्रकाशित सूचना भनी उल्लेख भएको तर मिति २०७७/०८/०४ गतेको टिप्पणीमा मिति २०७७/०६/०२ गते प्रकाशित सूचना भनी उल्लेख भएकोले बोलपत्र कुन मितिमा प्रकाशित भयो भन्ने समेत दुविधा भएको।

३. मिति २०७७।०८।०७ मा प्रकाशित १५ दिने सूचनाको बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७७।०८।२१ र बोलपत्र दाखिला तथा खोल्ने मिति २०७७।०८।२२ गते हुनु पर्नेमा मिति २०७७।०८।१७ गते ५ दिन अगाबै बोलपत्र खोली पूर्णता परिक्षण गरेको देखियो।

४. सामाग्री खरिदका लागि पूनः बोलपत्र आव्हान गर्न उठाइएको टिप्पणीमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को (४क) बमोजिम १५ दिनको सूचना आह्वान गर्नुपर्नेमा उक्त ऐनको दफा १४ को (४ख) बमोजिम १५ दिनको सूचना आव्हान गर्ने भनी उल्लेख गरिएको।

५. मुल्यांकन समितिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६६ बमोजिम प्रतिवेदन पेश नगरेको ।

६. मिति २०७७/०९/१३ मा प्रकाशित आशयको सूचना पश्चात G.H. Medihealth Concern Pvt. Ltd. Bhaktapur को बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(३) बमोजिम सार्वजनिक निकायले स्वीकृत गर्नुपर्नेमा तत्सम्बन्धी कागजात समितिलाई उपलब्ध नगराएको ।

७. आर्थिक वर्ष २०७७/०७८ को मन्त्रालयको बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत ब.उ.शि.नं. ३१२०००११ र खर्च शि.नं. २२५२२ मा रु ४ करोड रकम विनियोजन गरिएकोमा उक्त रकमलाई बाँडफाँड गरेको मन्त्रिस्तरीय/सचिवालयस्तरीय निर्णय प्राप्त नभएको ।

८. मन्त्रालयले बजार मुल्य अनुसार करिब रु १५० देखी रु १६० पर्ने Disposable Apron लाई रु १०३८। (भ्याट बाहेक) मा खरिद गरेको पाइयो । रु १६० का दरले ४५०० थान खरिद गर्दा रु ७,२०,०००। पर्न जाने Disposable Apron मन्त्रालयले रु १०३८ का दरले ४५०० थान खरिद गरी रु ४६,७१,०००।- रकम खर्च गरेको पाइयो । यसबाट रु ३९,५१,०००। रकम बढी खर्च गरेको देखियो । यस सार्वजनिक लेखा समितिले बजार अनुगमनका क्रममा अध्ययन गर्दा Disposable Apron र मन्त्रालयले खरिद गरेको Disposable Apron को गुणस्तर, साइज, बनोट भन्दा राम्रो अधिकतम रु १६० मा बजारमा उपलब्ध हुँदा हुँदै मन्त्रालयले बोलपत्र मार्फत कमसल गुणस्तरको Disposable Apron लाई रु १०३८। (भ्याट बाहेक) खरिद गरेको देखिदा अस्वभाविक मुल्य वृद्धि गरी खरिद गर्ने कार्य भए गरेकोले बजार अनुगमनका क्रममा प्राप्त Disposable Apron को बजार मुल्यको बील यसै साथ संलग्न छ यस कारण प्रचलित ऐन नियम अनुसार छानविन गर्न सम्बन्धित निकायमा लेखी पठाउने ।

अतः माथि उल्लेखित व्यहोराबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७७/०७८ मा Supply and Delivery of Vaccination Cool Box and Vaccination materials को खरिद सम्बन्धमा सार्वजनिक लेखा समितिमा उजुरी परे पश्चात छानविनका क्रममा मन्त्रालयबाट सम्बन्धित कागजात मगाउदा समयमा नै उपलब्ध नगराउनु, पटक-पटक ताकेता गर्दा समेत अधुरो, अस्पष्ट कागजात उपलब्ध गराउनु र समितिको मिति २०७८/०७/१५ गतेको वैठकमा सम्बन्धित मन्त्रालयका मन्त्रिज्यू, सचिवज्यू र सम्बन्धित कर्मचारीलाई बोलाई सोधपुछ गर्दा समेत चित्त बुझ्दो जवाफ प्राप्त नभएकाले उक्त खरिद प्रक्रियामा आर्थिक हिनामिना भएको आशंका देखिएकोले थप अनुसन्धान र छानविन गरी कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायहरुमा लेखि पठाउन सार्वजनिक लेखा समितिले ठहर गर्दछ ।

## वैठक संख्या : ११
## मिति : २०७८/११/०३

१. भू तथा जलाधार व्यवस्थापन कार्यालय, डडेल्धुरा, कृषि विकास निर्देशनालय र पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, डोटीबाट संचालित विभिन्न योजनाहरु, मुख्यमन्त्री कृषि आधुनिकीकरण परियोजना

अन्तरगतका कार्यक्रमको मिति २०७८/११/०४ गतेदेखी अवलोकन तथा निरिक्षण गर्नुका साथै निर्देशक तथा कार्यालय प्रमुखज्यूहरुसँग अन्तरक्रिया तथा छलफल गर्ने ।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट मार्फत कैलाली जिल्लाको घोडाघोडी नगरपालिका वडा नं. १० मा सुदूरपश्चिम मोहन्याल कृषि तथा पशुपालन शित भण्डार प्रा.लि. र कंचनपुर जिल्ला स्थित कृष्णपुर नगरपालिकामा नेपाल फर्टिलाजर इन्डस्टिका लागि रकम छुट्याएको हुँदा दुवैको अनुगमन तथा निरिक्षण गर्ने निर्णय गरियो ।

## वैठक संख्या : १२
## मिति : २०७८/११/१८

१. यस समितिले कैलाली, कंचनपुर र डडेल्धुरा जिल्लामा रहेका विभिन्न योजनाहरुको अवलोकन गरेको हुँदा सो सम्बन्धमा छलफल गर्न माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री तथा सचिवज्यूलाई मिति २०७८/११/२० गते बिहान ११:०० बजे समितिको वैठकमा आमन्त्रण गर्ने ।

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालय, डडेल्धुरामा कार्यबोझ अत्यधिक भएकोले कार्यरत न्यून जनशक्तिबाट समयमा योजना कार्यान्वयन गर्न समस्या उत्पन्न भइरहेको हुँदा आवश्यक मात्रामा प्राविधिक कर्मचारी संख्या थप गर्ने वा प्रत्येक जिल्लामा १/१ कार्यालय थप गर्न उपयुक्त हुने हुँदा यथाशिघ्र आवश्यक व्यवस्थाका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।

## वैठक संख्या : १३
## मिति : २०७८/११/२०

आजको वैठकबाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेशलाई देहाय बमोजिम निर्देशन दिने निर्णय गरियो :

**निर्णय नं. १ :**

सुदूरपश्चिम शितगृह, घोडाघोडी नगरपालिका-१० कैलालीमा समितिले अनुगमन गर्दा उक्त शितगृह आफ्नै स्वामित्वको ८ कट्ठा जमिनमा ४००० मे.ट. क्षमताको भौतिक संरचना निर्माण भई सुचारु अवस्थामा रही सुदूरपश्चिमका विभिन्न जिल्लाका कृषकहरुलाई तरकारी तथा फलफुल भण्डारणका लागि सहज भइरहेको देखिएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट अनुसार उक्त शितगृहका लागि विनियोजत अनुदान रकमको दुरुपयोग नहुने गरी आवश्यक कानूनी प्रक्रिया बमोजिम उपलब्ध गराउन निर्देशन दिने ।

**<u>निर्णय नं. २ :</u>**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट अनुसार नेपाल फर्टिलाइजर इन्डस्ट्री, कृष्णपुर नगरपालिका-६ कंचनपुरका लागि अनुदान रकम विनियोजन गरेको भए तापनि उक्त इन्डस्ट्रीको नाममा कुनै पनि जग्गा जमिन नभएको र हालसम्म कुनै पनि भौतिक संरचनाहरु निर्माण नभएको समितिको स्थलगत अनुगमनबाट देखिएको हुँदा विनियोजित अनुदान रकमको दुरुपयोग हुन सक्ने सम्भावना रहेकोले आवश्यक कानूनी प्रक्रिया बमोजिम गर्न निर्देशन दिने ।

## वैठक संख्या : १४
## मिति : २०७९/०२/२७

आजको वैठकबाट आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेशलाई देहाय बमोजिम निर्देशन दिने निर्णय गरियो :

१. प्रदेश अन्तरगतका विभिन्न मन्त्रालयहरुमा चालु आर्थिक वर्षको अन्त्यमा रकमान्तर गरिरहेको भन्ने जानकारी समितिमा प्राप्त हुन आएको हुँदा यदि यस्तो कार्य ताहाँ मन्त्रालयबाट भएको भए यसको औचित्यता तथा आवश्यकता खुलाई यथाशिघ्र यस समितिमा पठाउनुका साथै आर्थिक वर्षको अन्त्यमा हुने यसता गतिविधिले कार्यको नतिजा तथा गुणस्तरियतामा समेत प्रश्न चिन्ह खडा हुन सक्ने भएको हुँदा यसलाई रोक्न निर्देशन दिने ।

२. सुदूरपश्चिम प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट के कति खर्च गरेको छ तथा हालसम्मको प्रगति के कति भएको छ खुलाई पठाउन निर्देशन दिने ।

## वैठक संख्या : १५
## मिति : २०७९/०३/०१

महालेखापरीक्षकको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन माथि छलफल गर्न समितिका माननीय सदस्यहरुलाई तपशिल बमोजिमको मन्त्रालयगत कार्यजिम्मेवारी तोक्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. सभापति माननीय कुमारी नन्दा वम | - भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| २. माननीय बल बहादुर सोडारी | - आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. माननीय पठान सिंह बोहरा | - भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ४. माननीय अर्चना गहतराज | - आर्थिक मामिला मन्त्रालय |
| ५. माननीय बलदेव रेग्मी | - उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ६. माननीय देवकी मल्ल | - प्रदेश सभा सचिवालय, मुख्यन्यायाधिवक्ताको कार्यालय |
| ७. माननीय रतन बहादुर थापा | - सामाजिक विकास मन्त्रालय |

## बैठक संख्या : १६
## मिति : २०७९/०३/०२

१. महालेखापरीक्षणकको कार्यालयका प्रतिनिधि तथा सम्बन्धित मन्त्रालयका सचिव र लेखा प्रमुखको उपस्थितिमा महालेखापरीक्षकको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदनमा तपशिल बमोजिमको कार्यतालिका बमोजिम छलफल गर्न सम्बन्धित मन्त्रालय/निकायका सचिव तथा लेखा प्रमुखलाई पत्राचार गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| मिति २०७९/०३/०३ गते | | |
|---|---|---|
| सि.नं. | मन्त्रालय/निकायको नाम | समय |
| १ | प्रदेश सभा सचिवालय | बिहान ८:०० बजे |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बिहान ११:०० बजे |
| ३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | दिनको १:०० बजे |
| ४ | आर्थिक मामिला मन्त्रालय | दिनको ३:०० बजे |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५:०० बजे |
| मिति २०७९/०३/०४ गते | | |
| १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | बिहान ८:०० बजे |
| २ | सामाजिक विकास मन्त्रालय | बिहान ११:०० बजे |
| ३ | भौतिक पूर्वाधार विकास मन्त्रालय | दिनको २:०० बजे |

२. यस समितिका पदाधिकारी तथा कर्मचारीहरु गरी जम्मा १० जनाको टोली असल अभ्यास आदान प्रदान तथा अन्तरप्रदेश अवलोकन भ्रमण गर्नका लागि मिति २०७९/०३/०५ गतेदेखि मिति २०७९/०३/०९ गतेसम्म प्रदेश नं. १ मा अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

**उपसमितिका निर्णयहरु :**

(क) माननीय अमर बहादुर साउँदको संयोजकत्वमा गठित छानविन उपसमितिले गरेका निर्णयहरु :

## मिति २०७६/११/२१
## बैठक संख्या - १

बाह्रवन साझेदारी वन र सामुदायिक सिचाई परियोजना (CIP) द्वारा संचालित भएका योजना कार्यक्रमका सम्बन्धमा प्राप्त उजुरी माथि छानविनका लागि गठित उपसमितिलाई प्राप्त अधिकार बमोजिम आवश्यक सम्पूर्ण छानविन प्रक्रिया अघि बढाउने निर्णय सर्वसम्मत पास गरियो ।

## मिति २०७६/११/२९
## वैठक संख्या - २

बाह्रवन साझेदारी वन र सामुदायिक सिचाई परियोजना (CIP) सँग सम्बन्धित आवश्यक कागजात झिकाउने भन्ने निर्णय गरियो ।

## मिति २०७६/१२/०७
## वैठक संख्या - ३

कैलाली जिल्ला स्थित साविकका विभिन्न नगरपालिका तथा गा.वि.स. मा रहेका सामुदायिक सिचाई परियोजनाद्धारा संचालित १६ वटा आयोजनाहरुको अनुगमन तथा निरिक्षण कार्यका लागि यस उपसमितिका पदाधिकारीज्यूहरु मिति २०७६ चैत्र ९ गते देखी खटिई जाने निर्णय गरियो ।

## मिति २०७६/१२/०८
## वैठक संख्या - ४

सार्वजनिक लेखा समितिको मिति २०७६/११/१८ गतेको निर्णयानुसार यस उपसमितिलाई बाह्रवन साझेदारी वनको स्थलगत अध्ययन, अनुगमन, अनुसन्धान तथा राय परामर्श लगायत सम्पूर्ण छानविन प्रक्रियाका लागि अधिकार प्रदान गरिएकोमा उक्त कार्य विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण स्थगित गरी उपयुक्त र अनुकुल समयमा अगाढी बढाउने गरी सार्वजनिक लेखा समितिमा जानकारी गराउने निर्णय गरियो ।

## मिति २०७७/०३/२२
## वैठक संख्या - ५

मिति २०७६/१२/०७ गतेको उपसमितिको निर्णयानुसार मिति २०७६/१२/०९ गतेदेखी कैलाली जिल्ला स्थित सम्पूर्ण सामुदायिक सिचाई परियोजना (CIP) हरुको स्थलगत अवलोकन, अध्ययन तथा अनुसन्धान गर्ने निर्णय गरिएकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण उक्त कार्य पूर्ण रुपमा सम्पन्न गर्न नसकी कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं. ५ मा टेङ्गना सिचाई आयोजना र वडा नं. ४ मा रहेको भुलभुलैया सिचाई आयोजनाको अध्ययन तथा अनुसन्धान कार्य मात्र सम्पन्न गरी तयार पारिएको प्रतिवेदन सार्वजनिक लेखा समितिमा पेश गर्ने निर्णय गरियो ।

**(ख) माननीय कुमारी नन्दा वमको संयोजकत्वमा गठित छानविन उपसमितिले गरेका निर्णयहरु :**

## मिति २०७६/११/२०

## वैठक संख्या - १

सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीबाट खरिद गरी वितरण गरिएका एम्बुलेन्सको खरिद प्रकृया सम्बन्धी प्राप्त उजुरीका सम्बन्धमा उठित छानविन उपसमितिलाई प्राप्त अधिकार बमोजिम आवश्यक पर्ने सम्पूर्ण छानविनको प्रकृया तथा कामकारबाही अगाढी बढाउने निर्णय गरियो ।

## मिति २०७७/०३/१२

## वैठक संख्या - २

सामाजिक विकास मन्त्रालयबाट एम्बुलेन्स खरिद सम्बन्धी आवश्यक कागजात माग गरिएको र उक्त कागजातहरुको अध्ययन गरी यथार्थ विवरण पेश गर्न सम्बन्धित विषय विज्ञको परामर्श लिनु पर्ने भएकाले सो सम्बन्धी विज्ञको व्यवस्था मिलाउन प्रदेश सभा सचिवालयमा लेखी पठाउने निर्णय गरियो।

## मिति २०७७/०३/१४

## वैठक संख्या - ३

सामाजिक विकास मन्त्रालयबाट खरिद गरिएका एम्बुलेन्सको उजुरी माथि छानविन गर्न गठित सार्वजनिक लेखा समिति अन्तरगत छानविन उपसमितिलाई दिइएको कार्यदिश बमोजिम आवश्यक अध्ययन गरी तयार पारिएको प्रतिवेदन सार्वजनिक लेखा समितिमा पेश गर्ने निर्णय गरियो ।

**२.२ सार्वजनिक लेखा समिति गठन भएको मिति २०७५/०४/०१ देखि मिति २०७९/०५/१४ गतेसम्म प्रतिनिधित्व गरी समिति/उपसमितिमा रही कार्यसम्पन्न गर्नु भएका तथा कार्य गरिरहनु भएका माननीय सदस्यज्यूहरुको कार्यगत विवरण :**

सार्वजनिक लेखा समितिको हालसम्म बसेको जम्मा वैठक संख्या : १४१

समितिको पहिलो वैठक बसेको मिति : २०७५/०४/०१

समितिको पहिलो प्रतिवेदन प्रकाशित मितिसम्म अन्तिम वैठक बसेको मिति : २०७९/०५/१४

आर्थिक वर्ष २०७५/०७६ मा समितिको जम्मा वैठक संख्या : ३६

आर्थिक वर्ष २०७६/०७७ मा समितिको जम्मा वैठक संख्या : ३८

आर्थिक वर्ष २०७७/०७८ मा समितिको जम्मा वैठक संख्या : २०

आर्थिक वर्ष २०७८/०७९ मा समितिको जम्मा वैठक संख्या : ३१

आर्थिक वर्ष २०७९/०८० मा समितिको जम्मा वैठक संख्या : १६

| क्र.सं. | नाम, थर | पद | समितिमा उपस्थित रहनु भएको वैठक संख्या | समितिमा अनुपस्थित रहनु भएको वैठक संख्या | समितिमा रहनु भएको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माननीय कुमारी नन्दा वम | सभापति | १४० | १ | मिति २०७५/०४/०१ देखि मिति २०७९/०५/१४ सम्म | |
| २ | माननीय बल बहादुर सोडारी | सदस्य | ११५ | २५ | मिति २०७५/०४/०१ देखि मिति २०७९/०५/१४ सम्म | ज्येष्ठ सदस्यबाट सभापतित्व (मिति २०७५/०४/०१ देखि मिति २०७५/०६/२२ सम्म) |
| ३ | माननीय पठान सिंह बोहरा | सदस्य | ३३ | ७ | मिति २०७८/०७/०९ देखि मिति २०७९/०५/१४ सम्म | |
| ४ | माननीय अर्चना गहतराज | सदस्य | ७३ | ५१ | मिति २०७५/०४/०१ देखि मिति २०७९/०५/१४ सम्म | मिति २०७८/०३/०२ देखी २०७८/०७/०९ सम्म राज्यमन्त्री |
| ५ | माननीय चुन कुमारी देवी चौधरी | सदस्य | ३८ | ३८ | मिति २०७५/०४/०१ देखि मिति २०७९/०५/१४ सम्म | मिति २०७७/१२/३१ देखी २०७९/०३/३० सम्म राज्यमन्त्री |
| ६ | माननीय बलदेव रेग्मी | सदस्य | ८० | ५९ | मिति २०७५/०४/०१ देखि मिति २०७९/०५/१४ सम्म | |
| ७ | माननीय देवकी मल्ल (थापा) | सदस्य | ८१ | ५० | मिति २०७५/०६/०७ देखि मिति २०७९/०५/१४ सम्म | |
| ८ | माननीय रतन बहादुर थापा | सदस्य | १३ | २६ | मिति २०७८/०७/०९ देखि मिति २०७९/०५/१४ सम्म | |
| ९ | माननीय भरत बहादुर खड्का | सदस्य | ५६ | २० | मिति २०७५/०४/०१ देखि मिति २०७७/०३/१५ सम्म | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | माननीय मान बहादुर धामी | सदस्य | ५४ | ३३ | मिति २०७५/०४/०१ देखि<br>मिति २०७८/०२/०२ सम्म | |
| ११ | माननीय कुलविर चौधरी | सदस्य | ५ | ७ | मिति २०७५/०४/०१ देखि<br>मिति २०७५/०६/०९ सम्म | |
| १२ | माननीय मना कुमारी साउँद | सदस्य | ५७ | १७ | मिति २०७५/०६/२२ देखि<br>मिति २०७८/०२/१४ सम्म | |
| १३ | माननीय कर्ण बहादुर मल्ल | सदस्य | ३४ | ४२ | मिति २०७५/०४/०१ देखि<br>मिति २०७७/०३/१५ सम्म | |
| १४ | माननीय कुन्ति जोशी | सदस्य | ३ | ५ | मिति २०७५/०४/०१ देखि<br>मिति २०७५/०६/०४ सम्म | |
| १५ | माननीय डिल्लीराज पन्त | सदस्य | ५ | १९ | मिति २०७७/१२/०९ देखि<br>मिति २०७८/०३/०६ सम्म | |
| १६ | माननीय अमर बहादुर साउँद | सदस्य | ९५ | ११ | मिति २०७५/०४/०१ देखि<br>मिति २०७८/११/२० सम्म | |

## २.३ मासिक रुपमा भए गरेका समिति वैठकका विवरणहरु :

## (२०७५ श्रावण ०१ गतेदेखि २०७९ भाद्र १४ गतेसम्म)

| महिना | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० |
|---|---|---|---|---|---|
| साउन | २०७५/०४/०१,२०७५/०४/०१, २०७५/०४/०५<br>जम्मा वैठक संख्या - ३ | २०७६/०४/०१,२०७६/०४/०५, २०७६/०४/०८,२०७६/०४/०९, २०७६/०४/१५,२०७६/०४/१७<br>जम्मा वैठक संख्या - ६ | २०७७/०४/०९, २०७७/०४/११<br>वैठक संख्या - २ | २०७८/०४/२७,२०७८/०४/२८, २०७८/०४/२९,२०७८/०४/३१, २०७८/०४/३२<br>जम्मा वैठक संख्या - ५ | २०७९/०४/०१,२०७९/०४/०२, २०७९/०४/०३,२०७९/०४/०४, २०७९/०४/१३,२०७९/०४/१४, २०७९/०४/१७,२०७९/०४/१९, २०७९/०४/२६,२०७९/०४/२९, २०७९/०४/३०<br>जम्मा वैठक संख्या - ११ |
| भाद्र | २०७५/०५/०९,२०७५/०५/१३, २०७५/०५/२८,२०७५/०५/२९.<br>जम्मा वैठक संख्या - ४ | २०७६/०५/२६,२०७६/०५/२७<br>जम्मा वैठक संख्या - २ | - | २०७८/०५/०१<br>जम्मा वैठक संख्या - १ | २०७९/०५/०६,२०७९/०५/०७, २०७९/०५/०१,२०७९/०५/१०, २०७९/०५/१३,२०७९/०५/१४,<br>जम्मा वैठक संख्या - ६ |
| असोज | २०७५/०६/०४,२०७५/०६/०७, २०७५/०६/०८,२०७५/०६/०९, २०७५/०६/२२ मा जम्मा - २<br>जम्मा वैठक संख्या - ६ | २०७६/०६/१०<br>जम्मा वैठक संख्या - १ | २०७७/०६/०६, २०७७/०६/१२<br>वैठक संख्या - २ | - | - |
| कार्तिक | - | २०७६/०७/२०<br>जम्मा वैठक संख्या - १ | - | २०७८/०७/०९,२०७८/०७/१०, २०७८/०७/१५<br>जम्मा वैठक संख्या - ३ | - |
| मंसिर | - | २०७६/०८/०५,२०७६/०८/२३, २०७६/०८/२५<br>जम्मा वैठक संख्या - ३ | २०७७/०८/२२<br>वैठक संख्या - १ | - | - |
| पौष | - | २०७६/०९/१८,२०७६/०९/२१, २०७६/०९/२५,२०७६/०९/२९<br>जम्मा वैठक संख्या - ४ | २०७७/०९/०३<br>वैठक संख्या - १ | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| माघ | २०७५/१०/०३,२०७५/१०/२५,<br>२०७५/१०/२८,२०७५/१०/२९<br>जम्मा वैठक संख्या - ४ | २०७६/१०/१६<br>जम्मा वैठक संख्या - १ | - | २०७८/१०/०५<br>जम्मा वैठक संख्या - १ | - |
| फाल्गुन | २०७५/११/०९,२०७५/११/१०,<br>२०७५/११/२९,२०७५/११/३०,<br>जम्मा वैठक संख्या - ४ | २०७६/११/०६,२०७६/११/०७,<br>२०७६/११/०८,२०७६/११/१२,<br>२०७६/११/१३,२०७६/११/१८,<br>२०७६/११/३०<br>जम्मा वैठक संखया - ७ | २०७७/११/०७<br>वैठक संख्या - १ | २०७८/११/०३,<br>२०७८/११/१८,<br>२०७८/११/२०<br>जम्मा वैठक संख्या - ३ | - |
| चैत्र | २०७५/१२/०६,२०७५/१२/०८,<br>२०७५/१२/१८,२०७५/१२/२१,<br>२०७५/१२/२२,२०७५/१२/२४,<br>२०७५/१२/२६<br>जम्मा वैठक संख्या - ७ | - | २०७७/१२/२९,<br>२०७७/१२/३०<br>वैठक संख्या - २ | - | - |
| वैशाख | २०७६/०१/२३<br>जम्मा वैठक संख्या - १ | २०७७/०१/१२,<br>२०७७/०१/१४<br>जम्मा वैठक संख्या - २ | २०७८/०१/३१<br>वैठक संख्या - १ | - | - |
| जेठ | २०७६/०२/३०,२०७६/०२/३१,<br>२०७६/०२/३२,<br>जम्मा वैठक संख्या - ३ | २०७७/०२/०१,२०७७/०२/०२,<br>२०७७/०२/०५,२०७७/०२/०६,<br>२०७७/०२/०७,२०७७/०२/०८<br>जम्मा वैठक संख्या - ६ | २०७८/०२/०२,<br>२०७८/०२/१४,<br>वैठक संख्या - २ | २०७९/०२/२८<br>जम्मा वैठक संख्या - १ | - |
| असार | २०७६/०३/२७,२०७६/०३/२९,<br>२०७६/०३/३०,२०७६/०३/३१,<br>जम्मा वैठक संख्या - ४ | २०७७/०३/०४,<br>२०७७/०३/०६,<br>२०७७/०३/११,<br>२०७७/०३/१५,<br>२०७७/०३/२८<br>जम्मा वैठक संख्या - ५ | २०७८/०३/०२,<br>२०७८/०३/०३,<br>२०७८/०३/०४,<br>२०७८/०३/०६,<br>२०७८/०३/१०,<br>२०७८/०३/१५,<br>२०७८/०३/१८,<br>२०७८/०३/३०<br>वैठक संख्या - ८ | २०७९/०३/०१,२०७९/०३/०२,<br>२०७९/०३/०३ गते जम्मा-६<br>२०७९/०३/०४ गते जम्मा-२<br>२०७९/०३/०५,२०७९/०३/१२,<br>२०७९/०३/१६,२०७९/०३/२६,<br>२०७९/०३/२७,२०७९/०३/३१,<br>२०७९/०३/३२<br>जम्मा वैठक संख्या - १७ | - |

# परिच्छेद-३
# महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीहरुको विवरण

## बेरुजु छलफल उपसमिति र माननीय सदस्यहरुको नामावली
## (उपसमिति गठन मिति २०७७/१२/३०)

| क.सं. | मन्त्रालय/निकाय/सचिवालय | माननीय सदस्यहरुको नाम |
|---|---|---|
| १ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | माननीय मान बहादुर धामी संयोजक |
| २ | भौतिक पूर्वाधार विकास मन्त्रालय | माननीय बल बहादुर सोडारी सदस्य |
| ३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | माननीय गोविन्द राज बोहरा सदस्य |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | माननीय चुन कुमारी देवी चौधरी सदस्य |
| | प्रदेश सभा सचिवालय | माननीय अर्चना गहतराज सदस्य |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | माननीय बलदेव रेग्मी संयोजक |
| ६ | सामाजिक विकास मन्त्रालय | माननीय चुन कुमारी चौधरी सदस्य |
| | | माननीय मना कुमारी साउँद सदस्य |
| | | माननीय अर्चना गहतराज सदस्य |

समितिको मिति २०७८/०३/०३ गते बसेको वैठकको निर्णयबाट माननीय मान बहादुर धामी मन्त्रिमण्डलमा सहभागि भएको हुँदा माननीय बलदेव रेग्मीज्यूको संयोजकत्वमा सम्पूर्ण मन्त्रालयहरुको कार्य जिम्मेवारी तोकिएको छ ।

| क.सं. | मन्त्रालय/निकाय/सचिवालय | माननीय सदस्यहरुको नामावली |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | माननीय बलदेव रेग्मी |
| | भौतिक पूर्वाधार विकास मन्त्रालय | माननीय चुन कुमारी चौधरी |
| | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | माननीय मना कुमारी साउँद |
| | आन्तरिक मामिला तथा कानून मन्त्रालय | माननीय अर्चना गहतराज |
| | आर्थिक मामिला मन्त्रालय | माननीय अमर बहादुर साउँद |
| | सामाजिक विकास मन्त्रालय | माननीय बल बहादुर सोडारी |
| | प्रदेश सभा सचिवालय | |

## महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०३/२६, २०७९/०५/०६ मा भएका छलफलका निर्णयहरु

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **कार्यसम्पादन** - प्रदेशमा लोकसेवा आयोगको गठन पश्चात कर्मचारी भर्ना प्रक्रिया प्रदेश कार्य विभाजन नियमावलीले तोकेका कार्यहरुमध्ये सम्पादन गर्न बाँकी कानूनहरुको तर्जुमा, विपद व्यवस्थापन सम्बन्धी कार्यमा समन्वय गर्ने र प्रदेश र स्थानीय तहमा संचालित कार्यक्रमहरुको अनुगमन र नियमन गर्न प्रभावकारी कदम चाल्नुपर्ने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २ | २ | **कार्यक्षेत्र** - मानव अधिकारको संरक्षण र प्रबर्द्धन, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार, प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन तर्फ कानून तर्जुमा र कार्यान्वयन हुन बाँकी रहेको । | सुझाव बमोजिम कानून तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | ३ | **समिति गठन** - माननीय मुख्यमन्त्रीको संयोजकत्वमा प्रादेशिक विकास समस्या समाधान समिति र माननीय आर्थिक माहिला मन्त्रीको संयोजकत्वमा बजेट अनुगमन निर्देशन समिति गठन गरिने उल्लेख भएकोमा सो समिति गठन भएको छैन । | दुवै समिति गठन भइसकेकाले लगत कट्टा गर्ने । |
| ४ | ४ | **प्रदेश सरकारको नीति** - प्रदेश सरकारले अख्तियार गर्ने नौ वटा नीतिहरुको कार्यान्वयनको क्रममा तर्जुमा भएका कानून र सो को कार्यान्वयनको प्रगति प्रतिवेदन तयार नगरेको । | सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को दफा ७ मा व्यवस्था भए बमोजिम प्रदेश सरकारले अख्तियार गरेका नीतिहरु अविलम्ब तर्जुमा गरी कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गरी यस समितिमा जानकारी गराउन निर्देशन दिने । |
| ५ | ५ | **प्रदेश समन्वय परिषद्** - प्रदेश तथा स्थानीय तहले आफ्ना कामकारबाही नीतिगत सामञ्जस्यता, रणनीतिक साझेदारीमा गर्नुपर्ने साथै कार्यक्रम तर्जुमा गर्दा औचित्यलाई ध्यानमा राखी दोहोरोपना नहुने गरी सामाजिक कुरितीहरुलाई निर्मुल पार्न प्रभावकारी रुपमा कार्यक्रमहरु संचालन गर्दै | उल्लेखित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी परिणाममुलक बनाउने । |

| | | | |
|---|---|---|---|
| | | जानुपर्दछ । | |
| ६ | ६ | **मुख्यमन्त्री विपद् व्यवस्थापन कोष -** मुख्यमन्त्री विपद् व्यवस्थापन कोषमा प्रदेश व्यवस्थापिका सांसदहरुले उपलब्ध गराएको सहयोग रकम रु १ लाख ४५ हजारको प्राप्तिको स्रोत र खर्चको कार्यविधि तयार गरेको देखिएन । | कोषको संचालन तथा व्यवस्थापन सम्बन्धमा ऐन तथा निर्देशिका बनिसकेको हुँदा केही गर्नु नपर्ने । |
| ७ | ७ | **जिन्सी मुल्यांकन प्रतिवेदन -** जिन्सी निरीक्षणको मुल्याङ्कन गरी प्रतिवेदन पेश गरेको छैन । | अब आइन्दा प्रत्येक वर्ष जिन्सी निरीक्षणको मुल्यांकन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ८ | ८ | **लक्ष्य तथा प्रगति -** मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समिक्षा गरेको देखिएन साथै स्वीकृत ढाँचामा वार्षिक कार्यक्रम तर्जुमा गरी वार्षिक प्रगति समिक्षा गर्नुपर्दछ । | अब आइन्दा स्वीकृत ढाँचामा वार्षिक कार्यक्रम तर्जुमा गरी वार्षिक प्रगति समीक्षा गर्न निर्देशन दिने । |
| ९ | ९ | **अनुदान -** विद्यालय संचालनको लागि प्राप्त रकम आर्थिक वर्षको शुरुमै दिनुपर्ने र सो खर्चको अनुगमन प्रतिवेदन लिई यथार्थ खर्च भएको सुनिश्चित गर्नुपर्नेमा आर्थिक वर्षको अन्तिममा २०७६/०३/२९ गते विद्यालयको खातामा रु ६० लाख अनुदान निकासा गरेको देखिएकोले निकासा दिएको अनुदान रकमबाट सम्पादित कार्य यकिन गर्ने अवस्था देखिएन । | उल्लेखित अनुदान रकम आर्थिक वर्ष २०७६/०७७ मा विद्यालयले तलब भत्ता, पोसाक, संचार, विविध लगायत कार्यमा खर्च गरेको देखिएकाले कार्यालयबाट दिइने अनुदान रकमलाई समयमै निकासा दिई खर्चको सुनिश्चितता गर्न निर्देशन दिने । |
| १० | १० | **अनुगमन -** प्रदेशको लागि आवश्यक कानून, नियमावली एवं कार्यविधि यथाशिघ्र निर्माण गर्नुपर्ने, सोझै खरिद गरेको तथा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको भनी औंल्याइएकोमा सुधार भएको नदेखिएको। | उल्लेखित सुझावहरु कार्यान्वयन गर्न निर्देशन दिने । |

## महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०३/२७ गते भएका छलफलका निर्णयहरु

## आर्थिक मामिला मन्त्रालय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **वार्षिक प्रगति -** मन्त्रालयले वार्षिक कार्यक्रममा तोकिएका ७ क्रियाकलापमध्ये ५ मा शतप्रतिशत प्रगति हासिल गरी बाँकी २ मा घटी प्रगति हासिल भएको छ । | वार्षिक कार्यक्रममा तोकिएका सम्पूर्ण क्रियाकलापहरु कार्यान्वयन गर्न निर्देशन दिने । |
| २ | २ | **नीति कार्यान्वयन -** वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित सार्वजनिक खर्चका सम्बन्धमा ऐन, कानून, कार्यविधि तर्जुमा, वित्तीय अनुशासनको पालना, खर्चको सार्वजनिकीकरण, भ्रष्टाचार सम्बन्धमा शून्य सहनशीलता लगायतका नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुन सकेको देखिएन । | अब आइन्दा वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित सम्पूर्ण कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | ३ | **प्रदेश स्वरोजगार कोष -** प्रदेश स्वरोजगार विकास कोष स्थापनाको लागि मिति २०७६/०३/३० मा रु १ अर्ब बजेट मन्त्रालयले उक्त कोषमा ट्रान्सफर गरेको छ । उक्त कोष सम्बन्धी नियमावली तयार नभएको, प्रदेश स्वरोजगार विकास कोष ऐनको उद्देश्य कार्यान्वयनका लागि यस्तो कोष खडा गरी रिभल्भिङ फण्डको रुपमा प्रयोगमा ल्याउनुपर्नेमा वर्षान्तमा ऐन बमोजिम स्थापित कोषको खातामा रकम ट्रान्सफर गरेको छ । कोषको रकम खर्च गर्ने आवश्यक योजना र कार्यविधि स्वीकृत गरी कोषलाई कार्यान्वयनमा ल्याउनुपर्दछ । | प्रदेश स्वरोजगार विकास कोषको व्यवस्थापन तथा संचालनका लागि नियमावली निर्माण भइ कार्यान्वयनको चरणमा रहेकोले केही गर्नु नपर्ने । |
| ४ | ४ | **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा तोकिएमा कार्य जिम्मेवारीको सूची बनाई कार्यान्वयनमा नआएको, प्रक्रियामा रहेको, कार्यान्वयन गर्न बाँकी रहेको आदि व्यहोरा देखिने गरी कार्य जिम्मेवारीको सूची र सो को कार्यान्वयन समय तालिका समेत तयार गर्नुपर्नेमा सो गरेको पाइएन । | नियमावलीमा तोकिएका कार्यजिम्मेवारीहरुको कार्यान्वयन तालिका तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| ५ | ५ | **वर्षान्तको खर्च -** प्रदेश ट्रेजरी पोजिसन अनुसार असार महिनामा चालुतर्फ र पूँजीगततर्फ गरी कुल ७ खर्ब ४९ करोड १५ लाख ७६ हजार रही कूल खर्चको अनुपात ५२.९० प्रतिशत रहेको छ । वर्षान्तमा आई खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ । | अब उप्रान्त असार मसान्तमा आई खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न निर्देशन दिने । |
| ६ | ६ | **रकमान्तर -** ऐन बमोजिम तोकिएको कुनै एक भन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था भएकोमा मन्त्रालयले रु ७१ करोड ५३ लाख ३८ हजार विभिन्न शीर्षकमा रकमान्तर गरेको छ । | ऐनमा तोकिएको सीमा भित्र रही मात्र रकमान्तर गर्न निर्देशन दिने । |
| ७ | ७ | **मध्येकालीन खर्च संरचना -** प्रदेशको आवधिक योजना र परियोजना वैंक तयार नभएको कारण राजस्व र व्ययको अनुमानको प्रस्ताव साथ पेश गर्नुपर्ने मध्यकालीन खर्च संरचना बमोजिम कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन । आवधिक योजना अभावमा मध्यकालीन खर्चको संरचना विश्वासपूर्ण नरहने हुँदा दुवै विषयमा समन्वय समेत गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ८ | ८ | **बजेट सीमा र मार्गदर्शन -** बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याईका लागि आवश्यक विवरण समेत खुल्ने गरी तयार गर्नुपर्नेमा प्रस्तावित बजेट अनुकूल हुने गरी तयार नहुँदा लेखापरीक्षणको मुल्यांकनमा विनियोजन दक्षता कमजोर देखिएको छ । मार्गदर्शन र सीमा यथार्थपरक तथा पुष्ट्याईपरक हुनुपर्ने साथै बजेट तर्जुमा गर्दा दीगो विकास लक्ष्यसँग समन्वय समेत गरिनु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ९ | ९ | **विनियोजन दक्षता -** धेरै कार्यक्रम भन्दा उपलब्धी र समन्वय गर्न सकिने कार्यक्रम तथा बजेटलाई प्राथमिकतामा राखी बजेट खर्च र उपलब्धीको दक्षता बढाउनुपर्नेमा विनियोजन दक्षता २४ प्रतिशत भन्दा कम देखिएको छ । बजेट तथा कार्यक्रमको उपयोगको कार्य प्रक्रिया शुरु गर्ने तर खर्चको उपादेयता र महत्वलाई निकायहरुले स्थापित गर्न नसक्दा विनियोजन दक्षता कमजोर | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम बजेट प्रस्ताव गर्दा विनियोजन दक्षतालाई बोधगम्य गरी योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | देखिएको छ । | |
| १० | १० | **बजेट समर्पण** - यस वर्ष सबै मन्त्रालयको लागि कार्यक्रममा विनियोजन भएको बजेटको खर्च प्रतिशत दोश्रो चौमासिकसम्म औषत ३० प्रतिशत भन्दा कम देखिएबाट बजेट आफैमा समर्पण सरह हुन गएको छ । बजेट र कार्यक्रम सन्तोषजनक रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११ | ११ | **सेवा प्रवाह** - विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा गर्न बाँकी रहेको, राजस्व चुहावट सम्बन्धी नीतिको कानून तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ । संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन जरुरी देखिएको छ । | विभिन्न कर तथा शुल्कको उपयोग र राजस्व चुहावट सम्बन्धी आवश्यक नीति, कानून तथा मापदण्डको तर्जुमा गर्न निर्देशन दिने । |
| १२ | १२ | **अनुदानको अनुगमन** - संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको खर्चको अनुगमन एवं मुल्यांकन गरी विवरण तयार नगरेको र लेखापरीक्षण प्रतिवेदन पेश नहुँदा खर्च एवं अनुदानको उपयोग सुनिश्चित गर्न सकिएन । | अब आइन्दा संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकमको खर्चको अनुगमन एवं मुल्यांकन गरी विवरण तयार गर्ने र लेखापरीक्षण गराई खर्च एवं अनुदानको उपयोगको सुनिश्चितता गर्न निर्देशन दिने । |
| १३ | १३ | **राजस्व** - प्रदेश सरकारले रु ४६ करोड ३३ लाख ३१ हजार तथा संघीय सरकारले संकलन गर्ने अधिकार क्षेत्रमा रहेको मुल्य अभिवृद्धि कर र आन्तरिक अन्तशुल्क रकमको १५ प्रतिशत तथा रोयल्टीबाट संकलन भएको २५ प्रतिशत रु ५ अर्ब ८१ करोड ७ लाख १२ हजार समेत रु १० अर्ब ४८ करोड ९७ लाख ३८ हजार प्रक्षेपण गरेकोमा सो को यथार्थ असुली रु ६ अर्ब ९२ करोड ४७ लाख ९० हजार रहेको विवरण पेश भएको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रकम, विभाज्य कोषबाट प्राप्त हुने रकमको अभिलेख राखी प्राप्तिको अनुगमन गर्नुपर्ने देखिन्छ । | अब आइन्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रकम र विभाज्य कोषबाट प्राप्त हुने रकमको अभिलेख राखी प्राप्तिको अनुगमन गर्न निर्देशन दिने । |
| १४ | १४ | **बजेट अवण्डा** - आर्थिक मामिला मन्त्रालयले बजेट बाँडफाँड गर्दा बजेट शीर्षक तथा कार्यक्रम यकिन नगरी रु.३३ करोड ५० लाख बजेट अवण्डा | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | राखेको कार्यक्रमगत बाँडफाँडबाट देखिन्छ । बजेटमा अवण्डा राख्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | १५ | **सम्पत्तिको एकीकृत विवरण -** साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी प्रदेश सरकार मातहतमा ल्याउनुपर्नेमा उक्त कार्य हाल सम्म अद्यावधिक भएको छैन । यसले गर्दा स्थिर सम्पत्तिमा भएको राज्यको लगानी दुरुपयोग हुने अवस्था छ । प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य अविलम्ब सम्पादन गरी सम्पत्तिको हिसाब अद्यावधिक गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| | | **प्रदेश लेखा नियन्त्रक कार्यालय** | |
| १६ | १६ | **प्रदेश संचित कोष -** | |
| | १६.१ | सुदूरपश्चिम प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत रु.२ अर्व ६१ करोड ७६ लाख ५४ हजार ८८ स्थानीय तहमा हस्तान्तरण गरेको रकम चालु बजेटमा निकासाको आधारमा खर्च देखाएको छ । उक्त रकम स्थानीय तहले खर्च गरी बाँकी रहेको रकम सञ्चित कोषमा फिर्ता गरी हिसाव अद्यावधिक गरेको छैन । | वित्तीय हस्तान्तरण मार्फत ८८ वटा स्थानीय तहहरुलाई हस्तान्तरण गरिएको रकम स्थानीय तहहरुले खर्च गरिसके पश्चात बाँकी रकम संचित कोषमा फिर्ता गरी हिसाब अद्यावधिक गर्न निर्देशन दिने । |
| | १६.२ | प्रदेश तथा स्थानीय तहको साझा अधिकारक्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी प्राप्त भएको रकमको स्पष्ट देखिने गरी सञ्चित कोषमा आम्दानी बाँधेको छैन । | स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी प्राप्त भएको रकमको स्पष्ट देखिने गरी संचित कोषमा आम्दानी बाँधी समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| | १६.३ | राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी बाँध्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १७ | १७ | **खाता रोक्का -** प्रत्येक वर्षको असार २५ गते भित्र प्रदेश अन्तर्गतका कार्यालयहरुले खाता बन्द गर्नुपर्दछ । असार २५ गते पश्चात भएको खर्चमा नियमावली बमोजिम कार्य भएको देखिएन । | सुझाव बमोजिम गर्ने । |

| | | | |
|---|---|---|---|
| १८ | १८ | **आन्तरिक लेखापरीक्षण कार्यान्वयन -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गरी औंल्याइएका बेरुजूहरुमा नियममा भएको व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण अगावै बेरुजू सम्परीक्षण गराएको अवस्था छैन । आन्तरिक लेखापरीक्षणमा उल्लेख गरिएको बेरुजूहरु अन्तिम लेखापरीक्षणमा समेत उल्लेख गर्नुपर्ने अवस्था छ । कानुनमा भएको व्यवस्था बमोजिम प्रदेश अन्तर्गतका सबै कार्यालयहरुले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजूहरु फछ्यौट गरी कानुनको अनुसरण गर्नुपर्ने देखिन्छ । | सुझाव बमोजिम गर्ने । |
| १९ | १९ | **अनुगमन -** गत वर्षको प्रतिवेदनमा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने, कार्य जिम्मेवारी तोक्नुपर्ने, कर्मचारी दरवन्दी पदपूर्ति गर्नुपर्ने, सेवा प्रवाह र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ । | सुझाव बमोजिम गर्ने । |

## महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०३/३१, २०७९/०४/०१, २०७९/०५/०७ गते भएका छलफलका निर्णयहरु

## भौतिक पूर्वाधार विकास मन्त्रालय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **प्रगति समीक्षा** - मन्त्रालयले मातहत कार्यालयबाट वित्तीय तथा भौतिक प्रगति लिई प्रदेशस्तरको प्रगति विवरण तयार गरी समीक्षा गरेको देखिएन । सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ ले गरेको व्यवस्था बमोजिम प्रदेशस्तरको प्रगति विवरण तयार गरी कार्यक्रम सम्पादनमा आईपरेका कठिनाईहरुको पहिचान गरी समाधान गर्नेतर्फ पहल गर्नुपर्दछ । | प्रत्येक वर्ष मातहत कार्यालयहरुबाट वित्तीय तथा भौतिक प्रगति लिई प्रदेशस्तरको प्रगति विवरण तयार गरी वार्षिक प्रगति समीक्षा गर्न निर्देशन दिने । |
| २ | २ | **अवण्डा बजेट** - मन्त्रालयले एकमुष्ठ विनियोजन गरेको रु.८२ करोडबाट ४४४ नयाँ तथा पुराना योजनाहरु छनौट गरी मन्त्रिपरिषद्बाट २०७५।९।१९ मा स्वीकृत गरी बजेट बाँडफाँड गरेको छ । प्रदेश सभाबाट स्वीकृत भएका योजनामात्र कार्यान्वयनमा ल्याउनुपर्नेमा प्रदेश सभाले स्वीकृत नगरेको योजनाहरु कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छ । जनताको मागबमोजिम स्थानीय निकायहरुको सिफारिस भई आएका योजना प्रदेश सभाबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ३ | ३ | **बिस्तृत आयोजना प्रतिवेदन** - मन्त्रालयले अवण्डा रहेको रकमबाट रु.२ करोड २० लाख व्यवस्था गरी खर्च गरेको छ । मन्त्रालयले विभिन्न योजनाको विस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर.) तयार गरी भुक्तानी गरेकोमा सोको आवश्यकता पुष्टि गरेको छैन । प्रदेश कार्यालय र मन्त्रालयबाट समेत डि.पी.आर. भएको अवस्थामा सो कार्यमा दोहोरोपना नहुने व्यवस्था मिलाई डि.पी.आर. भएका योजना कार्यान्वयन गर्नुपर्दछ । | अब आइन्दा आवश्यकता पुष्टि हुने र दोहोरोपना नहुने गरी विस्तृत आयोजना प्रतिवेदन (डी.पी.आर.) तयार पार्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| **पूर्वाधार विकास कार्यालयहरु** | | | |
| ४ | ४ | **वातावरण प्रभाव मूल्याङ्कन** - पूर्वाधार विकास कार्यालय, बैतडीले रिठापाटा भेनेढुङ्गा सिरुपाटा सडक तथा दल्लेक नागु सीता सडक दार्चुला खण्डमा वातावरणीय प्रभाव मूल्याङ्कन नगरी सार्वजनिक निर्माणको कार्य गराई रु.१ करोड २३ लाख ९ हजार ठेक्का व्यवस्थापन गरी भुक्तानी गरेको छ । उक्त रकमको वातावरणीय प्रभाव मूल्याङ्कनका लागि यो वर्ष रु. ४० लाख बजेट विनियोजन भए तापनि उक्त खर्च भएको छैन । | वातावरणीय प्रभाव मुल्यांकन गरेको प्रतिवेदन समितिमा प्राप्त भएकोले लगत कट्टा गर्ने । |
| ५ | ५ | **हेभी मेसिनको प्रयोग** - पूर्वाधार विकास कार्यालय बैतडी तथा कैलालीले उपभोक्ता समितिमार्फत हेभी मेसिन प्रयोग गरी भएको सडक निर्माण कार्यको भुक्तानी गरेका छन् । जटिल प्रकृतिको कार्य भएको र सो कार्यमा हेभी मेसिन प्रयोग गर्न आवश्यक रहेको भन्ने आधार र स्वीकृति लिएको छैन । | उल्लेखित कार्यका लागि प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई हेभी मेसिन प्रयोग गरेको प्रमाण संलग्न गरी सम्परीक्षण गर्न निर्देशन दिने । |
| ६ | ६ | **सोझै खरिद** - पूर्वाधार विकास कार्यालय अछामले रु.३ करोड ९ लाख ७२ हजार बराबरका निर्माण कार्यलगायत विभिन्न कार्यमा ७० टुक्रा पारी सोझै खरिद गरेको छ । ऐनमा भएको व्यवस्थाबमोजिम प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी मितव्ययी ढङ्गले कार्यसम्पादन गर्नुपर्दछ । | अब आइन्दा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी खरिद कार्य गर्न निर्देशन दिने । |
| **खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु** | | | |
| ७ | ७ | **कार्यक्रम संशोधन** - खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कैलालीले विभिन्न खानेपानी आयोजनाको लागि शुरु बजेटको ७३३ प्रतिशतसम्म थप गरी रु.३ करोड ५७ लाख ७९ हजारको कार्यक्रम संशोधन गरेबाट लागतमा वृद्धि हुने देखिन्छ । कार्यालयले आर्थिक वर्षको अन्तमा २०७६।३।२३ मा कार्यक्रम संशोधन गरेको कारण संशोधित कार्यक्रमबाट योजनाको निर्माण कार्य सम्पन्न हुने अवस्था देखिदैन । आर्थिक वर्षको अन्त्यमा पाइप खरिदमा बजेट थप गरी कार्यक्रम संशोधन गरेको छ । आर्थिक वर्षको अन्त्यमा कार्यक्रम संशोधन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | अब उपरान्त कार्यक्रम संशोधन गर्दा कुल लागत नबढ्ने गरी गर्ने र आर्थिक वर्षको अन्त्यमा कार्यक्रम संशोधन नगर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| ८ | ८ | **पाइप तथा फिटिङ्स खरिद** - डिभिजन कार्यालय कैलाली, बैतडी, डडेलधुरा र डोटीले यो वर्ष रु.५९ करोड ३ लाख ३४ हजारको खानेपानी पाइप तथा फिटिङ्सको खरिद गर्दा एउटै लागत अनुमान नबनाई टुक्रा–टुक्रा लागत अनुमान बनाएको, बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा दरभाउपत्रको दायराभित्र पारी खरिद गरेको, सीमित बोलपत्र/दरभाउपत्र परेको र कबोल अंक लागत अनुमान कै हाराहारीमा रहेकाले खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी देखिएन । | उल्लेखित खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा दरभाउपत्रको दायराभित्र पारी खरिद गरेको साथै पारदर्शी रुपमा खरिद गरेको नदेखिएकाले सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाउने र लगत कट्टा गर्न निर्देशन दिने । |
| ९ | ९ | **पाइप तथा फिटिङ्स मौज्दात** - खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय कैलाली, बैतडी, डडेलधुरा र डोटीले आर्थिक वर्षको अन्तमा रु.३७ करोड ५७ लाख ७ हजार मूल्य बराबरका पाइप तथा फिटिङ्स सामान मौज्दात रहने गरी खरिद गरेका छन् । आयोजनाको प्रगति र आवश्यकताको आधारमा खरिद गनुपर्नेमा बजेटको आधारमा खानेपानी पाइप तथा फिटिङ्स खरिद गरी मौज्दात रहेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | अब आइन्दा आयोजनाको प्रगति र आवश्यकताको आधारमा मौज्दात नरहने गरी खरिद गर्न निर्देशन दिने । |
| १० | १० | **पाइप सापटी** - डिभिजन कार्यालय, डोटीले उपलब्ध गराएको विवरणमा ५६ आयोजनामा सर्भे डिजाईन अनुसार तोकिएको भन्दा रु.टढ लाख ढछ हजारको बढी पाईप अन्यत्र आयोजनाबाट सापटी ल्याई खर्च भएको देखाएको छ । डिजाइनभन्दा बढी परिमाणमा पाईप खर्च भएको सम्बन्धमा प्राविधिक पुष्ट्याँई हुनुपर्दछ । | डिजाइन तथा लगत ईष्टिमेट भन्दा बढी परिमाणमा पाइप खर्च भएको प्राविधिक पुष्ट्याई संलग्न नगरेकाले प्राविधिक पुष्ट्याई संलग्न गरी सम्परीक्षण गर्ने र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ११ | ११ | **बजेटभन्दा बढी खर्च** - डिभिजन कार्यालय डोटीले १३६ आयोजनाको सर्भे, एच.डी.पी.पाइप तथा फिटिङ्सतर्फ रु.९ करोड २५ लाख ६१ हजारको बजेट रहेकोमा रु.९ करोड ९० लाख ३६ हजार खर्च गरी बजेटभन्दा रु.६४ लाख ७५ हजार बढी खर्च गरेको छ । स्वीकृत बजेटभन्दा बढी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । | आयोजनाको सर्भे, एच.डि.पि. पाइप तथा फिटिङ्गतर्फ स्वीकृत बजेट भन्दा बढी खर्च गरेको देखिएकाले रकम खर्च गर्दा स्वीकृत बजेट भित्र परेको र सम्बन्धित शीर्षकमा पर्ने गरी खर्च गर्ने साथै स्वीकृत बजेट भन्दा बढी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउन निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| **जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालयहरु** | | | |
| १२ | १२ | **तारजाली खरिद कार्य** - डिभिजन कार्यालय, बैतडीले यो वर्ष आपतकालीन बाढी पहिरो पुनस्र्थापना कार्यक्रमअन्तर्गत स्वीकृत रु.३० लाख बजेटबाट गर्नुपर्ने कार्यहरुको कार्य योजना तयार नगरी छुट्टा-छुट्टै २ लागत अनुमान तयार गरी दरभाउपत्रको माध्यमबाट २ आपूर्तकसँग तार जाली खरिद गरी रु.२७ लाख ४८ हजार भुक्तानी गरेको छ । आवश्यकताको पहिचान नगरी खरिद गरिएका सबै १४०७ थान तार जाली आर्थिक वर्षको अन्तसम्म कार्यालयमा मौज्दात नै रहेको छ । लेखापरीक्षण अवधि २०७६।०५।१० सम्म जिल्ला दैवीप्रकोप व्यवस्थापन समितिको सिफारिसमा ४८२ थान तार जाली खर्च हुने अवस्था छ, भने बाँकी ९२५ थानको रु.१ हजार ९ सय ५० को दरले हुने रु.१८ लाख ३ हजार बराबरको तारजाली वितरण नगरी कार्यालयमा मौज्दात रहेको छ । | बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने कार्यलाई फरक फरक लागत अनुमान तयार गरी दरभाउपत्रको माध्यमबाट खरिद गरेको साथै कार्यालयको आवश्यकताको आधारमा खरिद नगरी मौज्दात रहने गरी गरेको देखिएकाले अब उपरान्त नियन्त्रण गर्न निर्देशन दिने । |
| १३ | १३ | **ग्यावियन खरिद** - डिभिजन कार्यालय, डोटी अन्तर्गत तिलताली सिंचाई योजनाको एक उपभोक्ता समितिलाई योजनाको कार्य गरेबापत सम्झौता अनुसार रु.९४ लाख २६ हजार भुक्तानी दिएको छ । कार्यालयले ओभरहेड र कन्टिन्जेन्सी बाहेक उपभोक्ताको अंशसमेत रु.१ करोड ५ लाख ४३ हजार को लागत अनुमान तयार गरेको देखियो । नियमावलीले तोकेको सीमाभन्दा बढीको लागत अनुमान तयार गरी काम गराउनु नियम सम्मत देखिएन । खरिद नै नगरी ग्यावियन बापत रु.४ लाख ८७ हजार र ग्यावियन बक्स फिलिङ्ग बापत रु.१० लाख ४ हजार समेत रु.१४ लाख ९१ हजारको भुक्तानी सम्बन्धमा छानविन हुनुपर्दछ । | डिभिजन कार्यालय, डोटी अन्तरगत तिलताली सिचाई योजनाको उपभोक्ता समितिलाई योजनाको कार्य गरे वापत रु १ करोड ५ लाख ४३ हजारको लागत अनुमान तयार पारी सम्झौता अनुसार रु ९४ लाख २६ हजार भुक्तानी दिई नियमावलीले तोकेको सीमाभन्दा बढीको लागत अनुमान तयार पारेको देखिएको साथै खरिद नगरी ग्यावियन वापत रु ४ लाख ८७ हजार र ग्यावियन बक्स फिलिङ्ग वापत रु १० लाख ४ हजार समेत रु १४ लाख ९१ हजारको भुक्तानी गरेको सम्बन्धमा छानविन गरी १ महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| १४ | १४ | **निर्माण सामाग्री उपयोग** - डिभिजन कार्यालय, डोटीले तल्लो सातनाली लिफ्ट सिचाई योजनाको उपभोक्ता समितिलाई सिंचाइ सम्बन्धी निर्माण कार्य एवं उपकरण खरिद गरेबापत रु.६० लाख ७७ हजार भुक्तानी दिएको छ । लिफ्ट सिंचाइ सञ्चालनमा प्रयोग हुने सोलार जडान त्यसको सञ्चालन प्राविधिक हिसाबले उपभोक्ताबाट गर्न सक्ने देखिँदैन । सोही योजनाको लागि कार्यालयले | सम्परीक्षण गरेको प्रमाण पेश गर्ने । |

| | | | |
|---|---|---|---|
| | | सोलार पम्प र काँडेतार लगायतका सामान खरिद बापत रु.६१ लाख ५३ हजार खर्च गरेको छ । खरिद गरिएका सबै सामान कार्यालयमा मौज्दात रहेकोले मौज्दात राख्ने गरी सामान खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १५ | १५ | **मूल्य समायोजन** - डिभिजन कार्यालय, कञ्चनपुरले निर्माण व्यवसायीलाई रु.८६ लाख १५ हजार मूल्यवृद्धि बापत भुक्तानी दिएको छ । निर्माण व्यवसायीले २०७६ आषाढको नेपाल राष्ट्र बैंकको मूल्यसुचीको आधारमा रु.५ करोड ५२ लाख ८७ हजारको १३.७९ प्रतिशतले मूल्य बढेको देखाई रकम माग गरेअनुसार भुक्तानी दिएको छ । संलग्न विलमा जनरल आईटमअन्तरगत बीमा र ल्याव टेष्टसहित रु.१३ लाख ४८ हजारसमेतको मूल्यवृद्धि माग गरेको देखियो । नियम अनुसार जनरल आइटमको मूल्य वृद्धि पाउने देखिदैन । निर्माण व्यवसायीले २०७४।७५ मा काम गरेको बिल पेश गरेको तथा कामसँग सम्बन्धित ग्यावियन, ढुंगा लगायतको सामान पनि सोही आर्थिक वर्षमा खरिद भएको र सोही वर्षको मूल्यको आधारमा बिल तयार भएको अवस्था छ । २०७६ आषाढको नेपाल राष्ट्र बैंकको प्राइस इण्डेक्स राखी अघिल्लो वर्ष तयार भएको बिलको मूल्यवृद्धि दिन मिल्ने देखिएन । नियम विपरीत मूल्यवृद्धि दिएको रकम असुल गर्नुपर्दछ । | नियम विपरीत मुल्यवृद्धि दिएको रकम रु १२,६७,१९३। वैंक दाखिला भएकोले उल्लेखित बेरुजु रकमको लगत कट्टा गर्ने । |
| १६ | १६ | **न्यून काम गरी योजना फरफारक** - मुहानतर्फको एच.डी.पी. पाइपको काम शुरु नै नगरी आर.सि.सि क्यानल तर्फको करिव ४५ प्रतिशत कार्य मात्र गरेर पानी ल्याउन नसकिने निर्णय गरी संरचना तर्फको भए गरेको कामको मूल्याङ्कन गरी रु.१६ लाख ६१ हजारको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । ५५ प्रतिशत घटी अधुरो कार्य गरेबापत खर्च भएको रकम खेर गएको अवस्था देखिएकाले अधुरो निर्माण कार्यको कार्यसम्पन्न बनाई उपभोक्ता समितिलाई रकम भुक्तानी दिएको । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको क्रममा रहेको |
| १७ | १७ | **घटी कार्य भएकोमा योजना सम्पन्न** - बिभिन्न १९ योजना कार्यान्वयनका लागि उपभोक्तासँग रु.५ करोड ८९ लाख ९६ हजारको सम्झौता गरेकोमा रु.३ | अब उपरान्त योजनाको आवश्यकताको आधारमा वास्तविक लगत ईष्टिमेट तयार गरी प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | करोड १० लाख ७३ हजारको मात्र काम सम्पन्न भई सम्झौताभन्दा रु.२ करोड ७३ लाख ६९ हजारको कम काम मूल्याङ्कन भएको अवस्थामा समेत यी योजना सम्पन्न भएको अवस्था देखियो । बढीमा सम्झौता अंकको ६० प्रतिशत र घटीमा १८.७५ प्रतिशत काम पुरा भएको अवस्थामा समेत सबै योजनाको कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको । | |
| १८ | १८ | **दोहोरो भुक्तानी** - बजार जिउला सिंचाइ योजनाको काम उपभोक्ता समितिमार्फत गराएकोमा तेश्रो रनिङ बिलको भुक्तानीमा गत वर्षको दोश्रो रनिङ बिलअनुसारको कार्य दोहोरो मापन भई आर.सि.सि. र पाइप लाईनिङ्गको मूल्याङ्कन गरी बिलबापतको रु.५ लाख ५३ हजार दोहोरो भुक्तानी गरेकोले असुल हुनुपर्दछ । | सम्परीक्षण गरिसकेकाले केही गर्नु नपर्ने । |
| | | **शहरी विकास तथा भवन कार्यालय** | |
| १९ | १९ | **जनता आवास कार्यक्रम** - दलित, विपन्न मुसलमान तथा लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायमा सम्झौतामा उल्लेख भएबमोजिम किस्ता रकम उपलब्ध गराउने गरी शहरी विकास तथा भवन कार्यालय बैतडीले बैतडी, दार्चुला र बझाङ जिल्लामा रु.२० करोड १८ लाख ४६ हजार जिल्ला स्थित निर्माण समितिको खातामा रकम निकासा दिएको छ । लाभग्राहीलाई हरेक किस्तामा कामको प्रगतिको आधारमा रकम उपलब्ध गराएको अभिलेख कार्यालयले राखेको छैन । जग खन्ने कार्य, डि.पि.सि.को कार्य र गारो तयार भएको प्राविधिक मूल्याङ्कन बेगर नै किस्ता रकम उपलब्ध गराएको। | सुदूरपश्चिम प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम कामको आधारमा मुल्यांकन गरी रकम निकासा गर्न निर्देशन दिने । |
| २० | २० | **अनुगमन** - गतवर्षको प्रतिवेदनमा कार्य जिम्मेवारी तोक्नुपर्ने, दरवन्दीबमोजिम पदपूर्ति, सोझै खरिद, सेवा प्रवाह र आन्तरिक नियन्त्रण लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिंदा पुनरावृत्ति नहुनेगरी कार्यसम्पादन गर्नुपर्दछ । | सुझाव अनुसार गर्ने । |

## महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०४/०१, मिति २०७९/०४/२६ गते भएका छलफलका निर्णयहरु

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **कानून निर्माण -** मन्त्रालयले प्रदेश अन्तर्गत २७ ऐन, २ नियमावली, २३ कार्यविधि, ९ निर्देशिका र ७ गठन आदेश तथा मार्गदर्शनमा सैद्धान्तिक सहमति एवं राय परामर्श प्रदान गरेको छ । विभिन्न क्षेत्रसँग सम्बन्धित १० ऐन तथा कार्यविधि मन्त्रालयले नै निर्माण गरी प्रदेश सरकार सञ्चालनमा सहजता पुग्न गएको छ । | केही गर्नु नपर्ने । |
| २ | २ | **सवारी साधन खरिद -** मन्त्रालयले प्रदेश प्रहरी सम्बन्धी कानुन तर्जुमा नभएको र प्रदेश प्रहरी गठन नभएको अवस्थामा ९ प्रदेश प्रहरी कार्यालयको लागि भनी रु.३६ लाख ९९ हजारको दरले रु.३ करोड ३२ लाख ९१ हजारमा ९ थान पिक अप गाडी खरिद गरी भुक्तानी गरेको छ । कानुन बमोजिम कार्यालय गठन भई सञ्चालन नभएको अवस्थामा सवारी साधन खरिद गरी भुक्तानी गर्ने कार्य नियम सम्मत देखिएन । | प्रदेश सभाबाट स्वीकृत वार्षिक कार्यक्रममा गाडी खरिदका लागि रकम विनियोजन गरी प्रदेश सरकारको मिति २०७६।०६।०८ गतेको निर्णय बमोजिम प्रदेश प्रहरी स्थापना भए पश्चात उपलब्ध गराउने गरी जिल्ला प्रहरी कार्यालयलाई हस्तान्तरण गरिएको देखिएकोले अब आइन्दा कानून बमोजिम कार्यालय गठन भई संचालन भए पश्चात मात्र खरिद कार्य गर्ने र उल्लेखित बेरुजुको लगत कट्टा गर्न निर्देशन दिने । |
| ३ | ३ | **मूल्य अभिवृद्धि कर -** मन्त्रालयले यो वर्ष खरिद भएको सवारीसाधनको कारोबारमा रु. ६२ लाख २६ हजार बराबरको मूल्य अभिवृद्धि कर भुक्तानी गरेको समयमा नै ५० प्रतिशतले हुने रु.३१ लाख १३ हजार कट्टा गरी दाखिला गर्नुपर्नेमा सो रकम दाखिला नगरेकोले दाखिलाको प्रमाण पेश गर्नुपर्दछ। | सम्परीक्षण भइसकेकोले केही गर्नु नपर्ने । |
| ४ | ४ | **राहत वितरण -** कञ्चनपुर जिल्लाका स्थानीय तहहरुलाई २०७५ सालमा आएको हावाहुरी प्रभावितहरुलाई रु.६७ लाख ५ हजार राहत वितरण गर्दा निर्देशिका अनुसार सर्जिमिन मुचुल्का, पीडितको नागरिकताको प्रतिलिपि, स्थानीय | प्रमाण विना राहात वितरण गरिएको रकम रु १ लाख ११ हजारको निर्देशिका बमोजिमका कागजात माग गरी समितिमा जानकारी गराउन निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | तहको सिफारिस लगायतका कागजात राखी भुक्तानी गर्नुपर्नेमा सबै कागजात नराखी आंशिक कागजातको आधारमा मात्र भुक्तानी गरेको छ । निर्देशिकामा उल्लेखित कागजात बेगर रु १ लाख ११ हजार राहत वितरण गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सम्बन्धित पीडितले राहत पाएको सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ५ | ५ | **कागजात पेश नभएको -** प्रदेश भित्र रहेका ९ जिल्लाका दैवी प्रकोपबाट मृत्यु भएकाको लागि प्रति मृतक रु.१ लाख ५० हजार को दरले राहत उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रु.७८ लाख रकम निकासा गरेको छ । निकासा भएको रकम मध्ये ४ जिल्लाको रु.१५ लाख बरावरको कागजात पेश भएको छैन । नियमको पालना गरी राहत वितरण गरेको रकमको कागजात पेश गर्नुपर्दछ । | कागजात पेश नभएको १५ लाख रकममध्ये ३ लाख रकमको सम्परीक्षण भइसकेकाले लगत कट्टा गर्ने र बाँकी रु १२ लाख रकमको सम्बन्धमा यथाशिघ्र सम्बन्धित कागजात पेश गरी सम्परीक्षण गर्न निर्देशन दिने । |
| ६ | ६ | **अनुगमन -** गत वर्षको प्रतिवेदनमा सेवा प्रवाहलाई आवश्यक पर्ने कानुन निर्माण गर्नुपर्ने, प्रदेश प्रहरी सेवा सञ्चालन गर्नुपर्ने, सेवा प्रवाह र आन्तरिक नियन्त्रण प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुनेगरी कार्यसम्पादन गर्नुपर्दछ । | सुझाव अनुसार गर्ने । |

## महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०४/०२, २०७९/०४/१४, २०७९/०४/२६, २०७९/०५/०६ गते भएका छलफलका निर्णयहरु

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **ऐन, कानून, नीति, मापदण्ड -** मन्त्रालयले आफ्नो कार्यक्षेत्रभित्र ४ ऐन र ४ निर्देशिका तर्जुमा गरेको छ । विभिन्न ६२ विषयगत कानुन आवश्यक पर्नेमा कानुन र निर्देशिका गरी ८ वटा मात्र निर्माण भएको अवस्था भएकोले कार्यविभाजन नियमावली अनुसारको कार्यसम्पादन प्रभावकारी हुने देखिएन । मन्त्रालयले कार्यक्षेत्रसँग सम्बन्धित नीतिगत, कानुनी एवं संरचनागत प्रबन्ध गर्नुपर्दछ । | कार्यविभाजन नियमावली बमोजिम कार्यसम्पादन प्रभावकारी नदेखिएको हुँदा कार्यक्षेत्रसँग सम्बन्धित नीतिगत, कानूनी एवं संरचनागत प्रबन्ध गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन निर्देशन दिने । |
| २ | २ | **एकीकृत हिसाब -** मन्त्रालयले तयार पारेको आर्थिक बिवरणमा चालु खर्चतर्फ र पूँजीगततर्फ समेत गरी रु.१ अर्ब ११ करोड ७ लाख ८५ हजार खर्च प्रमाणित भएकोमा प्रदेश लेखाको एकीकृत आर्थिक बिवरणमा चालु खर्चतर्फ र पूँजीगततर्फ समेत गरी रु.१ अर्ब १० करोड ७१ लाख ३६ हजार देखिएको छ । खर्च गर्ने तथा खर्चका लागि निकाशा दिने बीच रु.३६ लाख ४९ हजार हिसाब फरक देखिएको छ । एकीकृत हिसाब तयारीमा मन्त्रालयबाट जिम्मेवारी लिनुपर्दछ । | मन्त्रालयले खर्चको एकिकृत विवरणमा संचित कोष तथा रा.वा. वैंकलाई खर्च सोधभर्ना गर्ने हिसाब भिडान नगरी प्रारम्भिक विवरण पेश गरी फरक परेको देखिएकोले उक्त हिसाब भिडान गरे पश्चात प्रदेश लेखा नियन्त्रक कार्यालयको वार्षिक एकिकृत आर्थिक विवरण अनुसार चालु खर्चतर्फ रु ८८ करोड ४३ लाख ७२ हजार तथा पूजीगततर्फ रु २२ करोड २७ लाख ६४ हजार समेत रु १ अर्ब १० करोड ७१ लाख ३६ हजार हुने देखिएकाले लगत कट्टा गर्ने। |
| ३ | ३ | **अनुदानको अनुगमन -** संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा रु.२१ करोड ४६ लाख २९ हजार निकासा खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार नगरेको र लेखापरीक्षण प्रतिवेदन पेश नहुँदा खर्च एवं अनुदानको उपयोग सुनिश्चत गर्न सकिएन । प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराई खर्चको अनुगमन एवं मूल्याङ्कन गरेर अनुदान उपयोग एवं | उल्लेखित अनुदान रकम रु २१ करोड ४६ लाख २९ हजार निकासा खर्चको अनुगमन एवं मुल्यांकन प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन यथाशिघ्र समितिमा पेश गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | खर्चको सुनिश्चितता अपनाउनुपर्दछ । | |
| डिभिजन वन कार्यालयहरु | | | |
| ४ | ४ | **वन अतिक्रमण -** डिभिजन वन कार्यालय, कैलालीको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना अनुसार २२ हजार १ सय १५ हेक्टर वनक्षेत्र अतिक्रमण भएको उल्लेख छ । विभिन्न क्षेत्रको अतिक्रमण हटाउने क्रममा डिभिजन वन कार्यालय कैलालीले ५० हेक्टर अतिक्रमण हटाइएको जनाएको छ । बाँकी अतिक्रमित क्षेत्र हटाउन स्थानीय सरोकारवाला एवं सुरक्षा निकायहरुसँग आवश्यक सहयोग एवं समन्वय गरी अतिक्रमण हटाउनुपर्दछ । | बाँकी अतिक्रमित क्षेत्र स्थानीय सरोकारवाला एवं सुरक्षा निकायहरुसँगको सहयोग र समन्वयमा हटाउन निर्देशन दिने । |
| ५ | ५ | **सोझै कार्य -** डिभिजन वन कार्यालय धनगढीले वन पैदावर आपूर्ति समितितर्फ स्वीकृत कार्यक्रम स्थायी नर्सरी निर्माण तर्फ रु.१५ लाख तथा विरुवा उत्पादन तर्फ रु.१८ लाख गरी रु.३३ लाख बजेट विनियोजन गरेको छ । स्थायी नर्सरी निर्माण र विरुवा उत्पादन कार्य सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम खुला रुपमा बोलपत्र आह्वान गरी गर्नुपर्नेमा सोझै कार्य गराई रु.२७ लाख ४२ हजार खर्च गरेको छ । नियमावलीले गरेको व्यवस्था बमोजिम खर्च गर्नुपर्दछ । | अब आइन्दा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद कार्य गर्न निर्देशन दिने । |
| ६ | ६ | **योजनाको कार्यान्वयन -** डिभिजन वन कार्यालय कैलालीको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजना बमोजिम आर्थिक वर्ष २०७५।७६ मा गर्नुपर्ने वार्षिक कार्यक्रमहरु काठ दाउरा विक्री, ढुङ्गा गिट्टी वालुवा र जडिबुटिमा कार्यालयले उल्लेखनीय रुपमा कार्य सम्पादन गरेको देखिएन । कार्ययोजना बमोजिम उल्लेख गरिएको विषयमा न्यून प्रगति गरेको देखिन्छ । योजनामा उल्लेख भएबमोजिम वार्षिक लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ । | अब आइन्दा कार्ययोजनामा उल्लेख भए बमोजिम वार्षिक लक्ष्यमा प्रगति हासिल गर्ने गरी कार्य गर्न निर्देशन दिने । |
| ७ | ७ | **वैज्ञानिक वन व्यवस्थापन -** डिभिजन वन कार्यालय, पहलमानपुरले राष्ट्रिय वन तथा सामुदायिक वन अन्तर्गत वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारीको लागि रु.३७ लाख ५३ हजार खर्च गरेको छ । सार्वजनिक खरिद | कार्यायोजना तयारीका लागि खर्च भएको रकम रु ३७ लाख ५३ हजारमध्ये सशर्त अनुदानतर्फबाट रु १५ लाख र तराई भूपरिधि कार्यक्रमतर्फबाट रु २२,२४,३५०। रकम कार्यालयका |

| | | | |
|---|---|---|---|
| | | नियमावली, २०६४ को नियम ७१ बमोजिम बिस लाख रुपैयासम्म लागत अनुमान भएको खरिदको लागि सार्वजनिक निकायको सूचीमा रहेका प्रस्तावदाताबाट प्रस्ताव आह्वान गरी प्रतिस्पर्धाको माध्यमबाट कार्य गराउनुपर्दछ । कार्यालयले उपर्युक्त नियम बमोजिम कार्य नगरी कार्यालयको अधिकृत कर्मचारीलाई पेस्की रकम उपलब्ध गराई कार्य गराएको छ । दर्तावाला प्रस्तावदाताबाट कार्य नगराई पहिचान खुलेको कुनै प्रमाण नभएको अवस्थामा वन प्राविधिक उल्लेख गरी वाह्य व्यक्तिसँग सम्झौता गरेको देखाई सादा भर्पाई राखी रकम भुक्तानी गरेको छ । कार्यविधि तथा सार्वजनिक खरिद नियमावली विपरित कार्य गराई भुक्तानी गरेकोले सो कार्यमा आर्थिक ऐन नियमको पालना गरेको देखिएन । | कर्मचारीहरुलाई पेश्की दिई खर्च गरेको देखिएकाले यस्तो कार्य गराउदा सार्वजनिक निकायको सूचीमा रहेका प्रस्तावदाताबाट प्रस्ताव आह्वान गरी प्रतिस्पर्धाको माध्यमबाट कार्य गराई ऐन, नियमको पालना गर्न निर्देशन दिने । |
| ८ | ८ | **खोटो संकलन -** खोटो संकलनको लागि नियमानुसार छनोट भएको श्री रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि. र वन विभाग बीच मिति २०६३।११।१४ मा भएको करारनामाको बुँदा नं. ६ मा जिल्ला वन कार्यालय डडेल्धुराले तोकिदिएका रुखहरुबाट मात्र प्रा.लि. ले रुखहरु सुक्न, मर्न नपाउने गरी रिल प्रविधिबाट खोटो संकलन गर्न पाउने उल्लेख छ । | मन्त्रालयको च.नं. १०३३ मिति २०७९/०३/३२ गतेको पत्रबाट प्रगति विवरण माग गरिएको तर पटक पटक ताकेता गर्दा पनि हालसम्म प्राप्त नभएको जवाफ समितिमा प्राप्त भएको हुँदा यस सम्बन्धमा मन्त्रालयले स्थलगत निरिक्षण गरी भएको यथार्थ वस्तुस्थिति विवरण समेटी १(एक) महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| | ८.१ | लेखापरीक्षणको सिलसिलामा डडेलधुरास्थित वन क्षेत्रको स्थलगत निरिक्षण गर्दा अनियन्त्रित तरिकाले खोटो संकलन गरेको कारण अत्याधिक संख्यामा रुखहरु ढलापढा अवस्थामा रहेको, वनका रुखहरुमा आगो समेत लागेको अवस्था देखियो । सम्झौता विपरित ३ फिट गोलाईभन्दा कमका रुखहरुसमेत खोटो संकलनमा प्रयोग भएको स्थलगत रुपमा भागेश्वर गाउँपालिका क्षेत्र तथा इपुलेक क्षेत्रको अनुगमनमा देखियो । खोटो संकलन गर्दा रुखहरुको यथोचित व्यवस्थापन नगरी खोटो संकलनतर्फ मात्र केन्द्रित रहेको देखिएकाले सम्झौताको पालना गर्नुपर्दछ । | |
| | ८.२ | मिति २०६३।११।१४ मा विभाग र उद्योग बीच भएको करारनामाको दफा १ मा तीन वर्ष भित्र खोटो संकलन गर्न वातावरण संरक्षण ऐन, २०५३ र | |

| | | | |
|---|---|---|---|
| | | नियमावली, २०५४ अनुसारको प्रक्रिया अपनाई स्वीकृत वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका सोधभर्ना वृक्षारोपण गरेर मात्र बार्षिक १ हजार ५ सय मे.टन सम्म खोटो संकलन गर्न सकिने प्रावधान भन्दा बढी छोड पूर्जी दिएको, प्रति हेक्टर माउ ५ रुख यकिन गरी आरक्षित गर्नुपर्ने जस्ता शर्तहरु कम्पनीले पालना गरेको देखिएन । अनिबार्य दरले छोडनुपर्ने रुखको अवस्था समेतको बेवास्ता गरेको, प्रा.लि. ले टेपिङ्ग गर्न पाएका क्षेत्रमा आगलागीको उच्च सम्भाबना बढेको, यत्रतत्र तरिकाबाट खोटो संकलनका कारण अत्यधिक मात्रामा रुखहरु ढलापढा रहेको अवस्थामा वातावरणीय जोखिमको पक्षलाई बेवास्ता गर्दै दिइएको छोडपूर्जी लगायतका निर्देशन उपयुक्त देखिएन । | |
| | ८.३ | करारनामाको दफा १८ बमोजिम प्रा.लि.ले गरेको कामहरुको कम्तीमा वर्षमा दुई पटक अनुगमन गरी अनुगमन प्रतिवेदन क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पेश गर्नुपर्ने र यसका अतिरिक्त प्रत्येक आर्थिक वर्षको अन्त्यमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । जिल्ला वन कार्यालयले करारनामा बमोजिम अनुगमन गरी बार्षिक प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| ९ | ९ | **जडीवुटी विकास कार्यक्रम -** डिभिजन वन कार्यालय बझाङ्गले १० हजार विरुवा उत्पादनका लागि हिमाली लोपोन्मुख जडिवुटी संरक्षण संस्थासँग जडिवुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गरी १० हजार विरुवा उत्पादन गर्ने शर्त सहित मिति २०७६ आषाढ २० भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । सम्झौता बमोजिम ४० प्रतिशतले हुने रु.४ लाख पेस्की उपलब्ध गराएकोमा पेस्की फछ्यौट नगरी पुनः रु.३ लाख कामको प्राविधिक मूल्याङ्कन बेगर भुक्तानी दिएको देखियो । साथै सम्झौता बमोजिम उक्त संस्थाले तोकिएको मितिमा काम सम्पन्न गरेको नदेखिएको, लेखापरीक्षण अवधिसम्म कामको प्रगति एवं मूल्याङ्कन समेत पेश हुन नआएकोले सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सो संस्थासँग भएको संझौता रद्द गरी | भुक्तानी एवं पेश्की दिएको रकम रु ७ लाख असुलउपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | भुक्तानी एवं पेस्की दिएको रु.७ लाख असुल हुनुपर्दछ। | |
| १० | १० | **अनुगमन -** गत वर्षको प्रतिवेदनमा कार्य जिम्मेवारी तोक्नुपर्ने, दरवन्दी पदपूर्ति नभएको, सोझै खरिद, आन्तरिक नियन्त्रण र सेवा प्रवाह प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

## महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०४/०३, २०७९/०५/०७ गते भएका छलफलका निर्णयहरु

## सामाजिक विकास मन्त्रालय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **एम्बुलेन्स खरिद** - एम्बुलेन्स खरिद प्रक्रियामा प्रतिस्पर्धा नभई एक बोलपत्र मात्रको आधारमा खरिद गरेकोले मितव्ययी देखिएन । लागत अनुमान तयार गर्दा एउटा बिक्रेताको मात्र मूल्यसूची लिएको, सार्वजनिक निकायको माग (बी टाइपको सुविधासम्पन्न) बमोजिम एम्बुलेन्स प्राप्त नगरी अन्य गाडीको यन्त्र औजार एसेम्बल हुने अवस्थामा खरिद कार्य गरेको । उत्पादनकर्ताको स्थानीय बिक्रेताले पटक पटक एम्बुलेन्सको कारखाना मूल्यमा परिवर्तन गरेकोमा मन्त्रालयले कुनै राय दिएको छैन । माग बमोजिमको एम्बुलेन्स नभएको अवस्थामा समेत मेकानिकल ईन्जिनियरबाट एम्बुलेन्सको प्राविधिक पक्ष ठीक छ भनी खरिद कार्य सम्पन्न गरी भुक्तानी भएको छ । खरिद गरिएका एम्बुलेन्स प्रदेशको भौगोलिक अवस्थितिबमोजिम उपयुक्त नभएको, एम्बुलेन्समा जडान गरिएको पार्टपूर्जा लगायतका प्राविधिक पक्ष कमजोर रहेको । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको क्रममा रहेको । |

| | | | |
|---|---|---|---|
| २ | २ | **मेसिन औजार खरिद** - अस्पताल सेवा सुदृढीकरण कार्यक्रमअन्तर्गत सी.आर.मेसिन लगायत विभिन्न मेसिन उपकरण आपूर्तकमार्फत खरिद गरी रु.२ करोड ३५ लाख ९५ हजार भुक्तानी गरेको छ । सो खरिद कार्यमा वढी मूल्य पर्ने मेसिनमा १/१ वटा मात्र बोलपत्र परेको अवस्था छ भने कम मूल्यको सामानमा वढी प्रतिस्पर्धा गरेको छ । आर्थिक वर्षको अन्तमा खरिद गरिएका मेसिन औजारहरु मन्त्रालयमा प्राप्त भएपछि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई हस्तान्तरण गरेको छ । खरिद सामानहरु आपूर्ति व्यवस्थापन केन्द्रको जिन्सी निरिक्षण प्रतिवेदनमा मौज्दात देखिएको छैन । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको क्रममा रहेको । |
| ३ | ३ | **दुर्गम क्षेत्रमा स्वास्थ्य शिविर** - प्रदेशका दुर्गम ठाउँहरुमा मन्त्रालयले सञ्चालन गरेको ७ स्वास्थ्य शिविरका लागि एलोप्याथिक तथा आयुर्वेदिक औषधि खरिदमा मात्र रु. ३३ लाख १८ हजार खर्च भएको । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट समेत केही शिविरको लागि आयुर्वेदिक तथा एलोप्याथिक औषधिहरु हस्तान्तरण भएको । खरिद गरिएका तथा आपूर्ति केन्द्रबाट शिविरमा गएका औषधिहरुको खर्च र मौज्दात विवरण पेश नभएको । प्रति शिविर १ हजार ८० जनादेखि १ हजार ९ सय ८१ जनासम्म लाभग्राहीले सेवा लिएको शिविरमा भएको औषधि खर्च र सेवाग्राहीको संख्याका आधारमा औषधि खर्चमा धेरै फरक परेको देखिन्छ । विशेषज्ञ डाक्टरको प्रेस्क्रिप्सनको आधारमा औषधि वितरण नभएको साथै औषधि वितरण भरपाई तथा बाँकी रहेका औषधिको दाखिला अभिलेख समेत नराखेकोले यस सम्बन्धमा छानविन हुनुपर्दछ । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको क्रममा रहेको । |
| ४ | ४ | **मेडिकल उपकरण खरिद** - महाकाली अस्पताल, कन्चनपुरले एक आपूर्तकसँग रु. १ करोड ८६ लाख ९८ हजारको भेन्टिलेटर लगायतका मेडिकल उपकरण खरिद गर्ने गरी २०७६।३।२५ मा सम्झौता गरी २०७६।३।३० मा सामान प्राप्त भएकोमा सम्झौता हुनु अगावै २०७६।३।८ मा सामान परीक्षण गरेको प्रतिवेदन संलग्न गरेको छ । सम्झौता हुनुभन्दा अगाडि नै मालसामानको प्राविधिक परीक्षण गरी खरिद गरेको । | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको क्रममा रहेको । |

| | | | |
|---|---|---|---|
| | | **प्रदेश स्वास्थ्य कार्यालयहरु** | |
| ५ | ५ | **अल्ट्रासाउण्ड मेसिन खरिद** - ग्रामीण अल्ट्रासाउण्ड मेसिन खरिद गर्न अन्तराष्ट्रिय उत्पादनकर्ता कम्पनीबाट समेत दर रेट मागी लागत अनुमान तयार गर्नुपर्नेमा स्वदेशी आपूर्तकहरुसँग मात्र दररेट माग गरी लागत अनुमान तयार गरी प्रदेश सचिवबाट स्वीकृत गरेको छ । बोलपत्रको प्रकृया सुरु भै सकेपछि एक स्वदेशी बोलपत्रदाताको आग्रहमा प्रदेश निर्देशकबाट २०७६।२।२४ मा स्पेसिफिकेशन संशोधन गरेको देखियो । माथिल्लो तहबाट स्पेसिफिकेशन तथा लागत अनुमान स्वीकृत भएको अवस्थामा तल्लो तहबाट संशोधन गर्न मिल्ने देखिँदैन । बोलपत्रदाताले अल्ट्रासाउण्ड मेसिनको कन्ट्री अफ ओरिजिन यू.एस.ए.उल्लेख गरेकोमा प्लाज्मा कर्पोरेशन हङकङले जारी गरेको कमर्सिएल इन्भ्वाइसलाई आधार मानी प्रतितपत्र खोल्न स्वीकृत दिएको छ । | सम्परीक्षण भइसकेकोले बेरुजु लगत कट्टा गर्ने । |
| ६ | ६ | **पेस्की माथि पेस्की** - कार्यालयमा कार्यरत १६ जना व्यक्तिलाई विभिन्न कार्यक्रम सञ्चालन गर्न पेस्की दिएकोमा पहिलो पेस्की फछ्र्यौट नहँुदै एकै कर्मचारीलाई १९ पटक सम्म पटक पटक गरी पेस्कीमाथि पेस्की दिएको छ । १७ व्यक्तिलाई रु.८ करोड ९१ लाख ५१ हजार पेस्की दिएकोमा पूरै रकम खर्च हुन नसकी ४९ लाख ८२ हजार रकम फिर्ता भएको छ । पेस्कीमाथि पेस्की दिई वर्षको अन्तमा फाँटवारी पेश गरी पेस्की फछ्र्यौट गरेको छ । पेस्की लिई लामो समय सम्म कार्यक्रम नगरी व्यक्तिको खातामा रकम रहने र पछि कार्यक्रम सञ्चालन गर्ने तथा आर्थिक वर्षको अन्त्यमा रकम फिर्ता गरेको । | उल्लेखित पेश्की रकम १७ जना कर्मचारीले पटक पटक लिएको र पेश्की फछ्यौट नगरी पुनः अर्को पेश्की लिई लामो समयसम्म फछ्यौट नगरेको देखिएको हुँदा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ बमोजिम तोकिएको म्याद भित्र पेश्की फछ्यौट नगरी बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले व्याज समेत लगाई राजस्व खातामा दाखिला गरी सम्परीक्षण गर्ने र पेश्की माथि पेश्की दिने लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाई समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७ | ७ | **औषधि खरिद** - एक मेडिसिन डिष्ट्रिव्युटर्ससँग औषधि खरिद गर्न २०७६।३।१८ मा रु.३४ लाख २० हजारको औषधि २०७६।३।२५ भित्र आपूर्ति सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त समयभित्र रु.२५ लाख ७१ हजारको औषधि आपूर्ति गरेको देखियो । सम्झौताअनुसारको बाँकी औषधि आपूर्ति नगरी सम्झौता रद्द गरेको कारण निज आपूर्तिकर्ताले खरिद सम्झौता उल्लघंन गरेको । खरिद गरेका | संघीय सरकारबाट हस्तान्तरित रु २५,७९,१०० र प्रदेश सरकारबाट रु ८,४०,९००। गरी कुल रकम रु ३४,२०,०००। को औषधि आपूर्तिका लागि तिवारी मेडिसिन डिस्ट्रिव्युटर्ससँग मिति २०७६/०३/१८ गते सम्झौता गरी मिति २०७६/०३/२४ गते कार्यालयमा दाखिला गरेको |

| | | | |
|---|---|---|---|
| | | औषधि वर्षान्तमा खर्च हुन नसकेको र जिन्सीमा मौज्दात रहेको । सम्झौताअनुसार आपूर्ति हुन नसकेको र घटी परिमाणमा आपूर्ति भएका औषधिसमेत मौज्दात रहेको। | देखिएकोले सम्परीक्षण गर्ने र वर्षान्तमा सम्झौता गरी खरिद गर्ने र जिन्सीमा मौज्दात राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्न निर्देशन दिने । |
| **शिक्षा विकास निर्देशनालय डोटी** | | | |
| ८ | ८ | **खेलकुद मैदान निर्माण -** सात जिल्लामा खेलमैदान निर्माण गर्दा चौध खेलमैदान निर्माण उपभोक्ता समितिलाई सम्झौतामा तोकिएभन्दा बढी भुक्तानी दिएको, मेसिन प्रयोग गरी मानिसको दरमा रकम भुक्तानी दिएको, तोकिएको दरभन्दा बढी दरमा भुक्तानी दिएको रु.७६ लाख ५८ हजार र एक उपभोक्तालाई ग्याबियन वाल लगाउँदा रु.३ लाख ६३ हजार र अर्को उपभोक्ता समितिलाई ग्याबियन वाल लगाउँदा नपाउने लिड खर्च दिएको रु.८ लाख २१ हजारसमेत रु. ८८ लाख ४२ हजार सम्बन्धित नापी गर्ने कर्मचारी तथा कार्यालय प्रमुख समेतलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । त्यसैगरी चार उपभोक्ता समितिलाई कर बीजक बेगर भुक्तानी भएको मूल्य अभिबृद्धि कर र अग्रिम कर रु.६ लाख ८९ हजार असुल गर्नुपर्दछ । | असुलउपर भइसकेको रकम रु ४२,२०,०५४ र असुल गर्न बाँकी बेरुजु रकम समेत असुलउपर गरी सम्परीक्षण गर्ने र समितिमा भौचर सहित प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ९ | ९ | **अनुगमन -** गत वर्षको प्रतिवेदनमा कानूनको पहिचान, कार्यजिम्मेवारी, दरबन्दी पदपूर्ति र सेवा प्रवाह लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिदा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नु पर्दछ । | सुझाव बमोजिम गर्न निर्देशन दिने । |

**महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०४/०४, २०७९/०५/०६, २०७९/०५/१४ गते भएका छलफलका निर्णयहरु**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **वर्षान्तको खर्च -** आषाढ महिनामा मात्र चालुतर्फ रु.४७ करोड ९१ लाख २४ हजार तथा पूँजीगततर्फ रु.५ करोड ६१ लाख ७७ हजारसमेत कुल रु.५३ करोड ५३ लाख २ हजार रही कुल खर्चको अनुपातमा ५३.३१ प्रतिशत आषाढ महिनामा मात्र निकासा खर्च भएको अवस्था छ । वर्षान्तमा आई खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| २ | २ | **बजेट निष्कृय -** मन्त्रालयले कार्यक्रम कार्यान्वयनको ठोस आधारबेगर रु.२ करोड २५ लाख बराबरका ३ योजना सञ्चालनका लागि बजेट स्वीकृत गरेकोमा उक्त योजना कार्यान्वयन गर्न नसकी बजेट फ्रिज गरेको छ । बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयन हुने किसिमले गर्नुपर्दछ । | अब आइन्दा बजेट फ्रिज नहुने गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने । |
| ३ | ३ | **अनुदान निकासा -** रु.१० करोड ९० लाख ५७ हजार अनुदान रकम खर्च गरेको सुनिश्चितता हुने आधार तथा प्रमाण पेश गरेको छैन भने सो संस्थाको लेखापरीक्षण प्रतिवेदनसमेत प्राप्त भएको छैन । कार्यविधि तथा खरिद ऐन तथा नियमावली बमोजिम अनुदान निकासा एवं खर्च भएको विषयमा मन्त्रालयले सूचक सहितको अनुगमन मूल्याङ्कन गरी उपलब्धिको सुनिश्चितता प्राप्त गर्नुपर्दछ । | उल्लेखित अनुदान रकम सम्बन्धमा खर्चको सुनिश्चितता हुने आधार तथा प्रमाण र लेखापरीक्षण प्रतिवेदन समितिमा माग गरी अध्ययन गर्दा स्थानीय तहको सिफारिस तथा लेखापरीक्षण प्रतिवेदन सबै सहकारीसंस्थाहरुमा संलग्न नभई अधुरो भएको देखिएको हुँदा खर्चको सुनिश्चतता हुने सम्पूर्ण विवरण संलग्न गरी सम्परीक्षण गराई समितिमा प्रतिवेदन पेश गर्ने र प्रमाण कागजात विना भुक्तानी दिने कर्मचारीलाई जिम्मेवारी बनाउन निर्देशन दिने । |
| ४ | ४ | **समपूरक अनुदान -** विभिन्न १३ सहकारी संस्थाको भवन निर्माणको लागि रु.१ करोड ३३ लाख आर्थिक वर्षको अन्तमा निकासा गरेको छ । मन्त्रालयले अनुदान कार्यविधिको पालना नगरी आर्थिक वर्षको अन्तमा एकै | भवन निर्माणको लागि विनियोजित प्रदेश पूर्वाधार विकास कार्यक्रमको रकमबाट ११ वटा सहकारी संस्थाको लागि भुक्तानी गरेकोमा खर्चको सुनिश्चित हुने गरी वार्षिक प्रतिवेदन तथा अनुगमन |

| | | | |
|---|---|---|---|
| | | पटक स्वीकृत रकम निकासा दिएको छ । अनुदान रकम तोकिएको कार्यविधि बमोजिम खर्च भएको सुनिश्चित हुने गरी वार्षिक प्रतिवेदन तथा अनुगमन प्रतिवेदन मन्त्रालयले प्राप्त गरेको छैन । वित्तीय हस्तान्तरणअन्तर्गत निकासा दिएको उक्त अनुदान रकम वर्षान्तमा खर्च नभई बचत रहेको अवस्था छ । खर्चको अनुगमन गरी वर्षान्तमा बचत रहेको रकम सञ्चित कोष फिर्ता गर्नुपर्दछ । | प्रतिवेदन समितिमा प्राप्त नभएकोले संलग्न गरी सम्परीक्षण गराउने र अब आइन्दा तोकिएको कार्यविधि बमोजिम खर्चको सुनिश्चितता हुने गरी मात्र भुक्तानी गर्न निर्देशन दिने । |
| | | **कृषि ज्ञान केन्द्रहरु** | |
| ५ | ५ | **अग्रिम कर** - कृषकलाई कृषियन्त्र, उपकरण तथा संरचना निर्माण सामग्री उपलब्ध गराएबापत ९ आपूर्तकलाई खरिद मूल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा कार्यालयले अनुदान भुक्तानी अंशमात्रमा अग्रिम करकट्टी गर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रु.९ लाख ३० हजार अग्रिम कर छुट हुन गएको छ । छुट भएको कर असुलउपर गरी संघीय राजस्वमा दाखिला गर्नुपर्दछ । | अग्रिम करकट्टी गर्नु पर्ने रकम रु ९ लाख ३० हजार असुल उपर गरी समितिमा जानकारी गर्न निर्देशन दिने । |
| ६ | ६ | **अनुदान वितरणमा प्रभावकारिता** - जैविक विषादी उत्पादनका लागि मेसिन, यन्त्र उपकरण खरिद गर्न छनौट भएका फर्म, समूहले आफ्नो हिसाबमा खरिद गरेका यन्त्र औजार, मेसिनहरुको गुणस्तर प्रमाणीकरण नभएको, खरिद गरिएका यी मेसिन जडान गरी सञ्चालन भए नभएको कार्यालयबाट अनुगमन नभएको, मेसिन यन्त्र औजारको सञ्चालनका लागि दक्ष जनशक्ति नरहेको, प्लाण्ट जडानको लागि आफ्नो जग्गा भवन यकिन नगरी खरिद तथा अनुदान सम्झौता गरी वर्षान्तमा बैंक खातामा खरिद बिलका आधारमा खर्च लेखेको छ । | अनुदानमा खरिद गरिएका मेसिनहरुको गुणस्तर प्रमाणीकरण, प्लाण्ट जडानको लागि जग्गा तथा भवन, मेसिन संचालनका लागि दक्ष जनशक्तिको अवस्था लगायतका विषयहरुको एकीन हुन कार्यालयको अनुगमन प्रतिवेदन संलग्न गरी सम्परीक्षण गर्ने र समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ७ | ७ | **जैविक ल्याव** - एक वायो एग्रो फार्मसँग जैविक विषादी उत्पादन गर्ने प्लाण्ट स्थापना गर्न कार्यालयले कार्य सम्पन्न गरेपश्चात् भुक्तानी गर्नुपर्नेमा वर्षान्तमा एकै किस्तामा रु.२५ लाख अनुदान उपलब्ध गराएको छ । ल्याव जडान एवं सञ्चालनको लागि २०७६।८।३० सम्म प्राविधिक उपलब्ध हुन | मिति २०७९/०५/०७ गते बसेको समितिको वैठकको निर्णय बमोजिम समितिका पदाधिकारीहरुबाट जैविक विषादी उत्पादन गर्ने ल्याबको स्थलगत अवलोकन गर्दा खरिद गरिएका बिल अनुसार Generator, Deep Freezer लगायतका सामाग्रीहरु |

| | | | |
|---|---|---|---|
| | | नसकेकोले उक्त ल्याव सञ्चालनमा नल्याएको । सामान ल्याई कृषि यन्त्र बिक्री गर्ने शो रुममा प्याकिङ गरेर राखेको, जैविक विषादी उत्पादन गर्न आवश्यक जमिन अभाव रहेको, यन्त्र जडान सञ्चालनको कार्य नभएको अवस्थामा सम्झौताको शर्त नं. १३ विपरीत पूरै कार्य सम्पन्न भएको प्राविधिकको सिफारिसबाट अन्तिम किस्ता भुक्तानी भएको छ । | नभएको, जैविक विषादी उत्पादन गर्ने ल्याब निरन्तर संचालनमा नरहेको, ल्याब संचालनका लागि आवश्यक जनशक्ति नरहेको, प्लाण्ट जडानको लागि आफ्नो जग्गा भवन नभएको साथै खरिद गरिएका बिलहरुमा समेत विश्वसनीयता नभएको कारण अनियमितता भएको ठहर्छ । अतः प्रदेश सरकारले अनुदानका रुपमा उपलब्ध गराएको रु २५ लाख रकम असुलउपर गर्ने र कार्य सम्पन्न नभई सम्पन्न भएको सिफारिस गर्ने प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई समितिमा प्रतिवेदन पेश गर्न निर्देशन दिने । |
| ८ | ८ | **अनुगमन** - गतवर्षको प्रतिवेदनमा कार्य जिम्मेवारी नतोकिएको, दरवन्दी बमोजिम पदपूर्ति नभएको तथा सेवा प्रवाह प्रभावकारी नरहेको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुनेगरी कार्यसम्पादन गर्नुपर्दछ । | सुझाव बमोजिम सुधार गर्न निर्देशन दिने । |

## महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०४/१३ गते भएका छलफलका निर्णयहरु

### प्रदेश सभा सचिवालय

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | १ | **गत वर्षको पारिश्रमिक भुक्तानी -** प्रदेश सभाका सभामुख, उपसभामुख र माननीयहरुको पारिश्रमिक सपथ ग्रहण गरेको मितिदेखि लागू हुने भनी प्रदेश सभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ मा उल्लेख भएकोमा भूत प्रभावित कानून बनाई रु ४४ लाख ४२ हजार भुक्तानी गरेको । | अब उपरान्त भूत प्रभावित कानून बनाई सुविधा भुक्तानी नगर्ने साथै उल्लेखित बेरुजु लगत कट्टा गर्ने । |
| २ | २ | **कार्यसम्पन्न प्रतिवेदन -** संसदीय दलको भवन निर्माण गर्दा कार्यसम्पन्न प्रतिवेदन तयार नगरी रु ४८ लाख ४४ हजार रकम भुक्तानी गरेको देखियो । | कार्यसम्पन्न प्रतिवेदन पेश भइसकेकाले केही गर्नु नपर्ने र बेरुजु लगत हटाउने । |
| ३ | ३ | **निर्माण कार्य -** रु २३ लाख ८४ हजार रकमको निर्माण कार्य बोलपत्रको माध्यमबाट नगरी टुक्राटुक्रा पारी गरेको । | अब आइन्दा विस्तृत कार्ययोजना बनाएर मात्रै खरिद कार्य गर्ने र निर्माण कार्यहरु गर्दा टुक्राटुक्रा पारी नगर्न निर्देशन दिने । |
| ४ | ४ | **शीर्षक फरक पारी खर्च -** सचिवालयको निर्णयानुसार निजामती कर्मचारी, करार सेवाका कर्मचारी, सुरक्षाकर्मीहरुलाई ६० र ४० प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णयानुसार शिर्षक फरक पारी रु २५ लाख ८६ हजार विविध शिर्षकबाट खर्च लेखेकोले शीर्षक फरक पारी गरेको खर्च नियम सम्मत देखिएन । | सचिवालय संचालन तथा व्यवस्थापन समितिको मिति २०७६/०२/२२ मा बसेको बैठकबाट प्रदेश सभा र सचिवालयमा कार्यरत कर्मचारीहरु, मर्यादापालक र सुरक्षाकर्मीहरुलाई प्रोत्साहन भत्ता दिने निर्णय भएको । अघिल्लो वर्ष २०७४ साल माघ २१ देखी २०७५ असार मसान्तसम्म समेत प्रोत्साहन भत्ता उपलब्ध गराएको देखिएको साथै आर्थिक वर्ष २०७६/०७७ बाट चालूतर्फ र पूँजीगततर्फ विभिन्न शीर्षकमा बजेट व्यवस्थापन गरिएकोले उल्लेखित बेरुजु लगत हटाउने । |

## प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# छानविन उपसमिति

## सुदूरपश्चिम प्रदेश

# सामुदायिक सिचाई परियोजना अनुगमन प्रतिवेदन

## आ.व. २०७६/७७

धनगढी, कैलाली

मिति :- २०७७/०२/२१

माननीय सभापतिज्यू,
सार्वजनिक लेखा समिति, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली ।

**विषय : प्रतिवेदन पेश गरेको बारे ।**

मिति २०७६/१२/०६ गतेको सार्वजनिक लेखा समिति अन्तरगत छानविन उपसमितिको निर्णयानुसार तथा मिति २०७६/१२/०७ गतेको भ्रमण आदेशानुसार मिति २०७६/१२/०९ देखी ऐ १५ गतेसम्म सार्वजनिक लेखा समिति अन्तरगत छानविन उपसमितिका संयोजक माननीय अमर बहादुर साउँदको नेतृत्वमा तपशिल बमोजिमका पदाधिकारीहरु तथा समिति सचिवालयका कर्मचारीहरु कैलाली जिल्लामा अवस्थित विभिन्न सामुदायिक सिचाई परियोजनाहरुको अनुगमन तथा निरिक्षण कार्यका लागि कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं. ४ मा रहेको भुलभुलैया सिचाई आयोजना र कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं. ५ मा रहेको टेङ्गना सिचाई आयोजनामा गई अनुगमन तथा निरिक्षण कार्य गरी त्यहाँको स्थलगत वस्तुस्थिति विवरण टिपोट गरी देहाय अनुसार पेश गरेको व्यहोरा अनुरोध छ । साथै अनुगमन तथा निरिक्षण कार्य चलिरहँदा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना (कोभिड-१९) का कारण उपसमितिको अनुगमन तथा निरिक्षण कार्यलाई निरन्तरता दिन नसकिएकोले देशको स्थिति सहज हुनासाथ थप अध्ययन तथा सरोकारवालाहरुसँग परामर्श गरिने व्यहोरा अनुरोध छ ।

**छानविन उपसमितिका पदाधिकारीहरु**

| | |
|---|---|
| माननीय अमर बहादुर साउद | संयोजक |
| माननीय बल बहादुर सोडारी | सदस्य |
| माननीय मान बहादुर धामी | सदस्य |

**सचिवालय कर्मचारीहरु**

समिति सचिव श्री प्रेम कटेल
सहायक श्री डमरु राज उप्रेती

**प्रतिवेदक**
माननीय अमर बहादुर साउँद
संयोजक
सार्वजनिक लेखा समिति अन्तरगत
छानविन उपसमिति

**स्थलगत अनुगमनको पृष्ठभूमिः**

सार्वजनिक लेखा समितिमा विभिन्न मितिमा विभिन्न माध्ययमबाट कैलाली जिल्ला अन्तरगत रहेका सामुदायिक सिचाई परियोजनाहरुको निर्माणको क्रममा अनियमितता भएको तथा काम अधुरो छोडिएकोले छानविन गरिपाउँ भनी परेका उजुरीका सम्बन्धमा समितिको मिति २०७६/११/०८ गतेको निर्णयानुसार छानविन उपसमिति गठन गरिएको र उक्त उपसमितिको मिति २०७६/१२/०७ गतेको निर्णयानुसार मिति २०७६/१२/०९ देखी २०७६/१२/१५ गतेसम्म छानविन उपसमितिका संयोजक माननीय अमर बहादुर साउँदको नेतृत्वमा तपशिल बमोजिमका पदाधिकारीहरु तथा समिति सचिवालयका कर्मचारीहरु कैलाली जिल्लामा अवस्थित विभिन्न सामुदायिक सिचाई परियोजनाहरुको अनुगमन तथा निरिक्षण कार्यका लागि कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं. ४ मा रहेको भुलभुलैया सिचाई आयोजना र कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं. ५ मा रहेको टेङ्गना सिचाई आयोजनामा गई स्थलगत अनुगमन तथा निरिक्षण कार्य गरी त्यहाँ भए गरेका गतिविधिहरु र अवस्थाको बारेमा जानकारी लिइयो ।

**अनुगमनको उद्देश्यः**

कैलाली जिल्ला अन्तरगत विगतका आर्थिक वर्षहरुमा निर्माण भएका/निर्माणाधीन रहेका तथा अधुरा रहेका सामुदायिक सिचाई परियोजनाहरुको स्थलगत अनुगमन तथा निरिक्षण गरी भए गरेका वास्तविक विवरणहरु समेत प्रतिवेदनमा उल्लेख गरी प्राप्त भएका उजुरी तथा गुनासोहरुका सम्बन्धमा यथार्थ बुझि आवश्यक व्यवस्थाका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय एवम् सम्बन्धित निकायलाई राय सुझाव तथा निर्देशन दिनु मुख्य उद्देश्य रहेको ।

**अनुगमन भएका सिचाई आयोजनाहरुः**

कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा नं. ४ र वडा नं. ५ मा रहेका सामुदायिक सिचाई परियोजनामा देहाय अनुसार गतिविधिहरु भएको पाइयो ।

**भुलभुलैया सिचाई आयोजना**

१. योजनाको नाम :- भुलभुलैया सिचाई आयोजना
२. ठेगाना :- घोडाघोडी नगरपालिका वडा नं. ४ कैलाली
३. सर्भे भएको मिति :- २०७२ सालमा
४. कामको सूचारु :- आ.व. २०७३/०७४ मा काम शुरु भएको
५. कामको अवस्था :- सेलेप तथा नहर बनाउन बाँकी रहेको

६. नहरको लम्बाई :- २५०० मिटर

७. ठेकेदारसँग ठेक्का सम्झौता भएको रकम : १ करोड ४५ लाख

८. उपभोक्ता समितिले व्यहोरेको रकम :- रु १८ लाखको काम सम्पन्न भएको

९. आयोजनाले ओगट्ने क्षेत्रफल : १२७ हेक्टर जमिनका लागि निर्माण गर्ने योजना रहेको

१०. जम्मा ४ वटा मोटर जडान गरिएकोमा १ वटा मोटर चोरी भएकोले ३ वटा मोटर मात्र बाँकी रहेका ।

११. सिचाई कुलो आधा निर्माण गरी बिचैमा छोडिएको अवस्थामा रहेको ।

१२. ६३० मिटर RCC ढलान गरिएको

१३. ठेकेदार काम गरेको क्षेत्रमा नआउने र सम्पर्क विहिन अवस्थामा रहेको तथा जिल्ला स्थित कार्यालयसँग समेत सम्पर्क हुन नसकेकाले काम स्थगित गरिएको ।

१४. निर्माण शुरु गरी बिचैमा छोडिएको र क्षतिग्रस्त अवस्थामा रहेको ।

१५. सिचाईका लागि आवश्यक पर्ने विद्युत लाइनको पोलहरु समेत कम संख्यामा राखी अधुरो छोडिएको।

१६. अध्यक्ष जनकलाल चौधरी सम्पर्क नम्बर :- ९८१४६२६२१०

**<u>समस्या :</u>**

१. १२७ हेक्टर जमिनका लागि निर्माण गर्ने योजना भए तापनि निर्माण कार्य सम्पन्न हुन नसक्दा सिचाईमा समस्या देखिएको ।

२. निर्माण गरेका आयोजनाको उचित सुरक्षा प्रबन्ध मिलाउन नसक्दा सामाग्रीहरु चोरी हुने गरेको तथा क्षतिग्रस्त हुने गरेको ।

**<u>सुझाव :</u>**

१. अधुरो छोडिएको आयोजनाको निर्माण कार्यलाई सम्पन्न गर्न आवश्यक बजेटकको व्यवस्था गरी निर्माण कार्य पूनः सुचारु गर्नुपर्ने ।

२. उक्त आयोजनाको ठेकेदारसँग सम्पर्क गरी आयोजनालाई अधुरो छोड्नुको कारण सहित स्पष्टिकरण सोध्नुपर्ने तथा आवश्यक कारबाही प्रक्रिया अगाडी बढाउनुपर्ने ।

३. उपभोक्ता समिति र समुदायले आयोजनाको सुरक्षामा आवश्यक ध्यान दिनुपर्ने ।

४. सामुदायिक सिचाई परियोजनाका आयोजनाहरु सम्बन्धित निकायले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको पूर्वाधार विकास कार्यालयलाई हस्तान्तरण गरेकोमा उक्त क्षेत्र सो कार्यालयको क्षेत्राधिकार भित्र नपर्ने भएकाले सिचाई डिभिजन कार्यालयमा हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

भुलभुलैया सिचाई आयोजनाका केही दृष्यहरु :













**टेङ्ना सिचाई आयोजना**

१. योजनाको नाम :- टेङ्ना सिचाई आयोजना

२. ठेगाना :- घोडाघोडी नगरपालिका वडा नं. ५ कैलाली

३. ८० हेक्टर जमिनका लागि सिचाई नहर पुर्याउने अनुमानित योजना रहेको ।

४. ठेकेदारको ठेक्का सम्झौता भएको रकम : रु ७२ लाख ।

५. उपभोक्ता समितिले रु ७.५ लाखमा काम गर्ने भनी सम्झौता गरेको ।

६. ठेकेदारले उपभोक्ता समितिसँग सम्झौता गरे पश्चात स्वयं सम्पर्क विहिन भएको र जिल्लास्थित कार्यालयसँग सम्पर्क समेत नभएकोले उपभोक्ता समितिले काम नगरेको तथा भुक्तानी समेत नलिएको।

७. खोलामा पानीको नहर बनाई आयोजना सम्म पुऱ्याउने काम बाँकी रहेको र उक्त कार्य नगर्दा सिचाई आयोजना बन्ने स्थानमा पानीको अभाव हुने देखिएकाले सिचाई नहर नबनाएको पाइयो ।

८. खोलामा सिचाई नहरका लागि ड्याम् समेत बनाउन बाँकी रहेको देखियो ।

९. काम अधुरो छोडिएको तथा सम्पन्न गरिएको निर्माण कार्य सन्तोषजनक रहेको ।

१०. अध्यक्ष देवराज जोशी सम्पर्क नम्बर : ९८१४६९७३२९

**समस्या :**

१. ८० हेक्टर जमिनका लागि निर्माण गर्ने योजना रहे तापनि निर्माण कार्य सम्पन्न हुन नसक्दा सिचाईमा समस्या देखिएको ।

२. निर्माण गरेका आयोजनाको सुरक्षा व्यवस्था प्रभावकारी हुन नसकेको ।

**सुझाव :**

१. अधुरो छोडिएको आयोजनाको निर्माण कार्यलाई सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरी निर्माण कार्य पूनः सुचारु गर्नुपर्ने ।

२. उक्त आयोजनाको ठेकेदारसँग सम्पर्क गरी आयोजनालाई अधुरो छोड्नुको कारण सहित स्पष्टिकरण सोध्नुपर्ने तथा आवश्यक कारबाही प्रक्रिया अगाडी बढाउनुपर्ने ।

३. उपभोक्ता समिति र समुदायले आयोजनाको सुरक्षामा आवश्यक ध्यान दिनुपर्ने ।

४. सामुदायिक सिचाई परियोजनाका आयोजनाहरु सम्बन्धित निकायले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको पूर्वाधार विकास कार्यालयलाई हस्तान्तरण गरेकोमा उक्त क्षेत्र सो कार्यालयको क्षेत्राधिकार भित्र नपर्ने भएकाले सिचाई डिभिजन कार्यालयमा हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

टेङ्ना सिचाई आयोजनाका केही दृष्यहरु :







**<u>अनुगमनको उपलब्धी :</u>**

स्थलगत अनुगमन तथा निरिक्षण भ्रमणका क्रममा निम्न लिखित उपलब्धी प्राप्त गरियो ।

१. सामुदायिक सिचाई परियोजनाहरुको वास्तविक वस्तुस्थिति विवरण बारे जानकारी प्राप्त भयो ।
२. सामुदायिक सिचाई परियोजनाहरुबाट उक्त समुदायलाई हुने फाइदाका सम्बन्धमा जानकारी प्राप्त भयो ।
३. सामुदायिक सिचाई परियोजना रहेको क्षेत्रका नागरिकहरु अत्यधिक रुपमा कृषिमा निर्भर रहेको तथा सिचाईको अभावमा समय समयमा विभिन्न कठिनाईहरु भोग्नु परिरहेकोले जिवनयापनका लागि समेत समस्या भइरहेको बारे जानकारी प्राप्त भयो ।

# प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# छानविन उपसमिति

## सुदूरपश्चिम प्रदेश

# एम्बुलेन्स खरिद सम्बन्धी प्रतिवेदन

## आ.व. २०७६/७७

धनगढी, कैलाली

मिति : २०७७।०३।१४

माननीय सभापति ज्यू,

सार्वजनिक लेखा समिति,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**विषय : एम्बुलेन्स खरिद सम्बन्धी गरिएको अध्ययन प्रतिबेदन ।**

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा १६ वटा एम्बुलेन्स खरिद सम्बन्धमा अनियमितता भएको भन्ने सम्बन्धमा बिभिन्न पत्रपत्रिका, रेडियो र टेलिभिजनबाट प्रकाशित र प्रसारित समाचारको माध्यमबाट जानकारी प्राप्त हुन आएकोले मिति २०७६/११/०८ गते बसेको सार्वजनिक लेखा समितिको बैठकले छानविन गर्ने निर्णय भए बमोजिम छानविन उपसमिति गठन गरी छानविन सुरु गरेको थियो । छानविन उपसमितिले एम्बुलेन्सहरु खरिद सम्बन्धमा विभिन्न निकायहरुबाट प्राप्त कागजातहरुको गहन अध्ययन तथा विश्लेषण गरी उपसमिति वैठकमा छलफल गरी यो प्रतिवेदन पेश गरेका छौं ।

**प्रतिवेदक**

माननीय सभापति कुमारी नन्दा वम

माननीय कर्ण बहादुर मल्ल

माननीय चुन कुमारी देवी चौधरी

माननीय मना कुमारी साउँद

माननीय अर्चना गहतराज

**अध्ययनको पृष्ठभूमि :**

मिति २०७६/११/०८ गते बसेको सार्वजनिक लेखा समितिको बैठकले सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा १६ वटा एम्बुलेन्स खरिद सम्बन्धमा अनियमितता भएको भन्ने सम्बन्धमा बिभिन्न पत्रपत्रिका, रेडियो र टेलिभिजनबाट प्रकाशित र प्रसारित समाचारको माध्यमबाट जानकारी प्राप्त हुन आएकोले छानविन गर्ने निर्णय भए बमोजिम उपसमिति गठन गरी छानविन सुरु गरिएको थियो । छानविन उपसमितिले एम्बुलेन्सहरु खरिद सम्बन्धमा प्राप्त कागजातहरुको गहन अध्ययन तथा छलफल गरी देहाय बमोजिमका सदस्यहरु रहेको उपसमिति गठन गरिएको थियो ।

**देहाय**

| | | |
|---|---|---|
| माननीय सभापति कुमारी नन्दा वम | - | संयोजक |
| माननीय कर्ण बहादुर मल्ल | - | सदस्य |
| माननीय चुन कुमारी देवी चौधरी | - | सदस्य |
| माननीय मना कुमारी साउँद | - | सदस्य |
| माननीय अर्चना गहतराज | - | सदस्य |

छानविन उपसमितिलाई प्रभावकारी अधिकार सम्पन्न र छिटो छरितो कार्य सम्पादनका लागि सार्वजनिक लेखा समितिका विभिन्न बैठकहरुले निम्न अनुसारका निर्णयहरु एवंम् प्रावधानहरु गरेको थियो ।

१. मिति २०७६।११।०८ गते बसेको सार्वजनिक लेखा समितिको ५६ औं बैठकको निर्णय नं. १ अनुसार सामाजिक विकास मन्त्रालयबाट खरिद गरिएका एम्बुलेन्सहरुमा अनियमितता भए नभएको छानविन प्रयोजनका लागि सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यूको संयोजकत्वमा देहायका माननीयज्यूहरु सदस्य रहने गरि कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो ।

   **देहाय**

| | | |
|---|---|---|
| माननीय सभापति कुमारी नन्दा वम | - | संयोजक |
| माननीय कर्ण बहादुर मल्ल | - | सदस्य |
| माननीय चुन कुमारी देवी चौधरी | - | सदस्य |
| माननीय मना कुमारी साउँद | - | सदस्य |

२. सार्वजनिक लेखा समितिको मिति २०७६।११।१२ गतेको ५७औं बैठकको निर्णय नं. २ अनुसार माननीय अर्चना गहतराजज्यूलाई सदस्यका रुपमा थप गरी छानविन उपसमितिलाई पूर्णता दिने निर्णय गरियो ।

३. मिति २०७६।११।१८ गते बसेको सार्वजनिक लेखा समितिको ५९औं बैठकको निर्णय नं. १ अनुसार सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट भएको एम्बुलेन्स खरिद सम्बन्धमा उजुरीको छानविन एवं जाँचबुझ प्रयोजनका लागि समितिका सभापतिज्यूको संयोजकत्वमा गठित समितिलाई अध्ययन, अनुसन्धान तथा राय परामर्श लगायतका सम्पूर्ण छानविन प्रक्रियाको लागि स्वायतता प्रदान गर्नुका साथै तोकिएको कार्यसम्पादन गर्नका लागि आवश्यक पर्ने ३० दिन समयावधि उपलब्ध गराउने निर्णय गरियो ।

मिति २०७६।११।२० गते छानविन उपसमितिको पहिलो वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**निर्णय :**

१. सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी कैलालीबाट खरिद गरी वितरण गरिएका एम्बुलेन्सको खरिद प्रकृया सम्बन्धी छानविन गर्न गठित छानविन उपसमितिलाई प्राप्त अधिकार बमोजिम आवश्यक पर्ने सम्पूर्ण छानविनको प्रकृया तथा कामकारबाही अगाढी बढाउने निर्णय गरियो ।

उपसमितिले छानविनको क्रममा आवश्यक कागजातहरु तपशिल बमोजिमका निकायहरुबाट माग गरेको थियो :

१. भैरहवा भन्सार कार्यालय रुपन्देही
२. बर्दिया राष्ट्रिय निकुज
३. शिवदल गण बर्दिया
४ सिप्रदी ट्रेडिङ प्रा.लि, राजपुर, कैलाली
५. यातायात व्यवस्था कार्यालय, कैलाली

मिति २०७७।०३।१४ गते छानविन उपसमितिको तेश्रो वैठक बसी तयार पारिएको प्रतिवेदन समितिमा पेश गर्न देहाय बमोजिम निर्णय गरियो ।

**निर्णय :**

सामाजिक विकास मन्त्रालयबाट खरिद गरिएका एम्बुलेन्सहरुमा अनियमितता भए नभएको सम्बन्धमा छानविन गर्न गठित सार्वजनिक लेखा समिति अन्तरगत छानविन उपसमितिलाई दिइएको कार्यादेश बमोजिम आवश्यक अध्ययन गरी तयार पारिएको प्रतिवेदन सार्वजनिक लेखा समितिमा पेश गर्ने निर्णय गरियो ।

छानविन उपसमितिले अध्ययनका क्रममा सम्बन्धित मन्त्रालय, सचिवालय, विभिन्न कार्यालय तथा एम्बुलेन्स प्रदायक कम्पनीको एजेन्सीबाट प्राप्त कागजातहरु तथा विवरणका आधारमा देखिएको वस्तुस्थिति विवरण तपशिल बमोजिम उल्लेख गरिएको छ :

१. विभिन्न निकायहरुबाट उपलब्ध कागजातको अध्ययन गर्दा सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका १६ वटा निर्वाचन क्षेत्रमा सुविधा सम्पन्न अत्याधुनिक उपकरण जडित एम्बुलेन्स खरिद कार्यक्रम अन्तरगत रु. ६ करोड ४० लाख बजेट तथा सामाजिक विकास मन्त्रालयलाई अख्तियारी प्राप्त भएकोमा सामानको स्पेशिफिकेशन अनुसार B Types को अत्याधुनिक एम्बुलेन्स खरिदका लागि नियमानुसार लागत अनुमान तयार गर्दा लिएका आधारमा टाटा मोर्टस कम्पनी लिमिटेडको तर्फबाट नेपालको आधिकारीक बिक्रेता सिप्रदी ट्रेडिङ प्रा.ली.संग मूल्य सूची माग गरेको । सो मूल्य सूचीमा भारतीय रुपैया (INR) २३,०५,०००। (तेइस लाख पाँच हजार) प्रति एकाई मोडेल मूल्य उल्लेख गरेको, निसान मोटर्सको तर्फबाट पाइनियर मोटोकार्पले माग भएभन्दा फरक टेक्निकल स्पेशिफिकेशनको सवारी साधनको मूल्य कोटेड गरेको देखियो । खरिद गर्न खोजिएको प्राविधिक स्पेशिफिकेशन अनुसार एम्बुलेन्स नहुने सो मा यन्त्र औजार एसम्बल हुने आधार लिई लागत अनुमानको त्यस्तै सवारी साधन उत्पादक कम्पनीको आधिकारीक Website मा मूल्य सूची समेत लिई मितव्ययी लागत अनुमान तय गर्नुपर्नेमा स्वीकृत बजेट तथा एउटा मात्र आधिकारीक उत्पादकको बिकेताको मूल्य सूचीलाई आधार लिएको देखिएकोले खुल्ला बजारको अवधारणा अनुसार सम्बन्धित मन्त्रालयले मूल्यमा प्रतिस्पर्धा नगराएकाले लागत अनुमान मितव्ययी बनाएको देखिएन । जुन विषय महालेखा परिक्षकको प्रतिवेदन २०७५/०७६ को २१.१ मा समेत उल्लेख गरिएको कुराले यस तथ्यलाई थप पुष्टि गर्दछ ।

२. छानविन समितिको प्रतिवेदन र उपलब्ध कागजातको अध्ययन गर्दा परामर्श दाताले पर्याप्त मूल्यको आधिकारिक श्रोत समेतको विश्लेषण नगरी विनियोजित बजेट रु ६ करोड ४० लाखको हाराहारीमा नै लागत अनुमान तयार गरी स्वीकृतीको सूचना प्रकाशित गरेकोमा टाटा मोटर्सको तर्फबाट सिप्रदी प्रा.ली.ले टाटा मोटर्सको **पर्फोमा इन्भ्वाइस** (Performa invoice INC) २३,०५,००० (तेइस लाख पाँच हजार) तथा **क्लियरिङ फवाडेड चार्ज** (Clearing Forwarded charge) वाफत प्रति एम्बुलेस ७,९५,००० (अक्षेरुपी सात लाख पन्चानब्बे हजार) समेत प्रति इकाई मूल्य रु. ३९,०७,००० (अक्षेरुपी उनन्चालिस लाख सात हजार) का दरले पेश गरेको आर्थिक प्रस्ताव स्वीकृत गरेको देखियो । पछि एभरेष्ट बैंक लि. मा एल.सी. खोल्ने समयमा टाटा मोटर्स प्रा.ली.ले अन्तराष्ट्रिय स्तरको बोलपत्रमा पेश गरेको **पर्फोमा इन्भ्वाइस** (Performa invoice) परिवर्तन गरी **युनिट प्राइज** (Unit Price INR) रु. १९,४५,००० (अक्षेरुपी उन्नाइस लाख पैतालिस हजार) पेश गरेको देखियो । यसले गर्दा एम्ब्लेन्सको फ्याक्ट्री प्राइज (Factory Price) मा देखाएको फेरबदल वारे मन्त्रालयले खरिद निर्णय प्रकृयामा एवं मूल्यमा कुनै निणर्य नगरी

एल.सी.खोलेको देखियो । विडर फरक फरक **पर्फोमा इन्भ्वाइस** (Performa invoice) का कारण लागत अनुमान तयार गर्दा र खरिद सम्झौता हुँदा भारतीय रुपैया (INR) रु.३,६०,००० (अक्षेरुपी तिन लाख साठी हजार) को मूल्यमा फरक देखिएको सम्बन्धमा मन्त्रालयले खरिद निणर्य संशोधन गर्नुपर्नेमा गरेको देखिएन ।

३. एम्बुलेन्स खरिदको स्पेशिफिकेशन तयार गर्दा यस्तो समाग्री उत्पादन गर्ने सवै कम्पनीलाई म्याच हुने गरि गर्नु पर्नेमा किन ४०७ मोडेल मात्रै उल्लेख गरियो, जस्ले एउटा मात्र कम्पनीलाई प्रभावित भयो ।

४. एम्बुलेन्स जस्तो सम्वेदनशिल साधन खरिद गर्दा त्यसमा आवश्यक हुने सम्पूर्ण यन्त्र जडान सहितको एम्बुलेन्सको लागत अनुमान तयार गर्नु पर्नेमा गाडी छुट्टै र जडान छुट्टै किन गरियो ?

५. सार्वजनिक खरिद ऐन २०६४ बमोजिम कुनै पनि सामाग्री/साधन खरिद गर्दा उत्पादक कम्पनीको आधिकारीक Website वाट नै मूल्य सूची लिई लागत अनुमान तयार गर्नु पर्नेमा एउटा मात्र कम्पनीको आधिकारिक उत्पादकको विकेताको मूल्यलाई आधार बनाइयो किन ?

६. आपूर्तिकर्ताले भूक्तानी लिएको क्लियरिङ्ग फरवार्डिङ्ग चार्ज रु.**१,२७,२०,००० (अक्षेरुपी एक करोड सताइस लाख बिस हजार)** कवोल गरि भुक्तनी लिदा हातले लेखी पेश गरेकाले त्यसको आधिकारिकता पुष्टी हुने आधार देखिदैन ।

७. भन्सार विभाग, भैरहवा भन्सार कार्यालयको सवारी घोषणा फारामको नगद रसिद मिति २०७६/०३/३१ गते राती ८:०५ वजे र ७:२४ बजे Thaiba clearing & Forwarding Agent ले **रु.४,९९,६७३ (अक्षेरुपी चार लाख उनान्सय हजार छ सय त्रिहत्तर)** भन्सार कर भुक्तानी गरि १६ वटा एम्बुलेन्स छुटाएको देखिन्छ र उक्त एम्बुलेन्सहरु सोही दिन मिति २०७६/०३/३१ गते नै सिप्रदी ट्रेडिङ प्रा.ली.राजपुर, कैलाली धनगढीमा निरीक्षण भै ठिक रहेको Inspection Report बनेको देखाएको छ । जुन कुरा कसरी सम्भव भयो ? Inspection Report मा देहाय अनुसारका Bid Document को प्राविधिक स्पेसिफिकेशनको सि.नं. १५ आवश्यक सहायक उपकरणहरु र सि.नं. १८ को एम्बुलेन्सको लागि चिकिस्सा उपकरणहरुको निरीक्षण गरिएको देखिएन । जुन कुराले विधी प्रक्रिया मिचेको देखिन्छ ।

८. प्राविधिक स्पेशिफिकेशनमा उल्लेखित कतिपय आवश्यक सहायता उपकरणहरु र चिकित्सा उपकरणको वारेन्टी कस्ले दिने हो ? निर्माताको लागि सि.नं. १७ को वारेन्टीमा केवल पार्टसको वारेन्टी हुने उल्लेख छ तर आवश्यक सहायता उपकरणहरु र चिकित्सा उपकरणको वारेन्टी समेटिएको छैन, Bid Documents मा उक्त समाग्रीको वारेन्टी नसमेटिनु त्रुर्टिपुर्ण भएको ठहर हुन्छ ।

९. प्राविधिक स्पेसिफिकेशनको मान्यता बमोजिम सामान्य अपरेटिङ अल्टिच्युट ऱ्यान्ज (Operating altitude range) र अपरेटिङ एमबेन्ट ट्याम्परेचर ऱ्यान्ज (Operating ambient temperature range) उल्लेख गरिएको छैन । (जस्तै अपरेटिङ ऊचाई सीमा र अपरेटिङ् वातावरणीय तापमान दायरा यसरी उल्लेख गरेको भए हिऊ परेको वा चिसो ठाँउ र बढी उचाई सम्म चल्न सक्थ्यो जस्तै सामान्यतयाः समान्य वा प्रतिकूल मौसम अवस्थाहरु अन्तर्गत उपयुक्त हुन्छ जुन समुद्री सतहबाट २५०० मिटरसम्म र परिवेशको तापक्रम भित्र ५ डिग्री सेल्सिअस देखि ५० डिग्री सेल्सिअस बीच भिन्न परिवेशमा चलाउन सकिन्छ ।) उक्त स्पेसिफिकेशनले ती एम्बुलेन्सहरु चिसो र गर्मी दुवै तापमानमा तथा उच्च पहाडी भागमा चल्नै पर्ने वाध्यता नरहेको शर्त देखिन्छ । जसले गर्दा स्पेशिफिकेशन तयार गर्दा त्रुटी भएको देखिन्छ ।

१०. वोलपत्र मा योग्यता र मापदण्ड बनाउदा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको खरिद मार्गनिर्देशनमा देहाय अनुसार गर्नु पर्ने उल्लेख छ, जुन Bid Document मा समावेश गरेको देखिएन ।

क) प्रस्तावित सामानहरु एक वर्षमा कम्तिमा कति संख्यामा उत्पादन हुन्छन ? समान क्षमता भएका उक्त सवारी साधनहरु कति परिमाणमा बिक्री भएका छन ? बिक्री भएका सवारी साधन वा एम्बुलेन्सहरु मध्ये कती संख्यामा ती सवारी साधन सन्तोषजनक ढङ्गले सञ्चालनमा रहेका छन ? सो कुरा बोलपत्र हाल्ने समयमा कम्पनीले किन उल्लेख गरेन ?

ख) प्रस्तावित मोडेलका एम्बुलेन्सहरु नयाँ मोडेलका हुन भने उत्पादक कम्पनीसंग सोही मोडेलको उत्पादन गरेको दुई वर्षको कार्य अनुभव हुनुपर्दछ सो कुरा किन खुलाइएको छैन ?

ग) वोलपत्रकर्ताले समान मोडेलका एम्बुलेन्सहरु उपभोक्ताहरुलाई विक्री गरेको तीन वर्ष सम्मको उपभोक्ता सूची सन्दर्भ स्रोतको रुपमा वोलपत्रको साथमा पेश गरेको हुनु पर्नेमा किन पेश गरिएन ?

११. बोलपत्र खोलेको मुचुल्का र बोलपत्रको मुल्यांकन प्रतिवेदनमा का.शा.अ.श्री लक्ष्मी प्रसाद जोशी र सदस्य सचिव ज.स्वा.नि.श्री मान बहादुर मडैको दस्तखत भएको देखिदैन ।

१२. १६ वटा एम्बुलेन्स वापत सिप्रदी ट्रेडिड. कन्सर्नलाई भुक्तानी दिन बाकी रकम रु **१,२७,२०,००० (अक्षेरुपी एक करोड सताइस लाख बिस हजार)** मिति २०७६।०३।३१ गतेको भुक्तानी आदेश नं २६ बाट भुक्तानी गरेको देखिन्छ र सोही मितिमा जिन्सी खाता पाना नं.१०८ मा उक्त एम्बुलेन्सहरु आम्दानी बाधेको देखिन्छ । तर सिप्रदी ट्रेडिड धनगढीको इन्ट्री रजिष्टरमा उक्त एम्बुलेन्सहरु मिति २०७६।०४।१३ र १४ गते आइपुगेको देखिन्छ । जसबाट एम्बुलेन्सहरु मन्त्रालयलाई प्राप्त नहुदै आम्दानी बाधी भुक्तानी दिएको प्रष्ट देखिन्छ ।

१३. भन्सार विभाग, भैरहवा भन्सार कार्यालयको सवारी घोषणा फारामको नगद रसिद मिति २०७६/०३/३१ गते राती ७:२४ बजे र ८:०५ बजे Thaiba clearing & Forwarding Agent ले **रु.४,९९,६७३ (अक्षेरुपी चार लाख उनान्सय हजार छ सय त्रिहत्तर)** भन्सार कर भुक्तानी गरि १६ वटा एम्बुलेन्स छुटाएको देखिन्छ र उक्त एम्बुलेन्सहरु सोही दिन मिति २०७६/०३/३१ गते नै सिप्रदी ट्रेडिङ प्रा.ली.राजपुर, कैलाली धनगढीमा निरीक्षण भै ठिक रहेको Inspection Report बनेको देखाएको छ । जुन कुरा कसरी सम्भव भयो ? फेरी तिनै एम्बुलेन्सहरुको मिति २०७६।०४।१७ मा Inspection Report तयार गरेको देखिन्छ । एउटै एम्बुलेन्सको २ वटा मितिमा २ वटा Inspection Report तयार गरेको देखिन्छ । जसबाट फर्जि Inspection Report तयार गरेको प्रष्ट हुन्छ । स्पेसिफिकेशनको सि.नं. १५ आवश्यक सहायक उपकरणहरु र सि.नं. १८ को एम्बुलेन्सको लागि चिकिस्सा उपकरणहरुको निरीक्षण गरिएको देखिएन ।

यसरी सम्पूर्ण प्रक्रिया र कागजातहरुको अध्ययन गर्दा लागत ईष्टीमेट तयार गर्दा देखी भुक्तानी दिदा सम्मका कार्यहरु नियम संगत भएको देखिदैन । जसबाट आर्थिक अनियमितता भएको प्रष्ट हुन्छ ।

त्यसकारण खरिद कार्यमा देखिएका थप त्रुटीहरु निम्नानुसार छन् :

१. उक्त १६ वटा एम्बुलेन्सहरुको खरिदका लागि सामान प्रदायक कम्पनी सिप्रदी ट्रेडिड. कन्सर्नसंग रु.६,२५,१२,०००। (अक्षेरुपी छ करोड पच्चीस लाख बाह्र हजार) मा एम्बुलेन्स प्रदान गर्ने सम्झौता भएकोमा ६,२६,१३,११८।६८ (छ करोड छब्बीस लाख तेह्र हजार एक सय अठाह्र रुपैया अठ्सठी पैसा) भूक्तानी भएको देखियो ।
२. उक्त सामान प्रदायक कम्पनी सिप्रदी ट्रेडिड.कन्सर्नलाई रु.४,९८,९३,११८।६८ (चार करोड अन्ठानब्बे लाख त्रियानब्बे हजार एक सय अठाह्र रुपैया अठ्सठी पैसा) पेश्की दिइएको देखिन्छ तर फच्र्यौट गर्दा १.५% कर र ६.५% मु.अ.कर कट्टी गरेको प्रमाण देखिएन ।
३. १६ वटा एम्बुलेन्सको लागत अनुमान तयार गरी बोलपत्र आव्हानमा पर्याप्त प्रतिस्पर्धा गराएको देखिदैन ।
४. लागत अनुमान परिवर्तन गर्दा सामाजिक विकास मन्त्रालयले पुनःनिर्णय गरिएको देखिएन ।
५. टाटा कम्पनीको उक्त सवारी साधनमा एम्बुलेन्स बनाउन नमिल्ने अवस्थामा पनि नियतवस उपकरण जडान गरेर एम्बुलेन्स बनाएको देखिन्छ ।
६. टाटा कम्पनीको स्थानिय सामान प्रदायक सिप्रदी ट्रेडिड.कन्सर्नलाई फाइदा पुगाउने नियतले समाग्रीहरुको स्पेसिफिकेशन तयार गरी बोलपत्र आव्हान गरेको पाईन्छ ।
७. एम्बुलेन्स प्राप्त नहुँदै तथा मेकानिकल ईन्जीनियरियरवाट जाँचपास नहुँदै भूक्तानी दिएको पाईन्छ ।

८. एउटै एम्बुलेन्सको २ वटा मितिमा २ वटा प्राविधिक निरिक्षण प्रतिवेदन (Inspection Report) तयार गर्न लगाएर सत्ता र शक्तिको आधारमा सरकारले अख्तियारीको दुरुपयोग गरेको पाईन्छ ।
९. १६ वटा एम्बुलेन्सहरु खरिदमा भएको खर्चमा अधिक भूक्तानी हुनु त्रुटीपूर्ण देखिन्छ ।
१०. एम्बुलेन्सको इस्पेसिफिकेशन तयार पार्ने मेकानिकल ईन्जिनियरद्धारा नै मेशिन उपकरणहरुको जाँचपास गरेको पाइयो ।
११. सम्झौता गर्दा उपकरणहरु टाटा कम्पनीको प्रयोग गर्ने भनिएकोमा फरक फरक कम्पनीका र फरक फरक उत्पादन वर्ष भएका उपकरणहरुको प्रयोग भएको पाइयो ।

# अनुसूची-१

## तस्विर संग्रह





कंचनपुर जिल्लामा प्रदेश सरकारबाट उपलब्ध गराइएको अनुदान क्षेत्र



डडेल्धुरा जिल्लामा च्याउ खेतीको अवलोकन